

विश्वव्यापी शैक्षिक अनुगमन प्रतिवेदनको सार सङ्क्षेप

२०१६

# मानिस र पृथ्वीका लागि शिक्षा :

## सबैका लागि दिगो भविष्य निर्माण

UNESCO
संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

दिगो विकास लक्ष्यहरू

विश्वव्यापी
शैक्षिक
अनुगमन
प्रतिवेदन

विश्वव्यापी शैक्षिक अनुगमन प्रतिवेदनको सार सङ्क्षेप

२०१६

# मानिस र पृथ्वीका लागि शिक्षा :

## सबैका लागि दिगो भविष्य निर्माण

यो प्रतिवेदन अन्तर्राष्ट्रिय समुदायका तर्फबाट युनेस्कोको सहयोगमा तयार पारिएको स्वतन्त्र प्रकाशन हो । प्रतिवेदन टोलीका सदस्यलगायत अन्य थुप्रै व्यक्ति, संस्था, निकाय र सरकारहरूको संयुक्त प्रयासको प्रतिफलका रूपमा यो बाहिर आएको हो ।

यस प्रकाशनमा उल्लेख भएका नाम, पदवी र सामग्रीहरूको प्रस्तुतिका क्रममा व्यक्त विचार तथा धारणाले कुनै मुलुकको कानुनी स्थिति, क्षेत्राधिकार, सहर वा स्थान, अधिनता तथा सीमाको आधिकारिकताका सम्बन्धमा युनेस्कोको अभिव्यक्ति वा धारणाको प्रतिनिधित्व गर्ने छैनन् ।

विश्वव्यापी शैक्षिक अनुगमन प्रतिवेदनको टोली यस प्रतिवेदनमा उल्लेख भएका तथ्य र सूचनाहरूको छनोट र प्रस्तुति तथा अभिव्यक्त विचारहरूका लागि जिम्मेवार छ । यी विचारहरू युनेस्कोका हुनु जरूरी छैन ।

प्रतिवेदनमा व्यक्त विचारका लागि समग्र रूपमा यसका निर्देशक जिम्मेवार रहने छन् ।

## विश्वव्यापी शैक्षिक अनुगमन प्रतिवेदनको टोली

**निर्देशक : आरोन बेनाभोट**

मानोस एन्टोनिनिस, म्याडेलिन बेरी, निकोल बेला, निहान कोसेलेसी ब्लान्ची, मार्कोस डेल्प्राटो, ग्लेन हार्टेलेन्डी, क्याथरिन जेरे, प्रियादर्शनी जोशी, काटरजिना कुबाका, लिला लुपिस, कास्सियानी लिथ्राङ्गोमीटीस, अलासडेयर म्याकविलियम, अनिशा मेच्टार, ब्रानवेन मिलार, क्लाउडिन मुकिज्वा, युकी मुराकामी, ताया लुई ओवेन्ज, जुडीथ रान्ड्रियानाटोआभिना, केट रेडम्यान, मारिया रोजनोभ, अन्ना एवा रुस्किवीज, विल स्मिथ, एमिली सुब्देन, रोजा भिडार्ट र आस्मा जुबाइरी

विश्वव्यापी शैक्षिक अनुगमन प्रतिवेदन स्वतन्त्र वार्षिक प्रकाशन हो । यसलाई विभिन्न सरकार, बहुपक्षीय निकाय र निजी संस्थाहरूले आर्थिक सहायता गर्छन् साथै युनेस्कोले सहजीकरण र सहयोग गर्छ ।

**विस्तृत जानकारीका लागि सम्पर्क ठेगाना :**
विश्वव्यापी शैक्षिक अनुगमन प्रतिवेदन टोली
अरय युनेस्को, ७, प्लेस डे फोन्टेनोइ,
७५३५२ पेरिस ०७ एसपी, फ्रान्स
ई–मेल : gemreport@unesco.org
टेलिफोन : +33 1 45 68 07 41
www.unesco.org/gemreport
https://gemreportunesco.wordpress.com

यसमा भएका त्रुटि तथा छुट भएका कुराहरू
www.unesco.org/gemreport अनलाइन संस्करणमा सुधार गरिने छ ।

© युनेस्को, सन् २०१६
सर्वाधिकार सुरक्षित
प्रथम संस्करण
संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन
७, प्लेस डे फोन्टेनोइ, ७५३५२
पेरिस ०७ एसपी, फ्रान्स

टाइपसेट : युनेस्को
ग्राफिक डिजाइन : एफएचआई ३६०
ले आउट : एफएचआई ३६०

नेपाली अनुवाद : चिरञ्जीवी बराल
ISBN : ९७८–९९३७–९०७८–७–३
ले आउट : स्टुडियो मेमोरिज
मुद्रण : क्वालिटी प्रिन्टर्स, काठमाडौं, नेपाल

*नयाँ विश्वव्यापी शैक्षिक अनुगमन प्रतिवेदन*

२०१६ मानिस र पृथ्वीका लागि शिक्षा : सबैका लागि दिगो भविष्य निर्माण

*सबैका लागि शिक्षाका विश्वव्यापी शैक्षिक अनुगमन प्रतिवेदनहरू*

- २०१५ सबैका लागि शिक्षा २०००-२०१५ : उपलब्धि र चुनौतीहरू
- २०१३/४ सबैका लागि गुणस्तर सुनिश्चित गर्न शिक्षण र सिकाइ
- २०१२ युवा र सिप : शिक्षा र कामको आबद्धता
- २०११ अदृश्य सङ्कट : सशस्त्र द्वन्द्व र शिक्षा
- २०१० सीमान्तकृतसम्मको पहुँच
- २००९ असमानतालाई चिर्दै : किन सुशासनको महत्त्व छ ?
- २००८ सन् २०१५ सम्ममा सबैका लागि शिक्षा : के यो लक्ष्य पुरा गर्न सकिएला ?
- २००७ सबल आधार : प्रारम्भिक बाल हेरचाह र शिक्षा
- २००६ जीवनका लागि साक्षरता
- २००५ सबैका लागि शिक्षा : गुणस्तरमा जोड
- २००३/४ लैङ्गिक सन्दर्भ र सबैका लागि शिक्षा : समानताका लागि फड्को
- २००२ सबैका लागि शिक्षा : के विश्व सही दिशामा छ ?

आवरण चित्र : Fadil Aziz/ ALCIBBUM PHOTOGRAPHY
इन्डोनेसियाको सुलावेसीको टोजियन द्विप समूहमा पलाउ पापन टापुका विद्यालय बाल बालिका । त्यहाँ बाजो समुदायका बाल बालिकाहरू पानीमाथि काठले टेको लगाएका घरमा बस्छन् र हरेक दिन छिमेकी टापु मेलान्जेलाई जोड्ने १.८ कि. मी. लामो पुल तरेर विद्यालय जान्छन् ।

कमिक चित्र : टोबी मोरिस

ed-2016/ws/33

# प्राक्कथन

सन् २०१५ को मे महिनामा विश्व शिक्षा मञ्चले दक्षिण कोरियाको इन्चेयोनमा १६० देशका प्रतिनिधिहरूको भेला गराएको थियो । सो भेलाको एकमात्र लक्ष्य सन् २०३० सम्ममा सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा र जीवन पर्यन्त सिकाइ कसरी सुनिश्चित गर्ने भन्ने थियो ।

'सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवन पर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने' भन्ने शिक्षासम्बन्धी दिगो विकासको लक्ष्य निर्धारण गरेकाले सन् २०३० सम्मको शिक्षाका लागि इन्चेयोन घोषणापत्र महत्त्वपूर्ण रहेको छ । यसले सन् २०३० सम्मका लागि शिक्षाको नेतृत्व, समन्वय तथा अनुगमन गर्ने जिम्मा युनेस्कोलाई दिएको छ । साथै, यसले आउँदो १५ वर्षका लागि शिक्षासम्बन्धी दिगो विकासको लक्ष्य नं. ४ (एसडिजी ४) र दिगो विकासका अन्य लक्ष्यहरूमा रहेको शिक्षाको स्वतन्त्र अनुगमन गरी प्रतिवेदन उपलब्ध गराउने जिम्मा विश्व शैक्षिक अनुगमन प्रतिवेदन (जेम प्रतिवेदन) लाई दिएको छ ।

यो एजेन्डाको लक्ष्य भनेको शिक्षामा कोही पनि नछुट्न भन्ने हो । यसका लागि विस्तृत तथ्याङ्क र सही अनुगमनको खाँचो पर्छ । जेम प्रतिवेदन सन् २०१६ ले सरकार र नीति निर्माताहरूलाई एसडिजी ४ तर्फको प्रगति र त्यसको अनुगमनबारे जानकारी उपलब्ध गराउँछ । यसले समता र समावेशितालाई समग्र प्रगतिको आधार मान्दै तिनको अनुगमनका लागि तोकिएका सूचक र लक्ष्यहरू (indicators and targets) प्रयोग गर्न सुझाएको छ ।

यो प्रतिवेदनले तिन ओटा सन्देशलाई स्पष्ट रूपमा अगाडि सारेको छ । पहिलो, नयाँ विधिहरूको तत्काल आवश्यकता छ । अहिलेको प्रवृत्तिलाई हेर्ने हो भने सन् २०३० सम्ममा निम्न आय भएका देशमा ७० प्रतिशत बाल बालिकाले मात्रै प्राथमिक तह पूरा गर्ने देखिन्छ, जुन लक्ष्य सन् २०१५ भित्रै हासिल भइ सक्नु पर्थ्यो । यो प्रवृत्ति तोड्न राजनीतिक इच्छा शक्ति, त्यस्तै खालका नीति, नवीन प्रवर्तन र स्रोत साधनको आवश्यकता पर्छ ।

दोस्रो, एसडिजी ४ लाई गम्भीर रूपमा लिने हो भने दीर्घकालीन प्रतिबद्धतासहित तत्काल कदम चाल्नु पर्छ । यदि यो दिशामा हामी चुक्यौं भने यसले शिक्षालाई मात्रै असर गर्दैन । यसले त गरिबी न्यूनीकरण, भोकमरी अन्त्य, सुदृढ स्वास्थ्य, लैङ्गिक समानता र महिला सशक्तीकरण, दिगो उत्पादन तथा उपभोग, उत्थानशील समाज, र अझ समान र समावेशी समाज जस्ता विकासका हरेक लक्ष्यतर्फको प्रगतिमा पनि नकारात्मक असर पार्नेछ ।

तेस्रो, शिक्षा र मानव हित तथा विश्वव्यापी विकासमा शिक्षाले खेल्ने भुमिकाबारे हाम्रो सोंचलाई आधारभूत रूपमा नै परिवर्तन गर्नु पर्ने देखिन्छ । उपयुक्त सिप, दृष्टिकोण र व्यवहारले नै दिगो र समावेशी विकास सम्भव छ । त्यसैले अहिले दिगो र समावेशी विकासका लागि यस्ता सिप, दृष्टिकोण र व्यवहारको विकास गर्ने जिम्मेवारी शिक्षाको काँधमा अरू बेलाभन्दा बढी थपिएको छ ।

सन् २०३० सम्मका लागि दिगो विकासको मुद्दाले हामीले भोगि रहेका कैयौं सामाजिक, आर्थिक तथा वातावरणीय चुनौतीहरूलाई सम्बोधन गर्न सम्पूर्णतासहितको एकीकृत विधि विकास गर्न सबैलाई आव्हान गरेको छ । यसको तात्पर्य परम्परागत शैलीबाट बाहिर निस्केर प्रभावकारी र बहु क्षेत्रगत साझेदारी निर्माण गर्नु पर्छ भन्ने हो ।

सबैका लागि दिगो भविष्य मानवीय प्रतिष्ठा, सामाजिक समावेशिता तथा वातावरण संरक्षणसँग जोडिएको विषय हो । यो यस्तो भविष्य हो जहाँ आर्थिक वृद्धिले असमानतालाई थप चुल्याउँदैन बरू सबैको सम्वृद्धि गर्छ । यस्तो भविष्यमा सबैलाई सशक्तीकरण गर्ने उद्देश्यले हरेक सहरी क्षेत्र तथा श्रम बजारको डिजाइन गरिएको हुन्छ भने सामुहिक तथा संस्थागत दुवै आर्थिक गतिविधिहरू हरियाली कायम गर्नेतर्फ केन्द्रित हुन्छन् । दिगो विकास पृथ्वी स्वस्थ नभएमा मानवको विकास हुँदैन भन्ने विश्वास हो । दिगो विकासको मुद्दामा काम थाल्नु पहिला जीवनभरको सिकाइको उद्देश्यबारे एक पटक मनन गर्नु पर्छ । किनभने, सही तरिकाले सञ्चालन गर्ने हो भने अन्य क्षेत्रले भन्दा शिक्षाले सुरक्षित, हरियालीयुक्त तथा सफा पृथ्वी बनाउन सक्ने सशक्त, विवेकशील, सक्रिय र सिपयुक्त नागरिक निर्माण गर्न सक्छ । यो प्रतिवेदनले यस खालका छलफललाई विस्तार गर्न र यसतर्फ सबैका लागि सार्थक हुने गरी नीति निर्माण गर्ने कार्यमा सघाउन प्रमाणहरू प्रस्तुत गर्छ ।

इरिना बोकोभा
महा निर्देशक, युनेस्को



# सन्देश

विश्वव्यापी शैक्षिक अनुगमन प्रतिवेदन (जेम प्रतिवेदन) सन् २०१६ प्रभावकारी र आश्चर्यजनक दुवै छ । विस्तृत, पूर्ण र दृष्टान्तपरक यो प्रतिवेदन विशाल छ । यो प्रतिवेदन चिन्तित पार्ने खालको पनि छ । शिक्षा दिगो विकास तथा दिगो विकास लक्ष्य (एसडिजी) का केन्द्रमा हुन्छ भन्ने तथ्यलाई यसले स्थापित गर्छ भने यसले एसडिजीबाट हामी कति टाढा छौं भन्ने पनि प्रष्ट पार्छ । यो प्रतिवेदनले विश्वलाई सचेत गराउनु पर्छ र एसडिजी ४ हासिल गर्ने कार्यलाई ऐतिहासिक रूपमा विस्तार गर्न लगाउन सक्नु पर्छ ।

जेम प्रतिवेदनले शिक्षा कसरी दिगो विकासका हरेक आयामका लागि सबैभन्दा महत्त्वपूर्ण आधार हो भन्नेबारे एउटा आधिकारिक विवरण दिन्छ । राम्रो शिक्षा व्यापक समृद्धि, उन्नत कृषि, सुदृढ स्वास्थ्य, न्यून हिंसा, थप लैङ्गिक समानता, उच्च सामाजिक पुँजी र सुदृढ प्राकृतिक वातावरणको कारक हो । विश्वभरका मानिसलाई हाम्रो साझा भविष्यका लागि दिगो विकासको अवधारणा किन यति महत्त्वपूर्ण छ भन्ने बुझाउन शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्छ । एसडिजीलाई स्वीकारी यसका लक्ष्य हासिल गर्न शिक्षाले हामीलाई आर्थिक, सामाजिक, प्राविधिक तथा नैतिक आधार प्रदान गर्छ । यी तथ्यलाई यो प्रतिवेदनमा देखाइएको छ । तालिका, ग्राफ र विवरणले विस्तृत जानकारी उपलब्ध गराएका छन् ।

तर यो प्रतिवेदनले शिक्षाका सन्दर्भमा विश्वले सन् २०३० मा कहाँसम्म पुग्ने भनी गरेको प्रतिबद्धता र आज विश्व कहाँ छ भन्ने यथार्थताबिचको अन्तरलाई पनि जोड दिएको छ । गरिब र धनीबिच र विभिन्न मुलुकबिच शैक्षिक उपलब्धिमा रहेका अन्तरहरू डरलाग्दा छन् । विद्यमान अवस्थामा धेरैजसो गरिब मुलुकका गरिब बाल बालिकाले अनगिन्ती अवरोधहरू सामना गरि रहेका छन् । यी बाल बालिकाहरूले घरमा पाठ्य पुस्तकको अभाव भोलि रहेका छन् । उनीहरूका लागि पूर्व प्राथमिक विद्यालय उपलब्ध छैनन् । विद्यालयमा प्रवेश गर्नासाथ उनीहरूले गुणस्तरीय शिक्षा पाउने कुरा त परै जाओस् विद्युत, पानी, स्वास्थ्य सुविधा, योग्य शिक्षक, पाठ्य पुस्तक तथा आधारभूत शिक्षाका अन्य पक्षहरूको पनि अभाव हुन्छ । यसले डरलाग्दो सङ्केत दिन्छ । एसडिजी ४ ले सन् २०३० सम्ममा विश्वव्यापी रूपमा सबैले उच्च माध्यमिक शिक्षा पूरा गर्नु पर्ने बताउँछ तर न्यून आय भएका मुलुकमा हालको दर जम्मा १४ प्रतिशत मात्रै छ (पूर्ण प्रतिवेदनको तालिका १०.३) ।

जेम प्रतिवेदनले हालको गतिअनुसार अर्थात् तीव्र सुधार गरि रहेका विभिन्न क्षेत्रका देशको गतिअनुसार सन् २०३० सम्मको लक्ष्यलाई के कति देशले हासिल गर्न सक्छन् भनी निर्धारण गर्ने प्रयासको थालनी गरेको छ । यसको उत्तर गम्भीर छ : एसडिजी ४ हासिल गर्न अभुतपूर्व प्रगति हुनु जरूरी छ र यो तत्कालै सुरू गर्नु पर्छ ।

निराशावादीहरूले 'एसडिजी ४ हासिल गर्न ठ्याम्मै सकिँदैन' र यो 'वास्तविकता' लाई स्वीकार्नुपर्छ भन्न सक्छन् । तर यो प्रतिवेदनले विभिन्न ढङ्गबाट यसलाई लापरवाहीपूर्ण र अनैतिक विचार भनेर प्रस्तुत गरेको छ । यदि अहिलेको पुस्तालाई यसबारे पर्याप्त शिक्षा दिइएन भने हामीले उनीहरूलगायत विश्वलाई नै दशकौंसम्म गरिबी, वातावरणीय समस्या र सामाजिक हिंसा तथा अस्थिरतातर्फ धकेल्ने छौं । अभुतपूर्व तरिकाले शैक्षिक उपलब्धि हासिल गर्न हामीले हाम्रा गतिविधिहरू मिलेर गर्नु पर्छ भन्ने सन्देश यो प्रतिवेदनले दिन्छ ।

प्रगतिलाई तीव्रता दिने मुख्य तत्त्व वित्तीय व्यवस्थापन हो । यसतर्फ पनि यो प्रतिवेदनले गहन विश्लेषण गरेको छ । शिक्षाका लागि दिइने हालको विकास सहायता सन् २००९ को भन्दा कम छ (पूर्ण प्रतिवेदनको चित्र २०.७) । यो धनी मुलुकहरूको अदूरदर्शिता हो । के यी दाता राष्ट्रहरूले साँच्चै विश्वका न्यून आय भएका मुलुकहरूको शिक्षाका लागि दिने सहायता कम गरेर 'पैसा जोगाएको' ठानेका हुन् ? यो प्रतिवेदन अध्ययन गरेपछि उच्च आय भएका देशका नेता तथा नागरिकहरू विश्वको हितका लागि शिक्षामा गरिने लगानी आधारभूत कुरा हो र प्राथमिक शिक्षाका लागि हालको सहायता दर प्रति वर्ष ५ बिलियन अमेरिकी डलर (जुन धनी मुलुकमा हरेक व्यक्तिका लागि प्रति वर्ष ५ अमेरिकी डलर मात्रै हुन आउँछ) भावी विश्वव्यापी दिगो विकास र शान्तिका लागि अत्यन्तै कम हो भन्नेमा पूर्ण सचेत हुने छन् ।

जेम प्रतिवेदन सन् २०१६ ले कसरी अगाडि बढ्नेबारे पर्याप्त विचार, सुझाव र मापदण्डहरू पस्कन्छ । एसडिजी ४ तर्फको प्रगतिको अनुमगन र मापन कसरी गर्ने भन्नेबारे अमूल्य सुझाव दिन्छ । यसले अहिले हामी निर्भर भएका भर्ना र तह पूरा गर्नेसम्बन्धी सामान्य विधिहरू भन्दा शैक्षिक लगानी, गुणस्तर र उपलब्धिसम्बन्धी परिष्कृत विधिहरूको सम्भाव्यता उदाहरणसहित प्रस्तुत गर्छ । विस्तृत


तथ्याङ्क, उपयुक्त सर्वेक्षण, सुविधा अनुगमन र सूचना प्रविधि उपयोग गरेर हामीले हरेक तहको शैक्षिक प्रगति र उपलब्धिको लगभग सही मापन गर्न सक्छौं ।

१५ वर्षअघि मात्रै विश्वले एड्सको महामारीलगायत अन्य स्वास्थ्य सङ्कट स्वीकार्दै सहस्राब्दी विकास लक्ष्यका सन्दर्भमा सार्वजनिक स्वास्थ्यसम्बन्धी कार्यक्रमहरूमा विस्तार गर्न ठोस कदम चालेको थियो । यही क्रममा ग्लोबल फन्ड टु फाइट एड्स, ट्युवरक्लोसिस एन्ड मलेरिया, द ग्लोबल अलायन्स फर भ्याक्सिन एन्ड इम्युनाइजेसन (जसलाई अहिले जिएभिआई, द भ्याक्सिन अलायन्स भनिन्छ) र अन्य कार्यक्रमहरू सुरू भएका थिए । यी प्रयासले गर्दा नै सार्वजनिक स्वास्थ्यसम्बन्धी कार्यक्रम तथा आर्थिक सहायतामा नाटकीय सुधार आएको थियो । मुख्यतः सन् २००८ को आर्थिक सङ्कटले गर्दा सार्वजनिक स्वास्थ्यका क्षेत्रमा दिइँदै आएको उच्च आर्थिक सहयोग रोकिएका कारण सो क्षेत्रका सम्भावित सबै उपलब्धिहरू हासिल हुन नसके तापनि त्यसतर्फ ठूलो सफलता प्राप्त भएको थियो जसको प्रभाव अहिले पनि महसुस गर्न सकिन्छ ।

जेम प्रतिवेदन सन् २०१६ लाई पनि एसडिजीको प्रमुख अङ्ग शिक्षाको एउटा कार्यक्रमका रूपमा अध्ययन गरिनु पर्छ । ग्लोबल फन्ड फर एड्स, ट्युवरक्लोसिस एन्ड मलेरियाबाट शिक्षा लिँदै त्यस्तै खालको ग्लोबल फन्ड फर एजुकेसनको आवश्यक छ भन्ने मेरो विचार हो र मैले यसलाई केही वर्षदेखि प्रायः दोहोऱ्याउँदै आएको छु । शैक्षिक चुनौतीको केन्द्रमा वित्तीय अभाव रहेको कुरा विभिन्न देश र घर परिवारका तथ्याङ्कमार्फत् यो प्रतिवेदनले स्पष्ट पारेको छ ।

यो प्रतिवेदनले हामीलाई एसडिजी ४ मा उल्लिखत विश्वव्यापी लक्ष्य (अर्थात् सबैका लागि विश्वव्यापी गुणस्तरीय शिक्षा र जीवन पर्यन्त सिकाइका अवसरहरू) हासिल गर्ने दिशामा काम गर्न आव्हान गर्छ । त्यसैले, यो प्रतिवेदनलाई ध्यानपूर्वक अध्ययन गर्न र यसमा भएको सन्देशलाई गम्भीरतापूर्वक लिन म सबैलाई अपिल गर्छु । सबैभन्दा महत्त्वपूर्ण कुरा यसका लागि स्थानीय समुदायदेखि विश्व समुदायका हरेक तहमा काम गरौं ।

जेफ्री डि. स्याक्स
संयुक्त राष्ट्र सङ्घका महा सचिवका लागि दिगो विकासका लक्ष्यसम्बन्धी विशेष सल्लाहकार



# विश्वव्यापी शैक्षिक अनुगमन प्रतिवेदन सन् २०१६ को सार सङ्क्षेप

## परिचय

सन् २०१५ को सेप्टेम्बरमा बसेको संयुक्त राष्ट्र सङ्घको ७० औं महा सभामा सदस्य राष्ट्रहरूले विकासको नयाँ विश्वव्यापी मुद्दा *विश्वलाई रूपान्तरण गर्न : दिगो विकासका लागि सन् २०३० सम्मको मुद्दा* मा सहमति जनाए । यसमा दिगो विकासका १७ ओटा लक्ष्य राखियो जसमा लक्ष्य नं. ४ शिक्षासँग सम्बन्धित छ । यी लक्ष्यले सन् २०३० को लागि विकासका प्राथमिकताहरू निर्धारण गरेका छन् । दिगो विकासको लक्ष्य (एसडिजी) सन् २०१५ सम्म म्याद भएका सहस्राब्दी विकास लक्ष्य र सबैका लागि शिक्षाको लक्ष्यपछि आएको हो ।

> *विद्यालय सहभागिता दरमा नाटकीय सुधार नभएसम्म, सिकाइलाई जीवन पर्यन्तको यात्रा नबनाएसम्म र दिगो विकासलाई शैक्षिक प्रणालीमा पूर्ण रूपमा नअँगालेसम्म शिक्षाले विश्वलाई अगाडि बढाउन सक्ने आफ्नो सामर्थ्यको पूर्ण प्रयोग गर्न सक्दैन*

सबैका लागि शिक्षासम्बन्धी यसअघिका विश्वव्यापी अनुगमन प्रतिवेदनहरूमा आधारित भएर तयार पारिएको विश्वव्यापी शैक्षिक अनुगमन प्रतिवेदन (जेम प्रतिवेदन) ले सन् २०३० सम्मको मुद्दाअन्तर्गत शैक्षिक प्रगतिको मूल्याङ्कन गर्ने अधिकार प्राप्त गरेको छ । आगामी १५ वर्षसम्म वार्षिक रूपमा प्रकाशन गरिने प्रतिवेदनहरूमध्ये पहिलो प्रतिवेदनका रूपमा रहेको जेम प्रतिवेदन सन् २०१६ ले एसडिजी ४ को अनुगमनको महत्त्वसहित शिक्षा र दिगो विकासका अन्य पक्षहरूबिचको सम्बन्धको खोजी गर्छ । यसले विद्यालय सहभागिता दरमा नाटकीय सुधार नभएसम्म, सिकाइलाई जीवन पर्यन्तको यात्रा नबनाएसम्म र दिगो विकासलाई शैक्षिक प्रणालीमा पूर्ण रूपमा नअँगालेसम्म शिक्षाले विश्वलाई अगाडि बढाउन सक्ने आफ्नो सामर्थ्यको पूर्ण प्रयोग गर्न सक्दैन भन्ने देखाउँछ ।

विभिन्न विषयगत उप शीर्षकमा विभाजन गरिएको यो प्रतिवेदनले दिगो विकासको समग्र मुद्दामा शिक्षा कसरी उत्प्रेरक बन्न सक्छ भन्ने तथ्यलाई दर्शाउने प्रमाण, अभ्यास तथा नीतिहरूमा बढी जोड दिन्छ । यसले गरिबी निवारण, भोकमरी अन्त्य, सुदृढ स्वास्थ्य, लैङ्गिक समानता तथा सशक्तीकरण, दिगो कृषि, उत्थानशील सहर र समानतामूलक, समावेशी र न्यायपूर्ण समाज जस्ता लक्ष्यहरू हासिल गर्न कस्तो शिक्षा आवश्यक पर्ने हो त्यसका पक्षमा तर्क गर्छ ।

त्यस्तै, अनुगमनसम्बन्धी भागले नीति परिवर्तनका लागि ठोस सिफारिस गर्दै एसडिजी ४ तर्फको प्रगति कसरी मूल्याङ्कन गर्ने भन्नेबारेका कैयौं चुनौतीहरूको समाधान गर्छ ।


दिगो विकासको लक्ष्य ४ मा भएका शिक्षाका ७ ओटै सूचकहरू र कार्यान्वयनका ३ ओटा माध्यमहरूको पालै पालो अध्ययन गरिन्छ । यसबाहेक, शैक्षिक वित्त र शैक्षिक प्रणालीको पनि विश्लेषण गरिन्छ । दिगो विकासका अन्य लक्ष्यअन्तर्गत शिक्षाको कतिसम्म अनुगमन गर्न सकिन्छ त्यसको पनि विश्लेषण गरिन्छ । आउँदो १५ वर्षमा विश्वव्यापी शैक्षिक अनुगमनलाई थप प्रभावकारी र छिटो छरितो बनाउने आधारहरू र तिनले ल्याउने सिनर्जीको राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा पहिचान गरिन्छ ।

### तालिका १ :

**शिक्षा दिगो विकासका अन्य लक्ष्यहरूसँग कसरी सम्बन्धित छ**

| | | | |
|---|---|---|---|
| **लक्ष्य १** | शिक्षाले मानिसलाई गरिबीबाट बाहिर निकाल्छ | **लक्ष्य १०** | शिक्षामा समान पहुँच भएमा यसले सामाजिक र आर्थिक समानता ल्याउन उल्लेख्य भूमिका खेल्छ |
| **लक्ष्य २** | शिक्षाले मानिसलाई थप दिगो कृषि प्रणाली अपनाउन र पोषणबारे बुझ्न महत्त्वपूर्ण भूमिका खेल्छ | **लक्ष्य ११** | शिक्षाले मानिसलाई अझ दिगो सहर निर्माण गरी यसलाई कायम राख्ने र विपद्का बेला उत्थानशीलता हासिल गर्ने सिपहरू प्रदान गर्छ |
| **लक्ष्य ३** | शिक्षाले बाल मृत्यु दर, प्रजनन स्वास्थ्य, रोगको सङ्क्रमण, स्वस्थ जीवन शैली र स्वास्थ्यमा सुधारलगायत स्वास्थ्यसम्बन्धी विभिन्न विषयहरूमा अत्यधिक फरक ल्याउँछ | **लक्ष्य १२** | शिक्षाले उत्पादन संरचना (जस्तै सर्कुलर अर्थतन्त्रका सम्बन्धमा) र बढी दिगो रूपले उत्पादित वस्तु र फोहरको रोकथामबारे आम मानिसको बुझाइमा फरक पार्छ |
| **लक्ष्य ५** | बालिका र महिलालाई दिइने शिक्षा खास गरी आधारभूत साक्षरता प्राप्त गर्न, सहभागितामूलक सिप र क्षमता वृद्धि गर्न र जीवनका अवसरहरू वृद्धि गर्न महत्त्वपूर्ण हुन्छ | **लक्ष्य १३** | शिक्षा जलवायु परिवर्तनका असरबारे आम मानिसको बुझाइ र खास गरी स्थानीय तहमा अनुकुलन र अल्पीकरण गर्न सिकाउने मुख्य वस्तु हो |
| **लक्ष्य ६** | शिक्षा र तालिमले प्राकृतिक स्रोतको थप दिगो प्रयोग गर्ने सिप तथा क्षमता अभिवृद्धि गर्छन् र स्वास्थ्य प्रवर्धन गर्छन् | **लक्ष्य १४** | शिक्षाले सामुन्द्रिक (marine) वातावरणबारे सचेतना विकास गरी विवेकपूर्ण र दिगो प्रयोगका लागि सक्रिय सहमति निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेल्छ |
| **लक्ष्य ७** | शैक्षिक कार्यक्रमहरू खास गरी अनौपचारिक र अरीतिक कार्यक्रमहरूले उर्जा संरक्षणलाई अझ बढावा दिन्छन् र नवीकरणीय उर्जा स्रोतको उपयोगलाई प्रवर्धन गर्छन् | **लक्ष्य १५** | शिक्षा र तालिमले दिगो जीविकोपार्जन गर्ने र खास गरी जोखिमको स्थितिमा रहेको वातावरणमा प्राकृतिक स्रोत र जैविक विविधताको संरक्षण गर्ने सिप र क्षमताको अभिवृद्धि गर्छ |
| **लक्ष्य ८** | आर्थिक शक्ति, उद्यमशीलता, श्रम बजार सिप र शिक्षाको तहजस्ता विभिन्न क्षेत्रहरूबिचमा प्रत्यक्ष सम्बन्ध छ | **लक्ष्य १६** | सामाजिक सिकाइले सहभागितामूलक, समावेशी र न्यायपूर्ण समाज साथै सामाजिक सङ्गतिको सहजीकरण र सुनिश्चितता गर्छ |
| **लक्ष्य ९** | बढी उत्थानशील पूर्वाधार निर्माण गर्न आवश्यक सिप र अझ दिगो औद्योगीकरणको विकासका लागि शिक्षा अति आवश्यक हुन्छ | **लक्ष्य १७** | जीवन पर्यन्त सिकाइले दिगो विकासका नीति र अभ्यासहरू बुझ्ने र प्रवर्धन गर्ने क्षमता विकास गर्छ |


*स्रोत*: आइसिएसयू र आइएसएससी (सन् २०१५)



नाइजरको डान सा विद्यालयका
विद्यार्थीहरू ब्ल्याक बोर्डमा
कापी अड्याएर लेख्दै

फोटो : टागाजा जिबो/युनेस्को

# पृथ्वी


जब पृथ्वीको कुरा आउँछ हामीले फराकिलो ढङ्गले सोच्नुपर्ने हुन्छ । शिक्षाले मानिसलाई व्यक्तिगत रूपमा होइन सामुहिक रूपमा सोच्न सिकाउनु पर्छ । हामी सबै एक जुट भएर लाग्नु पर्छ ।
यही भएर शिक्षा अदिगो जीवन शैली प्रवर्धन नहोस भनी निकै सचेत हुनुपर्छ । यदि हामीले केबल आफ्नो जीवन वृत्ति र आयमात्र बढाउन सिकि रहेका छौँ भने यसले वातावरणमा हानिकारक प्रभाव पार्न सक्छ ।
म
म
म
हामीले नयाँ हरित सिप सिक्नु पर्छ र उत्तरदायी व्यवहार देखाउन सक्नु पर्छ तब मात्र हामी जलवायु परिवर्तन रोक्न सक्छौँ ।
कार्बनडाइ अक्साइड (Co2)
ओजोन
कति डिग्री सेल्सियस ?
हाम्रो वरपर हेरौँ । हामीहरू यी विषयबारे सोच्ने पहिलो मानिस होइनौँ । हामीले प्रकृतिसँग मिलेर बस्ने आफ्नै तरिका भएका आदिवासी समुदायबाट सिक्न सक्छौँ ।
अल्पसङ्ख्यकले बोल्ने भाषाको महत्त्व छ ।
अरूको संस्कृतिलाई सम्मान गरौँ ।
वातावरण जोगाउन हाम्रा विद्यालयहरूले विभिन्न कामहरू गर्न सक्छन् । हामीले मात्रै होइन हाम्रा शिक्षकहरूले पनि जलवायु परिवर्तनबारे जान्नु पर्छ ।
तर सिकाइ विद्यालयमा टुङ्गिदैन । समुदाय र कम्पनीले पृथ्वीलाई जोगाउने नयाँ उपायहरू खोज्नु पर्छ ।
तपाईंको के विचार छ ?
पक्कै पनि हामीले यो अझ राम्रोसँग गर्न सक्छौँ ।

# शिक्षा र दिगो विकास : यी दुईबिचको सम्बन्ध र यसको महत्त्व

## *पृथ्वी : वातावरणीय दिगोपन*

मानिसका विभिन्न व्यक्तिगत तथा सामुहिक क्रियाकलापका कारण पृथ्वी र यसमा आश्रित सबैमा अत्याधिक चाप परेको छ । वातावरणीय ह्रास, जैविक विविधताको तीव्र क्षति र जलवायु परिवर्तनमा मानिसको नै हात हुनाले मानवीय क्रियाकलापबाट नै यी चुनौतीको समाधान गर्नु पर्छ ।

सरकार, नागरिक समाज र निजी क्षेत्रसँग सहकार्य गर्दै वातावरणीय रूपले दिगो समाज निर्माणका लागि आवश्यक रूपान्तरण प्रक्रियामा शिक्षाले अग्रणी भुमिका खेल्न सक्छ । शिक्षाले मूल्य र दृष्टिकोण निर्माण गर्छ । अदिगो अभ्यास कम गर्न वा रोक्न चाहिने सिप, अवधारणा र विधिहरूको विकासमा पनि यसले सहयोग गर्छ ।

दिगोपनमा शिक्षाले खेल्ने बहु आयामिक भुमिका सधैं सकारात्मक नहुन पनि सक्छ । कहिले काहीं शिक्षाले स्रोत साधनको अत्याधिक उपभोगलगायतका अदिगो अभ्यासहरू बढाउन मद्दत गर्छ र सापेक्षिक रूपले दिगो मौलिक ज्ञान र जीवन शैली नष्ट हुने प्रक्रियामा थप मलजल गर्छ । त्यसैले, सकारात्मक प्रभाव सुनिश्चित हुने गरी शिक्षाको प्रारूप तयार गर्नु र शिक्षामा रूपान्तरण गर्नु आवश्यक छ ।

### मानवीय व्यवहारका कारण वातावरणीय सङ्कट आएको हो

मानवीय व्यवहारले वातावरणमा कसरी ह्रास ल्याउँछ भन्नेबारे जनसङ्ख्या, आधुनिक जीवन शैली र व्यक्तिगत व्यवहार गरी तिन ओटा कुरा अगाडि आएका छन् । जनसङ्ख्याका हिसाबले हेर्दा पृथ्वीमा मानिसको चाप अत्यधिक बढी छ : सन् १९५० देखि २०१५ सम्ममा विश्वको जनसङ्ख्यामा तेब्बर वृद्धि भएको छ र सन् २०३० सम्ममा हालको जनसङ्ख्या एक अरबले वृद्धि भई ८.५ अरब पुग्ने अनुमान गरिएको छ । आधुनिक जीवन शैलीका हिसाबले हेर्दा सहरी क्षेत्र र धनी देशका मानिसको प्रति व्यक्ति स्रोत उपभोगको दर बढी छ । जीवन स्तर लगातार सुधार भइ रहेका देशहरूमा गएको दुई दशकमा पर्यावरणीय उपभोग (इकोलोजिकल फुटप्रिन्ट) दोब्बर भएको छ । सन् २०१२ मा उच्च आय भएका अधिकांश मुलुकहरूमा अदिगो पर्यावरणीय उपभोग पाइएको थियो । व्यक्तिगत व्यवहारका हिसाबले हेर्दा मानिस वातावरणीय समस्याको कारक र यसको समाधान (जस्तै पुनःप्रसोधन, साइकलको प्रयोग र इन्धन खपत कम हुने कारको प्रयोग गर्ने नीति निर्माण गर्ने जस्ता उपाय) खोज्ने दुवै हो ।

### यी चुनौतीको सामना गर्न सिकाइ आवश्यक छ

वातावरणीय चुनौतीलाई सम्बोधन गर्ने कार्यमा शिक्षाले प्रमुख भुमिका खेलेको हुन्छ । विशेष गरी छात्रा तथा महिलालाई दिइने शिक्षाले प्रजनन् र गर्भाधारणको समयबारे निर्णय गर्न महिलालाई स्वतन्त्र बनाउने हुनाले यो जनसङ्ख्या वृद्धि नियन्त्रण गर्ने सबैभन्दा प्रभावकारी माध्यम मानिन्छ । शिक्षाले आय आर्जनमा वृद्धि गरी जीवन स्तर सुधार्न सक्छ । अर्थतन्त्र र खाद्य प्रणालीमा परिवर्तन ल्याउन दक्ष मानिसको खाँचो पर्छ । त्यस्तै, समसामयिक, परम्परागत र जीवन पर्यन्त सिकाइ विधिहरूमार्फत् शिक्षाले मानिसले वातावरणप्रति गर्ने व्यक्तिगत र सामुहिक व्यवहारलाई प्रभाव पार्न सक्छ ।

> *अठहत्तर देशका राष्ट्रिय पाठ्यक्रमलाई हेर्दा ५५ प्रतिशत देशले 'पर्यावरण' र ४७ प्रतिशतले 'वातावरण शिक्षा' शब्दहरू प्रयोग गरेको पाइएको छ*

### समसामयिक विधि : विद्यालयमा हुने सिकाइ

विद्यालयले विद्यार्थीलाई निश्चित वातावरणीय समस्या, त्यसका असर र ती समस्यालाई सम्बोधन गर्न आवश्यक पर्ने क्रियाकलापहरू बुझ्न सहयोग गर्छ । अहिले वातावरणसम्बन्धी ज्ञानलाई विद्यालयको औपचारिक पाठ्यक्रममा समावेश गर्ने क्रम बढि रहेको छ । अठहत्तर देशका राष्ट्रिय पाठ्यक्रमलाई हेर्दा ५५ प्रतिशत देशले 'पर्यावरण' र ४७ प्रतिशतले 'वातावरण शिक्षा' शब्दहरू प्रयोग गरेको पाइएको छ ।

**चित्र १ :**

**मानव विकास जति उच्च भयो पर्यावरणीय उपभोग (इकोलोजिकल फुटप्रिन्ट) त्यति उन्च हुन्छ**

*देश अनुसार मानव विकास सूचकका आधारमा जम्मा पर्यावरणीय उपभोग (सन् २०१२)*

अहिलेको जनसङ्ख्या र उपलब्ध उत्पादनमूलक जमिन र समुन्द्री क्षेत्र (जैविक क्षमता) लाई हेर्दा प्रति व्यक्ति १.७ हेक्टरभन्दा तलको पर्यावरणीय उपभोगलाई दिगो मानिन्छ; देशमा उपभोग भएको यति स्रोतको पृथ्वीले क्षतिपूर्ति गर्न सक्छ ।

मानव विकास सूचकाङ्क (एचडिआई, राष्ट्र सङ्घीय विकास कार्यक्रमद्वारा) ले स्वास्थ्य, ज्ञान र जीवनस्तरमा देशले हासिल गरेको औसत उपलब्धिको मापन गर्छ । एचडिआई ०.८ वा त्योभन्दा माथि भएमा मानव विकास अति उच्च रहेको देखाउँछ ।

सिङ्गापुरको एचडिआई (०.९१) उच्च हुनुका पछाडि प्रति व्यक्ति पर्यावरणीय उपभोग उच्च (७.९७) भएर हो । यसको अर्थ सिङ्गापुरका मानिसको जीवन राम्रो भए तापनि त्यहाँ स्रोतको माग पनि उच्च छ ।




- ककेसस र मध्य एसिया
- पूर्वी तथा दक्षिण-पूर्वी एसिया
- युरोप .र उत्तर अमेरिका
- ल्याटिन अमेरिका र क्यारिबियन
- पूर्वी अफ्रिका र पश्चिम एसिया
- प्यासिफिक
- दक्षिण एसिया
- सब-सहारा अफ्रिका

स्रोत : ग्लोबल फुटप्रिन्ट नेटवर्कको तथ्याङ्कका आधारमा जेम प्रतिवेदन टोलीको विश्लेषण

उदाहणका लागि, भारतमा सर्वोच्च अदालतको आदेशलगत्तै सन् २००३ मा सरकारी निकायले वातावरणीय शिक्षासम्बन्धी विषय वस्तुहरूको विस्तृत सूची तयार गर्न थाले । जसका कारण १३ लाख विद्यालयमा अध्ययन गर्ने ३० करोड विद्यार्थीले वातावरणीय शिक्षासम्बन्धी तालिम प्राप्त गरेका छन् ।

वातावरणीय शिक्षाले दिगो जीवन शैली, फोहोर न्यूनीकरण, सुदृढ इन्धनको प्रयोग, सार्वजनिक यातायातको बढ्दो प्रयोग, वातावरण मैत्री नीतिको समर्थन र वातावरण संरक्षणका लागि सक्रियतालाई प्रोत्साहन गर्छ । सन् २००६ को अन्तर्राष्ट्रिय विद्यार्थी मूल्याङ्कन कार्यक्रममा दिगो विकासलाई पाठ्यक्रमको अङ्ग बनाएका इस्टोनिया र स्विडेनका विद्यार्थीले वातावरण विज्ञान विषयमा पाठ्यक्रममा वातावरणसम्बन्धी विषय नराखिएका देशका उनीहरू सरहका विद्यार्थीले भन्दा सही उत्तर दिएका थिए । केही विद्यालयले वातावरणीय शिक्षाका लागि 'सम्पूर्ण विद्यालय' विधि पनि अपनाएका छन् । इङ्ल्यान्ड (संयुक्त अधिराज्य) का यस्ता विद्यालयमा गरिएको एक अध्ययनले विद्यालयको मान्यता र विद्यार्थीको स्वास्थ्य र सिकाइमा सुधार भएको र विद्यालयले गर्ने पर्यावरणीय उपभोगमा कमी आएको देखाएको छ ।

## परम्परागत विधि : समुदायमा हुने सिकाइ

सदियौँदेखि कृषि, खाद्य उत्पादन तथा संरक्षण जस्ता क्षेत्रमा रहेको परम्परागत ज्ञान (विशेष गरी स्थानीय/मौलिक ज्ञान) ले वातावरणीय दिगोपनमा महत्त्वपूर्ण भूमिका खेलेको छ । जैविक विविधताको संरक्षण र पारिस्थितिक प्रणालीको प्रक्रिया कायम राख्न सकेको भन्दै स्थानीय आदिवासी समुदायले अपनाएका परम्परागत भूमि व्यवस्थापन अभ्यासका कैयौँ उदाहरणहरूलाई उत्कृष्ट विधिका रूपमा विश्वभर मान्यता दिइएको छ । कोलम्बियामा काउन्सिल अफ सस्टेनेवल सेटलमेन्ट्स अफ अमेरिकाजले 'राम्रोसँग बाँचौं' को अवधारणा ल्याएको छ । यो अवधारणाले आदिवासी समुदाय जस्तै सहरका इको ब्यारियो प्रोजेक्ट, परम्परागत दिगो गाउँ र दिगो शैक्षिक केन्द्रका कामलाई मान्यता दिन्छ ।

स्थानीय तथा मौलिक ज्ञानले सहज पारिस्थितिक प्रणाली, विपद्बारे पूर्व सूचना प्रणाली, र जलवायु परिवर्तन अनुकुलन र उत्थानशीलतामा सहयोग गरेको छ । अमेरिकाको अलास्का रूरल सिस्टमेटिक इनिसिएटिभ विद्यालयमा मौलिक ज्ञानको प्रयोग गरी सिकाइ सञ्चालन गरेको एउटा उदाहरण हो । त्यहाँ विद्यार्थीले स्थानीय बुढापाकासँग अन्तरक्रिया गरी सिक्छन् । साथै, स्थानीय भाषामा हुने शिक्षणले फरक पुस्ताबिच ज्ञान आदान प्रदानमा टेवा पुगेको छ ।

## जीवन पर्यन्त सिकाइ विधिः काम र दैनिक जीवनबाट हुने सिकाइ

औपचारिक शिक्षाका अलावा सरकारी निकाय, धार्मिक सङ्घ संस्था, गैर नाफामुखी तथा सामुदायिक समूह, श्रम सङ्गठन र निजी क्षेत्रले पनि मानिसको व्यक्तिगत र सामूहिक व्यवहार बदल्न सहयोग गर्न सक्छन् ।

सरकारी सहयोगमा सञ्चालित अभियानले वातावरणीय समस्याबारे सचेतना जगाउन, यसका कारण औँल्याउन र कसरी मानिसले यसलाई समाधान गर्न सक्छन् भनेर देखाउन सक्छन् । सौर्य बत्तिको प्रयोगका लागि जनतालाई प्रोत्साहन गर्न इथियोपियाली सरकार र साझेदारहरूले सन् २०१५ मा दुई वर्षे सार्वजनिक सचेतना कार्यक्रम सुरू गरेका छन् ।

धार्मिक, सांस्कृतिक र सामाजिक अगुवाहरूले पनि वातावरण मैत्री मूल्य र व्यवहारको प्रचार गर्न सक्छन् । पोप फ्रान्सिस, दलाई लामा र जलवायु परिवर्तनका विरूद्ध मुस्लिम सङ्घले गरेका वातावरणीय बहस पैरवी केही उदाहरणहरू हुन् ।

कार्य क्षेत्र महत्त्वपूर्ण वातावरणीय सिकाइ केन्द्र हो । वातावरणीय प्रदुषण कम गर्न र आफ्ना कर्मचारी र अन्यलाई पनि वातावरण संरक्षणबारे शिक्षा दिन कम्पनीहरूले विभिन्न कार्यक्रमको थालनी गरि सकेका छन् । सन् २००८ मा इकोनोमिस्ट इन्टेलिजेन्स युनिटले गरेको सर्वेक्षण अनुसार विश्वका ४० प्रतिशतभन्दा बढी कार्यकारीहरूले आफ्ना कम्पनीको व्यापारसँग दिगोपनलाई जोड्नुपर्ने बताएका थिए । श्रम सङ्गठनहरूले पनि कार्य क्षेत्रमा दिगो अभ्यासको प्रवर्धन गरेका छन् ।

सार्वजनिक सूचना अभियान, परियोजना, साझेदारी तथा हरित साझेदारीमार्फत् गैर सरकारी संस्थाले वातावरण संरक्षणका लागि जनसहयोग परिचालन गर्ने कार्यमा महत्त्वपूर्ण भुमिका खेल्छन् । एक सय चौरानब्बे देशमा गरी करिब ४ करोड ४० लाख सदस्यहरू रहेको *आवाज* जस्ता वेबमा आधारित अभियान समूहहरूले मौरी मार्ने कीटनाशक औषधि प्रतिबन्ध गर्न सञ्चालन भएको दुई वर्षे अभियान जस्ता कार्यक्रममार्फत् वातावरणीय सचेतना जगाउन सहयोग गरेका छन् ।

## जलवायु परिवर्तनको सामना गर्न एकीकृत सिकाइ विधि आवश्यक पर्छ

शिक्षाले मानिसमा जलवायुजन्य जोखिमविरूद्धको उत्थानशीलता अभिवृद्धि गर्छ । यसले अल्पीकरण क्रियाकलापलाई समर्थन गरी त्यसमा संलग्न हुन पनि मानिसलाई प्रोत्साहन गर्छ । जलवायु परिवर्तनको प्रभाव कम गर्न समुन्द्री तटबन्ध निर्माण र सिंचाई प्रणालीमा लगानी गर्नुभन्दा शिक्षामा पहुँच बढाउने हो भने यो बढी प्रभावकारी हुन्छ । महिला शिक्षाले विपद्जन्य मानवीय क्षति कम गर्छ । प्रक्षेपणले के देखाउँछ भने यदि शैक्षिक प्रगति रोक्ने हो भने भविष्यमा विपद्ले निम्त्याउने मानवीय क्षति हरेक दशकमा २० प्रतिशतले बढ्छ । जलवायुजन्य घटनाको उच्च जोखिममा रहेका अधिकांश समुदायहरू शैक्षिक उपलब्धि न्यून र असमान भएका देशमा रहेको पाइएको छ ।

> "यदि शैक्षिक प्रगति रोक्ने हो भने भविष्यमा विपद्ले निम्त्याउने मानवीय क्षति हरेक दशकमा २० प्रतिशतले बढ्छ"

शिक्षाले समुदायलाई जलवायुजन्य विपद्का विरूद्ध तयारी हुन र त्यसप्रति अनुकुलन हुन सहयोग गर्छ । क्युबा, गणतन्त्र डोमिनिकन र हाइटीमा गरिएको अध्ययनले शिक्षाको अभाव तथा न्यून साक्षरताका कारण मानिसले विपद्का पूर्व चेतावनी बुझ्न नसकेको तथ्य पत्ता लगाएको थियो । फिलिपिन्समा जलवायु परिवर्तन अनुकुलनबारे युवाहरूलाई सिकाउन स्थानीय समुदायले शैक्षिक अधिकारी तथा अन्य साझेदारसँग सहकार्य गर्छन् जसले सामुदायिक उत्थानशीलता निर्माण गर्न मद्दत गर्छ ।

# समृद्धि


हाम्रो संसार वातावरणीय रूपमा, सामाजिक रूपमा र आर्थिक रूपमा तीव्र परिवर्तन भइ रहेको छ ।
हामी सधैँ मतलब नगरिकन किनि रहन र उत्पादन गरि रहन सक्दैनौँ । संसार सबैका लागि हो । भावी पुस्ताका लागि पृथ्वीको जतन गर्नु पर्छ ।
यसको अर्थ हामीले नयाँ सिपहरू हासिल गर्नु पर्छ र जीवनभर सिक्नु पर्छ ।
उदाहरणका लागि किसानले वातावरणमा असर नपर्ने गरी कसरी बढी उत्पादन गर्ने सिक्न सक्छन् ।
शिक्षामा जोड दिनाले मानिसलाई नै हित हुन्छ । अर्थात् संसारका सबै मानिसलाई । शिक्षित मानिसले धेरै कमाउँछन् । गरिबीबाट मुक्ति पाउँछन् ।
तर शिक्षामा पनि परिवर्तन हुनु आवश्यक छ । अहिले धेरै काम कम्प्युटरले गर्न सक्छ । त्यसैले विद्यार्थीका लागि उच्च तहका सिपहरू आवश्यक छन् । विशेष गरी कामसँग सम्बन्धित सिपहरू ।

# समृद्धि : दिगो र समावेशी अर्थतन्त्र

यदि सन् २०३० सम्मको मुद्दालाई सफल बनाउने हो भने विश्व अर्थतन्त्र पनि पर्यावरणीय रूपमा दिगो र समावेशी हुन आवश्यक छ । यस प्रकारको रूपान्तरणमा शिक्षाको अग्रणी भुमिका हुन्छ ।

उत्पादन र उपभोगलाई दिगो बनाउन, हरित उद्योग निर्माणका लागि सिप आपूर्ति गर्न र उच्च शिक्षा र अनुसन्धानलाई हरितपनतर्फ अभिमुखीकरण गर्न शिक्षा र जीवन पर्यन्तको सिकाइ चाहिन्छ । गरिब र धनी दुवै देशहरू तथा घर परिवारहरू निर्भर हुने कृषि जस्ता मुख्य आर्थिक क्षेत्रलाई रूपान्तरण गर्न पनि यी दुवैको भुमिका हुन्छ ।

अर्थतन्त्र दिगो बन्न जति आवश्यक छ त्यति नै बढी समावेशी र कम असमान हुनु पनि पर्छ । गुणस्तरीय शिक्षाले यो लक्ष्य प्राप्त गर्न सहयोग गर्छ । मानव हितमा आधारित समावेशी आर्थिक वृद्धिका लागि शिक्षित श्रम शक्ति चाहिन्छ । शिक्षाले सभ्य काम पाउने र पर्याप्त आर्जन गर्ने अवसर वृद्धि गरी गरिबी न्यूनीकरण गर्छ भने लिङ्ग, आर्थिक-सामाजिक अवस्था र अन्य आधारमा हुने विभेदका कारण ज्यालामा देखिने अन्तर अन्त्य गर्छ ।

## उद्योगलाई हरित बनाएमा सिपको मागमा वृद्धि हुन्छ

दिगो विकास र हरित वृद्धि भन्नाले हरित उद्योगको स्थापना गर्ने र भइ रहेका उद्योगलाई हरित बनाउने भन्ने बुझिन्छ । हरित उद्योगले धेरैका लागि रोजगारी सिर्जना गर्छन् । भविष्यमा यस्ता उद्योग न्यून आय भएका मुलुकमा उल्लेख्य वृद्धि हुनेछन् भन्ने अनुमान गरिएको छ । जस्तै, सन् २०१५ देखि २०४० सम्मको अवधिमा विश्वभरको विद्युत उत्पादन वृद्धिको आधा भाग बराबर नवीकरणीय ऊर्जाले ओगट्ने छ । विशेष गरी चीन, भारत, ल्याटिन अमेरिका र अफ्रिकी क्षेत्रमा यस्तो वृद्धि हुनेछ ।

हरित उद्योग निर्माण कार्य विशेष उच्च शिक्षा हासिल गरेका र तालिमप्राप्त दक्ष जनशक्तिमाथि निर्भर हुन्छ । भइ रहेका उद्योगलाई हरित बनाउन निम्न र मध्यम सिप भएका कामदारलाई निरन्तर सेवाकालीन शिक्षा र तालिम दिनु पर्छ । अर्थतन्त्रमा द्रुत परिवर्तन भइ रहने हुँदा कुन सिप सिकाउने भन्ने निर्णय गर्न नीति निर्माता र अध्यापकका लागि चुनौतीपूर्ण देखिन्छ ।

त्यस्तै, दिगोपन तथा हरित वृद्धिका लागि अनुसन्धान र विकासमा गरिने लगानीमा व्यापक वृद्धि आवश्यक छ । किनभने विभिन्न क्षेत्रको विशिष्टिकृत ज्ञान र सिप प्रदान गर्न उच्च शिक्षामा विविधतापूर्ण र विशेष पाठ्यक्रमको खाँचो पर्छ । साथै, यी विभिन्न क्षेत्रबिच सहकार्यात्मक अध्ययन कार्यक्रम पनि आवश्यक पर्छ । यदि कार्बन चाप न्यून गर्ने हो भने सरकारले ऊर्जासम्बन्धी अनुसन्धान र विकासमा हरेक वर्ष ५ गुणाले वृद्धि गर्नुपर्ने अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले जनाएको छ ।

## शिक्षाले कृषिमा रूपान्तरण गर्न सहयोग गर्छ

सन् २०१५-२०३० को अवधिमा विश्वमा कृषिमा अभुतपूर्व चुनौतीहरू देखा पर्नेछन् । वातावरणीय ह्रासबाट सबैभन्दा बढी प्रभावित आर्थिक क्षेत्रमध्ये कृषि पनि हो र हरित ग्यास उत्सर्जनमा यसको एक तिहाई भुमिका हुन्छ । त्यस्तै, जनसङ्ख्या वृद्धिसँगै खाद्य उत्पादनमा अत्याधिक तर दिगो वृद्धि हुनुपर्छ र खाद्य आपूर्ति थप समतामूलक हुनुपर्छ ।

> *साक्षरता र कृषि विस्तार कार्यक्रमले किसानलाई १२ प्रतिशतसम्म उत्पादकत्त्व वृद्धि गर्न मद्दत गर्छन्*

दिगो खाद्य उत्पादनमा शिक्षा महत्त्वपूर्ण मानिन्छ । प्राथमिक र माध्यमिक शिक्षाले भविष्यका किसानलाई आधारभूत सिप सिकाउनुका साथै दिगो कृषिका चुनौतीबारे ज्ञान प्रदान गर्छ । व्यवसायिक तालिम तथा सिपसम्बन्धी नीतिले किसान र नयाँ प्रविधिबिचको खाडल कम गर्छ । साक्षरता र कृषि विस्तार कार्यक्रमले किसानलाई १२ प्रतिशतसम्म उत्पादकत्त्व वृद्धि गर्न मद्दत गर्छन् । उच्च शिक्षामा हुने कृषि अनुसन्धानले नवीनतम् विधिहरूको खोजी गर्न सहयोग गर्छ जसले दिगोपन बढाउँछ । यद्यपि, कैयौं देश र दातृ संस्थाले यस्तो अनुसन्धानमा गरिने लगानीलाई रोकेका वा कम गरेका छन् । अफ्रिकामा सार्वजनिक कृषि अनुसन्धानमा गरिने विश्व लगानीको अंश सन् १९६० देखि २००९ सम्ममा १० प्रतिशतबाट ६ प्रतिशतमा झरेको थियो ।

## शिक्षा र जीवन पर्यन्त सिकाइले दिगो आर्थिक वृद्धिमा टेवा पुर्‍याउँछन्

प्राथमिक र माध्यमिक तहको शिक्षामा गरिने वृद्धिले दिगो आर्थिक वृद्धिमा सहयोग गर्छ । सन् १९६५ देखि २०१० सम्ममा पूर्वी एसिया र सब-सहारा अफ्रिकाबिचको वृद्धि दरमा आधा फरक हुनुको कारण प्रारम्भिक तहको शैक्षिक उपलब्धिले गर्दा हो ।

गुणस्तरीय शिक्षा र दक्ष कामदारले उत्पादकत्त्व वृद्धि र प्राविधिक परिवर्तन गर्न मद्दत पुग्छ । शैक्षिक गुणस्तरमा भएको भिन्नताले गर्दा नै आर्थिक वृद्धिमा पूर्वी एसियामा चमत्कार भएको हो भने ल्याटिन अमेरिकामा केही दशकहरू त्यत्तिकै खेर गएका हुन् । यसको कारण भनेको कुनै पनि देशको प्रगतिका लागि गुणस्तरीय माध्यमिक र उच्च शिक्षामा लगानी गर्नै पर्छ । यो तथ्य विशेष गरी अफ्रिकामा लागू हुन्छ जहाँ सन् २०१४ मा उच्च शिक्षाको कुल भर्ना दर ८ प्रतिशतमात्रै थियो ।

शिक्षाले आर्थिक वृद्धिमा सहयोग गर्ने हुनाले द्रुत गतिमा परिवर्तन भइ रहेको कामको प्रकृति अनुसार शिक्षामा पनि परिवर्तन हुनु आवश्यक छ । प्रविधिले उच्च तहको सिपयुक्त कामदारको माग बढाएको छ भने मध्यम स्तरको सिप चाहिने कामको माग घटाएको छ । जस्तै क्लर्क, सेल्स वर्कर र मेशिन अपरेटरका काम मेशिनले नै सजिलै गर्न सक्छ । यसले भविष्यमा लाखौं मानिसलाई असर पार्नेछ । सन् २०१५ मा कुल रोजगारीको करीब दुई तिहाई भाग मध्यम सिप चाहिने पेसाले ओगटेको छ ।

> *सन् २०२० सम्ममा उच्च शिक्षाप्राप्त कामदारहरू बजारमा मागको अनुपातभन्दा चार करोड कम आउने छन्*

धेरै जसो देशका शैक्षिक प्रणालीहरू बजारको माग अनुसार नभएको तथ्याङ्कले देखाएको छ । सन् २०२० सम्ममा उच्च शिक्षाप्राप्त कामदारहरू बजारमा मागको अनुपातभन्दा चार करोड कम आउने र यसभन्दा तल्लो शैक्षिक तहको शिक्षाप्राप्त कामदारहरू मागको अनुपातभन्दा नौदेखि साढे नौ करोड बढी उत्पादन हुने अनुमान गरिएको छ ।

समालोचनात्मक सोंच, समस्या समाधान, सामूहिक र परियोजना कार्य, ठोस साक्षरता, सञ्चार तथा प्रस्तुतीकरण सिप जस्ता साधारण तथा विस्तृत शिक्षाले प्रवर्धन गर्ने सिप र सक्षमताहरूको मूल्य श्रम बजारमा भविष्यमा पनि उच्च रहने देखिन्छ । तसर्थ, भावी रोजगारीका लागि केही स्थानान्तरणीय र आधारभूत सिपहरू अति महत्त्वपूर्ण देखिन्छन् । तर, विद्यार्थीलाई यस्ता सिपहरू प्रभावकारी रूपमा कसरी प्रदान गर्ने भन्ने चुनौती शैक्षिक प्रणाली सामु देखा परेको छ ।

## शिक्षाले सामाजिक समावेशीकरणमा सहयोग गर्छ

आर्थिक वृद्धि दिगो भएको र यसले कसैलाई पनि नछुटाएको सुनिश्चित गर्न शिक्षाको आवश्यकता पर्छ । शिक्षाले नै आर्थिक वृद्धि हुन्छ । यसले विपन्न वर्गको आय बढाउँछ । यदि शैक्षिक सेवालाई समतामुलक तरिकाले वितरण गर्ने हो भने यसले असमानता पनि कम गर्छ । हालै युरोपेली युनियनमा आबद्ध १० सदस्य राष्ट्रले सन् २०२० सम्ममा प्रारम्भिक तहमा विद्यालय छोड्ने दर घटाउने र उच्च शिक्षामा सहभागिता बढाउने लक्ष्य हासिल गर्न सके भने यसले गरिबीको जोखिममा रहेका मानिसको सङ्ख्या ३७ लाखले घट्ने छ ।

तर, तालिम र सिपमा हुने वृद्धिले सामाजिक असमानता सधैं एकैनासले कम गरेको देखिंदैन । समतामूलक ढङ्गबाट शिक्षाको विस्तार गर्नुका साथै हरेक सरकारले पुनर्वितरणमुखी सामाजिक नीतिमा जोड दिनु पर्छ । यसो गर्दा विभिन्न मुलुकहरूबिच बढि रहेको आयको असमानता कम गर्न सकिन्छ ।

## शिक्षाले श्रम बजारको नतिजामा सुधार ल्याउँछ

विशेष गरी धनी र शिक्षित मुलुकमा बेरोजगारीको दर कम रहेको पाइन्छ । सन २०१३ को आंकडाअनुसार ओइसिडी देशहरूमा उच्च माध्यमिक तहभन्दा कम शिक्षा भएका २५ देखि ६४ वर्ष उमेर समूहका ५५ प्रतिशत व्यक्तिहरू रोजगार थिए भने उच्च माध्यमिक शिक्षाप्राप्त वा उच्च शिक्षामा जान नपाएकाहरू ७३ प्रतिशत र उच्च शिक्षा प्राप्त व्यक्तिहरू ८३ प्रतिशत भन्दा कम रोजगार थिए । विपन्न मुलुकमा यो अवस्था प्रायः नाजुक छ । यसले सिपयुक्त दक्ष श्रमशक्तिको आपूर्ति कम भएको र शिक्षाले विद्यार्थीलाई सान्दर्भिक सिप प्रदान गर्न नसकेको देखाउँछ ।

शैक्षिक असमानता कम गर्न सके सभ्य काममा पिछडिएको समूहको पहुँच बढाउन सकिन्छ । सन् २०१६ को जेम प्रतिवेदनका लागि गरिएको एक विश्लेषणले सुविधा सम्पन्न र सुविधाबाट पछाडि परेका कामदारलाई एउटै शिक्षा दिने हो भने काम गरेर पनि गरिब हुनेको (वर्किङ पोभर्टी) दर ३९ प्रतिशतले कम गर्न सकिन्छ ।


शिक्षा आयसंग प्रष्ट रूपमा जोडिएको हुन्छ । १३९ देशमा गरिएको अध्ययनअनुसार विद्यालय शिक्षाको प्रत्येक एक वर्ष थपिंदा त्यसको प्रतिफल दर ९.७ रहेको छ । यस प्रकारको प्रतिफल दर सिपयुक्त कामदारको अभाव झेलि रहेका विपन्न मुलुकमा सबैभन्दा उच्च रहेको पाइन्छ ।



**चित्र २ :**

**शिक्षाको तह बढ्दै जाँदा काम गरेर पनि गरिब हुने (वर्किङ पोभर्टी) दर घट्दै जान्छ**

*निम्न र मध्यम आय भएका १२ ओटा देशमा शिक्षाको तहअनुसार **वर्किङ पोभर्टी** (एक हप्ताको कमाइको मध्यक ५०% भन्दा कम)*




* थोरै भएकोले यहाँ शिक्षाको तह समावेश गरिएको छैन

*नोट :* नमुना सङ्कलन सहरी क्षेत्रमा गरिएको हो । नमुना १५-६४ वर्ष उमेर समूहका पूर्णकालीन (प्रति हप्ता कम्तिमा ३० घन्टा काम गर्ने) कामदारबाट मात्र लिइएको हो ।

*स्रोत :* विश्व बैङ्कको स्टेप्स स्किल्स मिजरमेन्ट सर्वे (सन् २०१२-२०१३) का आधारमा जेम प्रतिवेदन टोलीले गरेको विश्लेषण

शैक्षिक कार्यक्रमहरूसँगै सिपयुक्त कामदारको माग वृद्धि गर्ने नीति पनि ल्याउनु पर्छ । हरित वृद्धिले रोजगार विस्तार गर्ने कैयौं अवसरहरू सिर्जना गर्छ भने वातावरणीय रूपमा अदिगो उद्योग बन्द हुंदा रोजगारी कटौति हुन्छ । विस्थापित कामदारहरूलाई नयाँ काममा स्थानान्तरण गराउन सक्ने शिक्षा र तालिमको प्रवर्धन गर्न जीवन पर्यन्त सिकाइसम्बन्धी नीति चाहिन्छ ।



मध्य अफ्रिकी गणतन्त्रको बोउकोकोमा आधुनिक प्रविधि प्रयोग गरी लगाइएको कसाभाको बारीमा उभिएका एक व्यक्ति

फोटो : रिकार्डो गड्गाले/एफएओ



मानिस
केही कुरामा हामीहरू बिच धेरै भिन्नता छ । तर अन्य कुरामा भने हामीहरू समान छौँ : हामी सबै सम्मानपूर्वक बाँच्न अनि स्वस्थ र सुरक्षित हुन चाहन्छौँ ।
यदि बाल बालिकालाई पढाउने हो भने उनीहरू स्वस्थ हुनु जरुरी छ । यदि तपाईं स्वस्थ रहन चाहनुहुन्छ भने आफ्नो हेरचाह कसरी गर्ने भनेर तपाईंलाई थाहा हुनु पर्छ ।
तर दुःखको कुरा जसलाई यस्तो शिक्षाको सबैभन्दा बढी खाँचो छ उनीहरू नै यसबाट वञ्चित छन् ।
र अन्य अधिकारबाट पनि !
लैङ्गिक असमानता अझै पनि ठूलो समस्याका रूपमा रहेको छ । हेर्नुहोस् त, व्यापार र राजनीतिमा कति थोरै महिलाहरू छन् ! महिलाविरुद्धको हिंसा दिनदिनै हुने गर्छ । अझ घरमा पनि यस्तो हिंसा हुन्छ ।
महिलाले के गर्न सक्छन् र के गर्नु पर्छ भन्नेबारे व्याप्त गलत धारणाविरुद्ध लड्न महिलालाई शिक्षित बनाउनु पर्छ । यसले उनीहरूलाई राजनीतिमा लाग्न तथा राम्रो काम पाउन सहयोग गर्छ ।
महिला शिक्षित भएमा उनीहरू लगायत परिवारको स्वास्थ्यमा सुधार आउँछ ।
यदि हामीले विभेद अन्त्य गर्ने हो भने मिलेर काम गर्ने बेला यही हो ।

# मानिस : समावेशी सामाजिक विकास

सामाजिक विकासले मानव हित र समानतामा वृद्धि गर्छ । यो लोकतान्त्रिक पद्धतिसँग मिल्ने र न्यायसङ्गत हुन्छ । शिक्षा सामाजिक विकासको एउटा सशक्त माध्यम र महत्त्वपूर्ण पक्ष पनि हो । मानिसले स्वस्थ जीवन जिउन सक्छन् र उनीहरूका बाल बालिकाको जीवनमा सुधार ल्याउन सक्छन् भन्ने सुनिश्चित गर्न शिक्षाले प्रमुख भुमिका खेलेको हुन्छ । यसले सङ्कटासन्न समूह (जसमा बहुसङ्ख्यक बालिका र महिला पर्छन्) लाई सशक्तीकरण गरी लैङ्गिक समानता अभिवृद्धि गर्छ ।

जसरी स्वास्थ्य, पोषण, पानी र ऊर्जा स्रोतहरू शिक्षासँग अभिन्न रूपमा जोडिएका हुन्छन् त्यसरी नै यी क्षेत्रसँग शिक्षा पनि अभिन्न रूपमा जोडिएको हुन्छ । बाल बालिकाको स्वास्थ्यले उनीहरूको सिक्ने क्षमता निर्धारण गर्छ । स्वास्थ्यसम्बन्धी पूर्वाधारलाई शिक्षामा उपयोग गर्न सकिन्छ । शैक्षिक क्षेत्रको सहज सुसञ्चालनका लागि स्वस्थ शिक्षक नभई हुदैन ।

अन्त्यमा, गरिबीसँग जोडिएका बहुआयामिक चुनौती सामना गर्न मानव विकाससम्बन्धी एउटा सम्पूर्णता विधिको टड्कारो आवश्यक छ ।

## सबैका लागि दिगो भविष्य निर्माण गर्न समावेशी सामाजिक विकास अपरिहार्य छ

समावेशी सामाजिक विकासका लागि शिक्षा, स्वास्थ्य, पानी, सरसफाई, ऊर्जा, आवास र यातायात जस्ता सेवाहरू अपरिहार्य हुन्छन् । तर वर्तमानमा यस्तो भएको पाइँदैन । प्रगतिका बावजुद अधिकांश मुलुकमा अझै पनि लैङ्गिक समानता उल्लेख्य छैन । उदाहरणका लागि यी मुलुकमा अवैतनिक काम गर्ने महिलाको सङ्ख्या पुरूषको भन्दा झन्डै दोब्बर छ र महिलाहरू प्रायः अनौपचारिक/अरीतिक क्षेत्रमा काम गर्छन् ।

> *"अवैतनिक काम गर्ने महिलाको सङ्ख्या पुरुषको भन्दा झन्डै दोब्बर छ"*

समावेशी सामाजिक विकासले महिला, अपाङ्ग, आदिवासी समुदाय, जातीय तथा भाषिक अल्पसङ्ख्यक, शरणार्थी र विस्थापितलगायत सङ्कटासन्न अवस्थामा रहेका अन्य समूहहरूका विरूद्धको सीमान्तकृतता र विभेदलाई सम्बोधन गर्नु पर्छ भन्ने मान्यता राख्दछ । विभेदकारी मूल्य मान्यतालाई बदल्दै महिला पुरूष दुवैको सशक्तीकरणका लागि मूल्य र मान्यतामा परिवर्तन ल्याउन शिक्षा र यसले दिने ज्ञानमा सुधार गर्न सकिन्छ ।

जातीय तथा भाषिक अल्पसङ्ख्यक, अपाङ्ग, घुमन्ते समुदाय, झुपडपट्टीबासी, एचआईभी सङ्क्रमित बाल बालिका, आधिकारिकता नभएका र बाबु आमा गुमाएका बाल बालिका जस्ता कैयौं समूहहरू शिक्षाको पहुँच र यसको गुणस्तरबाट टाढा छन् । गरिबी नै शिक्षाको प्रमुख बाधकका रूपमा रहेको छ । निम्न र मध्यम आय भएका १०१ मुलुकमा बस्ने २० देखि २४ वर्ष उमेर समूहका मानिसलाई हेर्ने हो भने अति सम्पन्न वर्गको भन्दा अति विपन्न वर्गको विद्यालय अवधि औसतमा ५ वर्षले कम छ । त्यस्तै, सहरी र ग्रामीण भेकका बासिन्दाबिचको यो भिन्नता २.६ वर्षको छ भने महिला र पुरूषबिच १.१ वर्षको छ ।

यी कारणहरू प्रायः धेरैमा उस्तै उस्तै हुन्छन् । उदाहरणका लागि विपन्न र जातीय वा भौगोलिक रूपमा पिछडिएका महिलाहरूलाई त्यस्तै अवस्थाका पुरूषलाई भन्दा निकै नराम्रो व्यवहार गरिन्छ । अधिकांश मुलुकमा ग्रामीण भेकका विपन्न महिलाको आधाभन्दा कम जनसङ्ख्याले मात्रै आधारभूत साक्षरता सिप जानेका छन् । असमानता अति उच्च रहेका अफगानिस्तान, बेनिन, चाड, इथियोपिया, गिनी, पाकिस्तान र दक्षिण सुडान जस्ता मुलुकमा विपन्न महिलाले एक वर्षभन्दा कम समय मात्र विद्यालय गएको पाइन्छ ।

## शिक्षाले सामाजिक विकासमा सुधार ल्याउँछ

विभिन्न क्षेत्रमा सामाजिक विकासका नतिजालाई शिक्षाले सुधार गरेको हुन्छ । विशेष गरी यसले स्वास्थ्य र महिलाको अवस्थामा सुधार ल्याउन सक्छ । स्वास्थ्यमा सुधार देखिने गरी व्यवहारमा परिवर्तन गर्न लगाएर शिक्षाले स्वास्थ्य र पोषणसम्बन्धी विशिष्ट सिप तथा ज्ञान प्रदान गर्छ । भारत, इन्डोनेसिया, पाराग्वे र तान्जानियामा विपन्न र कम शिक्षित बिरामीहरूको पहुँच पनि कम दक्षता भएका डाक्टरसँग मात्र छ ।

विद्यालय स्तरमा लागू गरिने खाजा र स्वास्थ्य अभियान जस्ता कार्यक्रमहरूले स्वास्थ्यमा तत्काल प्रभाव पार्न सक्छन् । साथै, विद्यालय खाजा कार्यक्रमले विद्यार्थीको उपस्थिति बढाउँछ । बुर्किना फासोको उत्तरी ग्रामीण क्षेत्रमा विद्यालयमा दैनिक खाजा र घरमा लान पाउने कोटा (A Take Home Ration) कार्यक्रमले छात्रा भर्ना दर एक वर्षमा ५ देखि ६ प्रतिशत बिन्दुसम्म बढाएको थियो ।

त्यस्तै, विद्यालय स्तरमा हुने यस्ता कार्यक्रमले स्वास्थ्यसम्बन्धी जानकारी प्रदान गरी व्यवहारमा परिवर्तन ल्याउन सक्छन् । विद्यालयमा आयोजना गरिने पानी, सर सफाई र स्वास्थ्य कार्यक्रमले स्वास्थ्यमा साथै आर्थिक तथा लैङ्गिक समतामा सुधार ल्याउँछन् । फिनल्यान्डमा विद्यालय खाजा कार्यक्रमलाई सिकाइमा गरिएको लगानी, खाने बानी सिकाउने विधि र खाद्य छनोटबारे सचेतना विकास गर्ने माध्यमका रूपमा लिइन्छ ।

छात्रा र महिलालाई गुणस्तरीय शिक्षा प्रदान गर्ने हो भने यसबाट व्यक्ति र समाज दुवैले फाइदा लिन सक्छन् । महिला शिक्षाले रोजगारीका अवसर बढाउँछ । साक्षरता सिपका कारण महिलाले सामाजिक तथा कानुनी अधिकार र कल्याणकारी सेवाबारे जानकारी प्राप्त गर्छन् । शिक्षाले महिलालाई लोकतान्त्रिक प्रक्रियामा सहभागी हुने सिपहरू प्रदान गरी राजनीतिमा उनीहरूको संलग्नता बढाउँछ । न्यून शिक्षालाई पुरूष साथीबाट हुने हिंसाको मुख्य कारक तत्त्व मानिन्छ ।

> "नाइजेरियामा विद्यालयमा थप चार वर्ष बस्दा हरेक महिलाले एउटा बच्चा कम जन्माउने प्रक्षेपण गरिएको थियो"


शिक्षित आमाले आफ्ना बाल बालिकालाई उचित स्तनपान/भोजन गराउन र स्वस्थ राख्न सक्छन् । आमा शिक्षाले पारिवारिक चाहना र सामाजिक मूल्यलाई बदल्दै विभिन्न पुस्तामा गहिरो प्रभाव पार्न सक्छ । नाइजेरियामा विद्यालयमा थप चार वर्ष बस्दा हरेक महिलाले एउटा बच्चा कम जन्माउने अनुमान गरिएको थियो । ससाना बाल बालिकाका आमाका लागि सञ्चालित छोटो अवधिको शिक्षाले स्वास्थ्य तथा पोषणमा उल्लेख्य प्रभाव पार्न सक्छ । लक्षित अनौपचारिक शिक्षाले बच्चा जन्माउने योजना तय गर्न महिलालाई अरू बढी सहयोग गर्न सक्छ ।

शिक्षाले मातृ मृत्य दर कम गर्छ । महिला शिक्षालाई ० बाट १ वर्षमा बढाउने हो भने हरेक १,००,००० बच्चा जन्मँदा १७४ का दरले मातृ मृत्यु दर रोक्न सकिन्छ ।

**चित्र ३ :**

**आधारभूत शिक्षा, स्वास्थ्य र आधारभूत सुविधामा प्रगति त भएको छ तर चुनौतीहरू भने छँदै छन्**

*सन् २००० र पछिल्लो वर्षमा आधारभूत सेवामा भएको पहुंच, र स्वास्थ्य र शैक्षिक नतिजामा भएको सुधार*




*नोट :* 'पछिल्लो वर्ष' ले ठोसबाहेकको इन्धन र विद्युतको पहुंचका लागि सन् २०१२, प्राथमिक तहको अन्तिम कक्षाको अनुपातमा कुल प्रवेश दरका लागि सन् २०१४, र ५ वर्षमुनिको मृत्यु दर र पानी तथा सर सफाई सुविधामा पहुंचका लागि सन् २०१५ लाई जनाउँछ ।

*स्रोत :* युआइएस डाटावेस र विश्व बैङ्क (सन् २०१६)

## सामाजिक विकासले शिक्षामा प्रभाव पार्छ

जसरी शिक्षाले सामाजिक विकासलाई सकारात्मक प्रभाव पारेको हुन्छ त्यसरी नै सामाजिक विकासले पनि शिक्षालाई सकारात्मक प्रभाव पारेको हुन्छ । तर सामाजिक विकास समावेशी भएन भने यसले शिक्षामा नकारात्मक प्रभाव पार्छ । स्वास्थ्य र पोषण शैक्षिक प्रणालीका आधार हुन् । स्वास्थ्य र पोषण दुवैले बाल बालिका विद्यालय जाने तथा सिक्ने क्षमता र उनीहरूलाई सहयोग गर्ने पारिवारिक क्षमतालाई सीमित पार्छन् । केन्यामा किटाणु विरूद्धको उपचार पाएका छात्रा प्राथमिक विद्यालयको अन्तिम राष्ट्रिय परीक्षामा उत्तीर्ण हुने सम्भावना २५ प्रतिशतले बढी थियो । प्रारम्भिक बाल्य कालमा भोगेको जीवन अवस्थाले सिकाइ निर्धारण गर्छ । गुणस्तरीय स्वास्थ्य सेवामा शिक्षकको पहुँच भएमा यसले उनीहरूको अनुपस्थिति दर र अवकास दर कम गर्छ ।

पानी, सर सफाइ, स्वास्थ्य र ऊर्जाको पहुँचले शिक्षामा सकारात्मक प्रभाव पारेको हुन्छ । घानाका ग्रामीण भेकमा पानी ल्याउने समय आधा घटाउँदा यसले विद्यालयमा छात्राको उपस्थितिमा वृद्धि गरेको थियो । त्यस्तै पेरूमा ग्रामीण भेकमा सन् १९९३ देखि २०१३ सम्मको अवधिमा विद्युतको पहुँच ७.७ प्रतिशतबाट बढाएर ७० प्रतिशतमा पुर्‍याउँदा विद्यार्थीको अध्ययन अवधि दैनिक ९३ मिनेटले बढेको थियो ।

## एकीकृत सामाजिक तथा शैक्षिक कार्यक्रमको आवश्यकता छ

शिक्षामा लैङ्गिक समतातर्फको प्रगतिलाई व्यवस्थित रूपमा लैङ्गिक समानतामा रूपान्तरण गर्न सकिएको छैन । एसियाली मुलुकलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ । जापान र दक्षिण कोरिया जस्ता मुलुकमा महिला शिक्षामा वृद्धि भएको छ भने पाको उमेरको श्रम शक्तिका कारण शिक्षित श्रम शक्तिको माग बढि रहेको भए पनि श्रम बजारमा महिला सहभागिता सिमित रहेको छ । त्यस्तै, शैक्षिक कार्यक्रमका माध्यमबाट मात्रै दिगो स्वास्थ्यसम्बन्धी व्यवहारमा परिवर्तन सम्भव हुँदैन ।

तसर्थ, यी सबै कुराले शिक्षालाई कानुन परिवर्तन गर्न वा कार्य क्षेत्रसम्बन्धी नीति निर्माणका क्रियाकलापहरूसँग जोड्न सक्ने बृहत् नीति तथा कार्यक्रमको खाँचोलाई पुष्टि गरेको छन् । जोखिम र सङ्कटासन्नता कम गर्ने उद्देश्य बोकेका निवृत्तिभरण, नगद हस्तान्तरण र लघु वित्त जस्ता सामाजिक सुरक्षा कार्यक्रमले विभिन्न क्षेत्रमा सकारात्मक प्रतिफल दिन सक्छन् । अर्थात् यस्ता कार्यक्रमले गरिबी न्यूनीकरणदेखि शिक्षासम्मको पहुँचलाई सुदृढ बनाउन सक्छन् । उदाहरणका लागि परिवारमैत्री नीतिहरू तथा कामसम्बन्धी लचक व्यवस्था लागू गरेर श्रम बजारमा निरन्तर महिला सहभागितालाई प्रोत्साहन गर्न सकिन्छ ।

समाजमा जरो गाडेर बसेको लैङ्गिक विभेदलाई अन्त्य गर्ने कार्यमा महिला र पुरूषलाई एकै ठाउँमा ल्याउने कार्यक्रमहरू प्रभावकारी हुन्छन् । ब्राजिलमा पुरूषमा व्याप्त परम्परागत लैङ्गिक सोंचमा परिवर्तन ल्याउन त्यहाँको प्रोग्राम एच कार्यक्रममा सामूहिक कक्षा र युवाले अगुवाइ गर्ने अभियानहरू समावेश गरिएको छ । अहिले यो कार्यक्रम २० भन्दा बढी मुलुकमा लागू भएको छ ।



बङ्गलादेशको एउटा नर्सिङ अध्ययन संस्थानमा विद्यार्थीहरूले बच्चा जन्मे पछि गरिने सुसारको अभ्यास गर्ने क्रममा आमाको भूमिका निर्वाह गर्दै मिडवाईफ विषय लिई दोस्रो वर्षमा अध्ययनरत छात्रा सेलिना अख्तर

फोटो : निकोलास अक्जेलरोड / रूओम

# शान्ति


द्वन्द्वले शिक्षा ध्वस्त बनाउँछ । विद्यालय विद्यार्थी र शिक्षकहरू आक्रमणमा परि रहेका छन् र विस्थापित भइ रहेका छन् ।
तर द्वन्द्वले शिक्षाको महत्त्व झन् बढाउँछ ।
घरबाट जबरजस्ती विस्थापित गराइएका बाल बालिका र परिवारका निम्ति विद्यालय एउटा सुरक्षित स्थल हुन सक्छ ।
जब हामीहरू शिक्षित हुन्छौँ तब मतदान गर्न र बन्दुकका सट्टा शान्तिपूर्ण ढङ्गले विरोध गर्न सक्छौँ ।
हामी शान्ति चाहन्छौँ !
लोकतन्त्र चाहन्छौं !
यदि हामी कानुनी दस्तावेजहरु पढेर आफ्नो कानुनी अधिकार थाहा पाएनौं भने न्याय प्रणाली कसरी थाहा पाउछौँ त ?
कानुन
औपचारिक शान्ति सम्झौतामा उल्लेख नभएको अवस्थामा पनि सही खालको शिक्षाले द्वन्द्व रोक्छ ।

# शान्ति : राजनीतिक सहभागिता, शान्ति र न्यायमा पहुँच

निरन्तरको हिंसा र सशस्त्र द्वन्द्वले मानिसको व्यक्तिगत सुरक्षा र हितमा आँच आउँछ । हिंसा निधेष गरी दिगो शान्ति स्थापना गर्न लोकतान्त्रिक तथा प्रतिनिधिमुलक संस्थाहरू र स्वस्थ न्याय प्रणालीको आवश्यकता पर्छ । राजनीतिक सहभागिता, समावेशिता, बहस पैरवी र लोकतन्त्रमा शिक्षा निकै महत्त्वपूर्ण मानिन्छ । कहिले काहीं शिक्षाका कारण द्वन्द्व निम्तिन सक्छ । तर शिक्षाले नै द्वन्द्व न्यूनीकरण गर्न वा यसको अन्त्य गर्न पनि सक्छ । शान्ति स्थापनामा शिक्षाको प्रमुख भुमिका रहेको हुन्छ भने शान्तिलाई वेवास्ता गर्दा आइपर्ने डरलाग्दा परिणामहरूलाई सम्बोधन गर्न शिक्षाले नै सहयोग गर्छ । विशेष गरी नागरिक समाजसम्बन्ध संस्थाद्वारा सञ्चालित शैक्षिक कार्यक्रमहरूले सीमान्तकृत समूहलाई न्याय दिलाउन सहयोग गर्छन् ।

## शिक्षा र साक्षरताले राजनीतिलाई थप सहभागितामूलक बनाउँछ

शिक्षाले मुख्य राजनीतिक नेता र राजनीतिक प्रणालीसम्बन्धी ज्ञानको अभिवृद्धि गर्छ । मतदान गर्न, मत परिणामबारे चासो राख्न र बुझ्न मानिसलाई सुचना र सिपको खाँचो पर्छ । पश्चिमी केन्यामा राजनीतिक रूपले पछि परेका जातीय समूहका छात्राहरूलाई लक्षित गरी सञ्चालन गरिएको छात्रवृत्ति कार्यक्रमले माध्यमिक विद्यालयमा छात्राको सहभागितामा वृद्धि गरेको थियो भने उनीहरूको राजनीतिक ज्ञान पनि बढाएको थियो । पाकिस्तानमा सन् २००८ को निर्वाचनपूर्व गरिएको मतदाता सचेतना अभियानले महिलाले मत खसाल्ने सम्भावनालाई १२ प्रतिशत अङ्कले बढाएको थियो । त्यस्तै नाइजेरियामा सन् २००७ को निर्वाचनपूर्व गरिएको हिंसा विरोधी अभियानले डर त्रास कम गरेको थियो जसले गर्दा मतदानमा भाग लिनेको सङ्ख्या १० प्रतिशतले बढेको थियो ।

उचित शिक्षाले मानिसलाई बढी समालोचनात्मक बनाउँछ भने राजनीतिमा बढी संलग्न गराउँछ र सीमान्तकृत समूहको प्रतिनिधित्व बढाउँछ । राम्रोसँग तयार पारिएको नागरिक शिक्षा प्राप्त गरेका र विवादित विषयमाथिको बहसलाई प्रोत्साहन गर्ने र विद्यार्थीलाई फरक विचार सुन्न र व्यक्त गर्न अनुमति दिने खुला सिकाइ वातावरणमा हुर्केका विद्यार्थीहरू राजनीतिमा सक्रीय हुने सम्भावना बढी हुन्छ । ३५ देशमा गरिएको एउटा अध्ययनले कक्षा कोठामा खुला बहस गर्ने वातावरण भएमा राजनीतिमा सहभागी हुने इच्छा जाग्ने देखाएको थियो । इजरायल र इटलीमा कक्षा कोठाको खुला र लोकतान्त्रिक वातावरणले विद्यार्थीलाई राजनीतिक रूपमा बढी संलग्न हुन सहयोग गरेको पाइएको छ ।

उचित शिक्षा र स्थानीय तथा राष्ट्रिय स्तरका निर्णय गर्ने निकायमा हुने महिला संलग्नता एक अर्कासँग सम्बन्धित छन् । राजनीति र सार्वजनिक निकायमा महिलाको बृहत् सहभागिताले महिलाका लागि सकारात्मक नमुना प्रस्तुत गर्छ भने उनीहरूको शैक्षिक आकाङ्क्षालाई वृद्धि गर्दै शिक्षामा रहेको लैङ्गिक असमानता कम गर्छ । भारतका सबैभन्दा ठूला १६ ओटा राज्यमा जिल्ला स्तरीय राजनीतिमा संलग्न महिलाको सङ्ख्या १० प्रतिशतले बढाउँदा प्राथमिक शिक्षा पूरा गर्ने छात्राको सङ्ख्यामा झन्डै ६ प्रतिशतले वृद्धि भएको थियो । यसले छात्रा शिक्षामा व्यापक प्रभाव पारेको थियो ।

> सन् १८७० देखि २००० सम्मको अवधिमा प्रजातन्त्रतर्फ रूपान्तरण भएका देशमध्ये आधामा उच्च साक्षरताले भूमिका खेलेको थियो

शिक्षाका कारण नै असन्तुष्ट नागरिकले विरोध, बहिस्कार, हड्ताल, जुलुस, राजनीतिक प्रदर्शन, सामाजिक असहयोग तथा प्रतिरोध जस्ता अहिंसात्मक नागरिक आन्दोलनमार्फत् आफ्ना चासो अभिव्यक्त गर्न बढी सम्भव भएको हो । गएको ५५ वर्षमा १०६ वटा मुलुकका शिक्षित जातीय समूह अहिंसात्मक विरोधमा संलग्न भएको देखिएको छ ।

गुणस्तरीय शिक्षाको विस्तृत र समतामुलक पहुँचले प्रजातान्त्रिक अभ्यास र संस्था कायम राख्न सहयोग गर्छ । सन् १८७० देखि २००० सम्मको अवधिमा प्रजातन्त्रतर्फ रूपान्तरण भएका देशमध्ये आधामा उच्च साक्षरताले भूमिका खेलेको थियो ।

## शिक्षा र द्वन्द्व : जटिल सम्बन्ध


उचित शिक्षाको अभावका कारण सिर्जित गरिबी, बेरोजगारी र निराशाले मानिसलाई सशस्त्र मिलिसियामा भर्ती हुन प्रेरित गर्छन् । सियरा लियोनमा अशिक्षित युवाहरू विद्रोही समूहमा आबद्ध हुने सम्भावना माध्यमिक शिक्षा प्राप्त युवाको तुलनामा ९ गुणा बढी रहेको छ । शिक्षामा व्याप्त असमानताले यो अवस्था झन् चर्काउँछ । गएका ५० वर्षमा १०० वटा देशका तथ्याङ्कलाई हेर्ने हो भने शैक्षिक असमानता बढी भएका मुलुकमा द्वन्द्व चर्केको देखिन्छ । तर बढी शिक्षा दिनु पनि यसको सम्पूर्ण समाधान होइन किनभने एकातिर श्रम बजार स्थिर रहने र अर्कातिर शिक्षाको तहमा वृद्धि भइ रहने हो भने निराशाले विस्फोटको रूप लिन सक्छ ।

> गएका ७० वर्षमा १०० ओटा देशका तथ्याङ्कलाई हेर्ने हो भने शैक्षिक असमानता बढी भएका मुलुकमा द्वन्द्व चर्केको देखिन्छ

पूर्वाग्रह, असहिष्णुता र नराम्रो इतिहासलाई विद्यार्थीका दिमागमा भर्ने विद्यालयहरू हिंसाका उर्वर भूमि हुन् । धेरै देशहरूमा पाठ्यक्रम र सिकाइ सामग्रीहरूले परम्परावादी सोंचलाई मलजल गरेको र राजनीतिक र सामाजिक समस्यालाई झन् चर्काएको पाइएको छ । रूवान्डामा सन् १९६२ देखि १९९४ सम्म लागू गरिएको शैक्षिक नीति तथा कार्यक्रमहरूको समीक्षा गर्दा तिनले हुतु र टुट्सीलाई बहिष्करणमा पारेको पाइयो । शिक्षामा प्रयोग हुने भाषाले पनि जन आक्रोस निम्त्याउन सक्छ ।

सशस्त्र द्वन्द्व शैक्षिक प्रगतिका लागि सबैभन्दा ठूलो बाधक हो । द्वन्द्व प्रभावित मुलुकमा प्राथमिक विद्यालय जाने उमेरका करिब २ करोड १५ लाख बाल बालिका (कुल बाल बालिकामध्ये ३५ प्रतिशत) र निम्न माध्यमिक विद्यालय जाने उमेरका करिब १ करोड ५० लाख बाल बालिकाहरू (कुल बाल बालिकामध्ये २५ प्रतिशत) विद्यालय बाहिर रहेका छन् । सन् २०१३ मा सिरियाका ५ लाखभन्दा बढी बाल बालिका विद्यालयबाहिर थिए । विद्यालयलाई प्रायः सैन्य प्रयोजनका लागि प्रयोग गरिएको छ । शिक्षकहरू जोखिममा छन् । कोलम्बियामा सन् २००९ देखि २०१३ सम्मको अवधिमा १४० जना शिक्षकले ज्यान गुमाएका थिए । अझै पनि बाल बालिकालाई बलजफती सशस्त्र समूहमा भर्ती गर्ने कार्य जारी छ ।

**चित्र ४ :**
**शरणार्थी बाल बालिकाको शैक्षिक अवस्थामा भारी अन्तर छ**
*विभिन्न देशका शरणार्थी क्षेत्रमा प्राथमिक र माध्यमिक तहको भर्ना दर (सन् २०१४)*




*स्रोत :* युएनएचसिआरको सन् २०१४ को तथ्याङ्कमा आधारित भई जेम प्रतिवेदन टोलीले गरेको विश्लेषण (सन् २०१६)


शैक्षिक प्रणालीका सामु शरणार्थीहरू ठूलो चुनौतीका रूपमा रहेका छन् । अन्य बाल बालिका र किशोर किशोरीहरूभन्दा शरणार्थी बाल बालिका र किशोर किशोरीहरू विद्यालयबाहिर रहने सम्भावना ५ गुणा बढी छ । शरणार्थी भएका ठाउँमा विद्यार्थी–शिक्षक अनुपात ७०:१ रहेको छ र धेरैजसो शिक्षकहरू अयोग्य छन् ।

शिक्षाले जातीय र धार्मिक समूहहरूबिचको असमानता कम गर्न सक्छ । तर पाठ्यक्रम र छुट्टा छुट्टै विद्यालयमार्फत् यथास्थितिलाई कायम गरि रहेका विद्यालयले भने विद्यार्थीमा विभेदकारी दृष्टिकोणको विकास गरि रहेका छन् । जस्तै सन् १९९६ मा युद्धको अन्त्य भएदेखि नै बोस्निया र हर्जगोभिनामा जातीय र भाषिक आधारमा अलग अलग विद्यालयको व्यवस्था गरिएको छ । द्वन्द्वपछि पाठ्यक्रममा समावेश गरिने विषयले अन्तरसामुहिक सम्बन्धलाई फाइदा वा हानी दुवै गर्न सक्छन् । पाठ्यक्रम परिमार्जनको सफलता उत्प्रेरित, प्रतिबद्ध र तालिमप्राप्त शिक्षकमाथि निर्भर हुन्छ । राम्रोसँग डिजाइन गरिएको औपचारिक र अनौपचारिक शान्ति शिक्षाले विद्यार्थीमा देखिने आक्रामक प्रवृत्ति, हेपाहापन र हिंसात्मक द्वन्द्वमा उनीहरूको सहभागिता कम गर्छ । अन्तर्राष्ट्रिय शान्ति स्थापनाका एजेन्डामा पनि शिक्षालाई एकीकृत गर्नु पर्छ । तर, यसका सट्टा सुरक्षाका विषय वस्तुलाई प्राथमिकता दिने गरिएको छ । सन् १९८९ देखि २००५ सम्मको अवधिमा सम्झौता गरी सार्वजनिक गरिएका ३७ ओटा शान्ति सम्झौतामध्ये ११ ओटामा शिक्षाबारे केही पनि उल्लेख गरिएको छैन ।

## न्याय प्रणाली चुस्त दुरुस्त राख्न शिक्षा चाहिन्छ

शान्तिपूर्ण समाज कायम राख्न स्वस्थ न्याय प्रणाली महत्त्वपूर्ण मानिन्छ । यद्यपि, अधिकांश नागरिकसँग न्याय प्रणालीसम्मको पहुँचका लागि चाहिने सिप नहुन पनि सक्छ । पूर्व युगोस्लाभ गणतन्त्र म्यासेडोनियाको सन् २०११ को कोर्ट युजर सर्वेका अनुसार प्राथमिक शिक्षाप्राप्त ३२ प्रतिशत नागरिकमा न्याय प्रणाली र यसका सुधारबारे पूर्ण वा आंशिक जानकारी थियो जब कि उच्च शिक्षा हासिल गरेका नागरिकमा यो सङ्ख्या ७७ प्रतिशत थियो । विशेष गरी सीमान्तकृत समूहमा कानुनी अधिकारसम्बन्धी जानकारी अभिवृद्धि गर्न समुदायमा आधारित शैक्षिक कार्यक्रमहरू उपयोगी हुन सक्छन् ।

न्याय र कानुन कार्यान्वियन गर्ने गराउने अधिकारीहरूको क्षमता अभिवृद्धि गर्नु पनि त्यतिकै महत्त्वपूर्ण हुन्छ । तालिम पर्याप्त नभएमा र क्षमता अभिवृद्धिका कार्यक्रम लागू नगरिएमा न्याय प्रणाली चुस्त दुरुस्त हुन सक्दैन । यसले गर्दा प्रमाणहरू त्रुटिपूर्ण वा अपर्याप्त हुन्छन्, कानुन लागू गर्न सकिँदैन र कानुनको दुरुपयोग हुन सक्छ । संयुक्त राष्ट्र सङ्घले प्रदान गरेको रिक्रुट तालिम कार्यक्रमका कारण हाइटीको प्रहरी पाँच वर्षको अवधिमा नै सबैभन्दा कम भरपर्दोबाट सबैभन्दा बढी भरपर्दो सार्वजनिक सङ्गठन बनेको थियो ।




सन् २०१० र २०१३ मा बोको हरामले गरेको आक्रमणबाट क्षतिग्रस्त बार्नो राज्यको माइदुगुरीमा अवस्थित यर्वा प्राथमिक विद्यालय भवनको झ्यालबाट हेरि रहेका बाल बालिका । सन् १९१५ मा स्थापना गरिएको यो विद्यालय उत्तर-पूर्वी नाइजेरियाको पहिलो प्राथमिक विद्यालय हो ।

फोटो : बेडे शेपार्ड/मानव अधिकारवारी संस्था

# स्थान


विशेष गरी गरिब देशहरूमा सहरको सङ्ख्या बढि रहेको छ र तिनमा परिवर्तन भइ रहको छ ।
मानिसहरू प्रायः अवसरका लागि सहरतर्फ जान्छन् । तर धेरै मानिसका कारण सहरमा विभिन्न सेवामा चाप पर्न सक्छ ।
शिक्षाले यी मानिसलाई काम खोज्न सहयोग गर्छ र सहरलाई बसोबासका लागि आकर्षक स्थान बनाउछ ।
र बढी हरित हुने गरी सहरलाई पनि शिक्षा दिन सक्छौं ।
त्रिङ त्रिङ
यो भन्दा पनि राम्रो कुरा के भने सही खालको शिक्षाले विभेद र अपराध कम गर्न सक्छ र समुदायलाई बलियो बनाउन मद्दत गर्छ ।
खासमा मेयर र सहरी योजनाकारले हाम्रो विचार सुने भने यस्तो हुन्छ ।

# स्थान : सहर र मानव बस्ती

सहरीकरण अहिलेको एउटा मुख्य जनसाङ्ख्यिक विशेषता हो भन्दा फरक पर्दैन । विश्वभर ५० प्रतिशतभन्दा बढी मानिसहरू बजार र सहरी क्षेत्रमा बसोवास गर्छन् । सन् २०५० सम्म न्यून आय भएका सहरमा नै सबैभन्दा बढी जनसङ्ख्या वृद्धि हुने अनुमान गरिएको छ । सहरीकरणले शिक्षालाई कसरी असर पारेको छ र शिक्षाले सहरी समस्यालाई कसरी प्रभावित गरि रहेको छ भनेर जेम प्रतिवेदनले केलाउँछ ।

सहरी परिवर्तनको मात्रा र गतिले सुशासन, लचकता र नवीनता अनिवार्य बनाउँछ । सहरको जनसङ्ख्यामा परिवर्तन हुँदा सबैले शिक्षा प्राप्त गर्न सकून् भनेर सहरी योजनामा शिक्षालाई समावेश गर्नु पर्छ । तर सहरी विकाससम्बन्धी ठूल्ठूला छलफलमा शिक्षाजस्तो वृहत् क्षेत्रलाई पूर्ण रूपमा बेवास्ता गर्दै आइएको छ । सहरको भविष्यबारे गरिने छलफलमा शिक्षाको स्थान सुरक्षित गर्न शैक्षिक सरोकारवाला र सहरको नेतृत्व गर्नेहरूले यसको पैरवी गर्न सक्नु पर्छ । कुशल नेतृत्व प्रदान गर्न सक्नु पर्छ ।

## सहरले शैक्षिक योजनामा प्रभाव पार्छ

विश्वभरका आधा सहरहरू प्राकृतिक जनसङ्ख्या वृद्धिका कारण र बाँकी ग्रामीण बसाइं सराइका कारण विस्तार भएको पाइन्छ । यस प्रकारको विस्तारले आधारभूत शिक्षा, जीवन पर्यन्त सिकाइ, सिप विकास र शिक्षकको मागमा वृद्धि गराउँछ । साथै, शिक्षामार्फत् झुपडपट्टीबासी, आप्रवासी र शरणार्थीसहित सबैलाई सांस्कृतिक विविधताप्रति सहिष्णु बनाउन र सामाजिक सद्भाव अभिवृद्धि गर्न आवश्यक देखिन्छ ।

निम्न आय भएका मुलुकका एक तिहाईभन्दा बढी सहरी बासिन्दाहरू झुपडपट्टी र सुकुम्बासीबस्ती वा काँठ क्षेत्रमा बस्छन् । सुकुम्बासीबस्तीको अवस्था मुलुकपिच्छे फरक पाइन्छ तर शिक्षालगायत अन्य आधारभूत सेवामा पहुँच न्यून हुनु धेरैजसो देशका सुकुम्बासीबस्तीको साझा विशेषता हो । युगान्डाका १२ ओटा नगर तथा सहरका १३० ओटा सुकुम्बासीबस्तीमा सङ्कलन गरिएको तथ्याङ्कले अधिकांश बस्तीमा विद्यालयको पहुँच रहेको देखाएको थियो । तर, सहज पहुँच हुने गरी सामुदायिक विद्यालयको सङ्ख्यामा वृद्धि गरिनु पर्नेमा उत्तरदाताहरूले जोड दिएका थिए ।

> “सन् २०१४ को अन्त्यमा प्रत्येक १० जना शरणार्थीमा ६ जना सहरी क्षेत्रमा बसेको पाइयो । त्यस्तै विश्वका आधाभन्दा बढी शरणार्थीहरु १८ वर्षमुनिका छन् ।”

कामको खोजीमा सहर आउने मानिसले आर्थिक बिभेद, भाषिक समस्या, बेरोजगारी र शोषण जस्ता समस्याको सामना गर्छन् । यस्ता चुनौतीलाई सम्बोधन गर्न सिप विकासमा जोड दिनु पर्छ ।

विश्वभर नै शरणार्थी समस्या विकराल बन्दै गएको छ । त्यसैले, जबरजस्ती विस्थापित भएका बाल बालिका र युवाहरूलाई समेट्नुपर्ने भएकाले ती बाल बालिका तथा युवाहरूको दीर्घकालीन समायोजनमा सहयोग पुग्ने गरी सहरी शिक्षा प्रणालीमा परिवर्तन गर्नु पर्छ । खास गरी शरणार्थी समस्या विश्वव्यापी रूपमा विकराल बन्दै गइ रहेको वर्तमान अवस्थामा यो आवश्यकता टड्कारो देखिएको हो । सन् २०१४ को अन्त्यमा १० जना शरणार्थीमध्ये ६ जना सहरमा बसेको पाइयो । त्यस्तै, विश्वभरका कुल शरणार्थीमध्ये आधाभन्दा बढी शरणार्थी १८ वर्षमुनिका छन् । टर्कीमा सहरी क्षेत्रमा बस्ने ३० प्रतिशत शरणार्थी बाल बालिका मात्र विद्यालय जान्छन् भने त्यहाँका विभिन्न शिविरमा रहेका ८५ प्रतिशत सिरियाली शरणार्थी बाल बालिकाहरू विद्यालय जान्छन् ।

प्रमुख सहर र सहरवरपरका निजी विद्यालयहरूलाई सार्वजनिक शिक्षासम्बन्धी छलफलमा प्रायः वेवास्ता गरिन्छ । सहरवरपरका यस्ता विद्यालयहरू अनौपचारिक रूपमा विस्तार हुनाले यिनीहरू सरकारी तथ्याङ्कमा छुट्छन् । नाइजेरियाको लागोस राज्यमा सन् २०१०/२०११ मा निजी विद्यालयमा गरिएको एक अध्ययनले पूर्व प्राथमिक तहमा अध्ययन गर्ने ८५ प्रतिशतभन्दा बढी र प्राथमिक तहमा अध्ययन गर्ने ६० प्रतिशत बाल बालिकाहरू निजी विद्यालयमा भर्ना हुने देखाएको थियो ।

## शिक्षाले सहरमा आर्थिक, सामाजिक र वातावरणीय प्रभाव पार्छ

नवीन प्रवर्तनको प्रवर्धन गर्न र ज्ञानपरक अर्थतन्त्र (Knowledge Economies) को उत्पादकत्व वृद्धि गर्न प्राथमिक र माध्यमिक शिक्षा गुणस्तरीय हुनु पर्छ भने उच्च शिक्षाको भर्ना दर उच्च हुनु पर्छ । सहरले उच्च शिक्षा, सिप, क्षमता, ज्ञान तथा नवीन प्रवर्तनका लागि विश्वव्यापी केन्द्रका रूपमा आफूलाई उभ्याउँदै मानव पुँजी तथा प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्छ । जस्तै चीनको साङ्घाई सहरले यसरी नै विभिन्न प्रतिभालाई आकर्षित गरेको छ । त्यहाँ १ लाखभन्दा बढी ग्र्याजुयटहरू छन् । साङ्घाइले एक दशकमा नै कलेजको शिक्षा लिएका श्रम शक्तिको अनुपातमा दोब्बरले वृद्धि गरेको छ । त्यस्तै, अमेरिकाको स्टानफोर्ड विश्व विद्यालयले पनि विश्व अर्थतन्त्रमा निकै ठूलो प्रभाव पारेको छ । स्टानफोर्डमा अध्ययन गरेका भूतपूर्व विद्यार्थीहरूले खोलेका १८,००० फर्महरू क्यालिफोर्निया शहरमा अवस्थित छन् ।

अनौपचारिक काम विशेष गरी निम्न आय भएका मुलुकका सहरमा रोजगार र आयको प्रमुख स्रोत बनेको छ । उच्च आय भएका मुलुकमा पनि यस्तो काम आर्थिक सङ्कटका बेला अस्थायी रोजगार भएको छ । अनौपचारिक कामलाई मान्यता दिई यसलाई सहरी अर्थतन्त्रमा समावेश गरिनुलाई सहरको समृद्धि र सामाजिक समावेशिताका लागि महत्त्वपूर्ण मानिन्छ ।


यसबाहेक, शिक्षाले अपराध न्यूनीकरण गर्ने हुनाले यसको सामाजिक प्रभाव सकारात्मक हुन्छ । इङ्ल्यान्ड र वेल्समा अनिवार्य शिक्षाको अवधिलाई लम्ब्याएपछि अपराध र हिंसामा उल्लेख्य कमी आएको छ । अमेरिकामा प्रारम्भिक बाल शिक्षामा गरिएको लगानीले प्रौढावस्थामा हुने अपराध न्यूनीकरणमा दीर्घकालीन प्रभाव पारेको देखिन्छ ।

शिक्षाले सहरमा वातावरणीय चुनौती र नागरिकको दायित्वसम्बन्धी सचेतनामा सुधार ल्याउन सक्छ । द्रुत गतिको बस र साइकलको आम प्रयोगमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको छ । नाइजेरियाको लागोसमा नयाँ द्रुत गतिको बस सेवाबारे सञ्चालन गरिएको बृहत् सञ्चार कार्यक्रमले ढिलासुस्ति कम गरेको थियो । साइकल चलाउने सहर भएका डेनमार्क, जर्मनी र नेदरल्यान्ड जस्ता देशमा शिक्षालाई एकीकृत विधिमा समावेश गरिएको छ । त्यहाँ बाल बालिकालाई सानै उमेरदेखि तालिम दिइन्छ ।

## तर, शिक्षाले सहरमा असमानता पनि ल्याउन सक्छ

सहरमा शिक्षाले सामाजिक विभेद थप नचर्काओस् भन्नाका लागि सरकारले प्रतिस्पर्धात्मक क्षमतामा सुधार ल्याउने शैक्षिक क्रियाकलापहरू र सामाजिक समावेशीपनलाई सुधार्ने अन्य क्रियाकलापहरूबिच सन्तुलन कायम गर्नु पर्छ ।

**चित्र ५ :**
**विकासशील देशहरूमा ग्रामीण र सहरी क्षेत्रबिच भिन्नता छ, साथै सहरभित्रै पनि ठूलो भिन्नता छ**
*स्थान (गाउँ-सहर) र सम्पन्नता (तलदेखि माथिसम्म पाँच तह) का आधारमा निम्न माध्यमिक तह पूरा गर्नेका बिचको भिन्नता*





*स्रोत :* जनसङ्ख्या तथा स्वास्थ्य सर्वे, मल्टिपल इन्डिकेटर क्लस्टर सर्वे र राष्ट्रिय घरधुरी सर्वेका तथ्याङ्कमा आधारित भई जेम प्रतिवेदन टोलीले गरेको विश्लेषण (सन् २०१६) ।

शैक्षिक असमानता गाउँ र सहरबिचमा जति छ सहर आफैभित्र पनि त्यति नै हुन्छ । असमानता कम गर्ने नीति नहुँदा सहरमा बस्दा हुने फाइदाहरू ओझेलमा पर्न सक्छन् । विभेदकारी नीति तथा अभ्यासका कारण (जस्तै, योग्य शिक्षकको असमान वितरण) पनि असमानता बढ्न सक्छ । चिलीको कन्सेप्सिअन महानगरमा गुणस्तरीय विद्यालयको वितरणमा निकै ठूलो असमानता पाइएको छ । प्रायः कमजोर सरकारका कारण स्थापना हुने निजी विद्यालयहरूले असमानता अन्त्य गर्न वा यसलाई झन् चर्काउन वा यीमध्ये दुवै गर्न सक्छन् ।

नकारात्मक सोंचका कारण पनि शैक्षिक असमानता हुने गर्छ । शरणार्थी र अल्पसङ्ख्यक बाल बालिकाप्रति शिक्षकले बेला बेलामा विभेदकारी दृष्टिकोण राख्ने गर्छन् । यसले बाल बालिकालाई सामाजिक रूपले सीमान्तकृत बनाउँछ । चीनको साङ्घाइका शिक्षकहरूले आप्रवासी विद्यार्थीहरू भाषा विषयमा कमजोर भएको टिप्पणी बढी नै गर्दथे । पिछडिएका वर्गका लागि खुलेका विद्यालयहरू पनि हिंसात्मक भएमा तिनले सामाजिक बहिष्करणलाई बढावा दिन्छन् ।

संयुक्त राज्य अमेरिका, युरोप र विगतमा जातीय विभेद भएका धेरैजसो देशहरू (जस्तै, दक्षिण अफ्रिका) मा जातीयता र सामाजिक वर्गका आधारमा हुने विभेद अझै पनि कायमै छ । शिक्षित व्यक्तिहरू अत्यधिक भएका र उच्च प्रविधियुक्त ठूला ठूला सहरहरूमा पनि शिक्षामा विभेदको मात्रा उच्च छ । अमेरिकाका सबैभन्दा ठूला ३० सहरको ९० प्रतिशत क्षेत्रमा उच्च र निम्न आय हुने परिवारबिच ठूलो विभेद छ । युरोपका प्रमुख १३ सहरमा गरिएको एक अध्ययनले शिक्षित जनसङ्ख्याका कारण बौद्धिक उद्योगको विस्तार भएको तर यसले आर्थिक-सामाजिक र भौगोलिक विभेद पनि बढाएको देखाएको छ ।



## शिक्षा र जीवन पर्यन्त सिकाइले सहरी योजनामा प्रभाव पार्न र सहरको रूपान्तरण गर्न सक्छन्


यदि शिक्षालाई एकीकृत कार्यक्रमको एउटा अङ्ग बनाउने हो भने यसले सहरी योजनालाई प्रभाव पार्न सक्छ । जर्मनीको बर्लिनमा छिमेक व्यवस्थापन परियोजना सुरू गरिएको छ जसको उद्देश्य विभिन्न क्रियाकलाप, शिक्षा र रोजगारीका अवसरमार्फत् सामाजिक रूपमा एकीकृत सहर निर्माण गर्ने रहेको छ ।

> *क्यानाडा र अमेरिकामा हरेक ५००० सहरी बासिन्दाका लागि १ जना योजनाकार छन् भने भारतमा हरेक १००००० सहरी बासिन्दाका लागि १ जना योजनाकार छन्*

यसका लागि बहुविषयक तालिम चाहिन्छ किनभने यस्तो तालिमले सहरी योजनाकारलाई बस्तीको वातावरण थप दिगो बनाउनका लागि विभिन्न विषय र क्षेत्रमा प्रभावकारी कार्य गर्न सिकाउँछ । प्रायः देशमा सहरी योजनासम्बन्धी विद्यालय र कार्यक्रमहरू थोरै छन् । अमेरिका र क्यानाडामा एक जना योजनाकार बराबर पाँच हजार बासिन्दा छन् । भारतमा एक जना योजनाकार बराबर एक लाख सहरी बासिन्दा रहेका छन् ।


पिछडिएका वर्गका आवश्यकता महसुस गरी शिक्षाले नेतृत्व गर्ने सहभागितामूलक विधिले सहरी योजना र निर्णय प्रक्रियामा सुधार ल्याउँछ । झुपडपट्टीबासीहरूको अन्तर्राष्ट्रिय सञ्जाल स्याक/स्लम ड्वेलर्स इन्टरनेसनल नेटवर्क ले असमानताको अभिलेखीकरण गर्न समुदायका सदस्यहरूलाई सहयोग गरेको छ भने स्थानीय सरकारसँग सेवाको माग गरेको छ । एसोसिएसन अफ अफ्रिकन प्लानिङ स्कुल्स सँग साझेदारी गर्दै यो संस्था विशेषतः अनौपचारिक बस्तीका सन्दर्भमा सहरी योजनाको महत्त्व दर्शाउने विभिन्न गतिविधिहरूमा संलग्न छ ।

सहरका जाने बुझेका अगुवाहरूले शिक्षा र जीवन पर्यन्त सिकाइलाई सहरको रूपान्तरणका लागि उपयोग गर्न सक्छन् । कोलम्बियामा विश्वकै बढी हिंसा हुने मध्येको मेडेलिन सहरलाई त्यहाँका मेयरले शिक्षाका माध्यमबाट नवीन प्रवर्तनात्मक सहरमा रूपान्तरण गरेका थिए । सहरको सङ्ख्यामा उल्लेख्य वृद्धि भइ रहेको छ । यस्तो अवस्थामा स्थानीय स्वायत्ततामा सुधार गर्ने र शैक्षिक रणनीतिलाई जोड दिने हो भने यस्ता सहरलाई दिगो र समावेशी बनाउन सकिन्छ ।



**ब्राजिलका विभिन्न ग्रामीण भेकबाट असङ्ख्य मानिसहरू रियो दि जेनेरियो सहरमा बसाइँ सरेपछि बढ्दै गएको झुपडबस्ती**

फोटो : अन्ना स्पिज/जेम प्रतिवेदन


साझेदारी
यो सबै सुन्दा त निकै राम्रो छ तर शिक्षाका लागि पैसा चाहिन्छ । पैसा कहााबाट पैसा आउाछ त ?
पहिलो कुरा सरकारले बढी रकम सङ्कलन गर्नु पर्छ ! जस्तै करमार्फत् । शिक्षाले कर प्रणालीबारे बुझ्न पनि सहयोग गर्छ ।
कर प्रणाली
त्यसबाहेक, हामीले गर्नुपर्ने काम र यसका लागि उपलब्ध बजेटबिच फराकिलो अन्तर रहेको छ अर्थात् ३९ बिलियन अमेरिकी डलरको अन्तर छ ।
शिक्षाका लागि अन्तर्राष्ट्रिय सहायतामा वृद्धि गर्नु पर्छ । यो सहायता सन् २०१० को उच्चतम रकमभन्दा निकै घटेको छ ।
अन्तर्राष्ट्रिय सहायता कसरी खर्च भन्ने बारे हामीहरू चनाखो हुनु उत्तिकै जरुरी छ । द्वन्द्वग्रस्त र विद्यालय बाहिर रहेका बाल बालिकाको सङ्ख्या उच्च भएका देशलाई प्राथमिकतामा राख्नु पर्छ ।
खर्च नदोहोर्‍याइकन काम गर्न दाता र राजनीतिज्ञहरू सजग हुनु पर्छ र उनीहरूले सहकार्य गर्नु पर्छ ।
साच्चै मुख्य कुरा यही हो ! साझेदारी । हाम्रा लक्ष्य हासिल गर्न हामी सबै मिलेर काम गर्नु पर्छ ।

## साझेदारी : एसडिजी ४ र अन्य एसडिजीहरू हासिल गर्न सहयोग गर्ने तत्वहरू

सन् २०३० को एजेन्डाले आजका सामाजिक, आर्थिक तथा वातावरणीय चुनौतीलाई एक अर्काबाट छुट्याउन नसकिने भन्दै यसको समाधानका लागि एकीकृत विधि आवश्यक भएको बताएको छ । एसडिजी नं. १७ ले दिगो विकासका लक्ष्य हासिल गर्ने तरिका उल्लेख गर्दै पुनः सशक्त विश्वव्यापी साझेदारीको खाँचो औँल्याएको छ । यसका लक्ष्यहरूले पर्याप्त बजेट सुनिश्चित गर्न, नीतिमा एकरूपता ल्याउन र बहुसरोकारवाला साझेदारी निर्माण गर्न सहकार्यको आवश्यकता देखाएका छन् ।

### वित्तीय व्यवस्था

जेम प्रतिवेदन टोलीले निम्न र निम्न मध्यम आय भएका देशका हरेक बाल बालिका र किशोर किशोरीका लागि पूर्व प्राथमिकदेखि उच्च माध्यमिक तहसम्म गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्न अहिलेको १४९ अरब अमेरिकी डलर वार्षिक बजेटलाई बढाएर सन् २०३० सम्ममा ३४० अरब अमेरिकी डलर बनाउनु पर्ने अनुमान गरेको छ । सन् २०१५ को जुलाईमा आयोजना गरिएको विकासका लागि शिक्षासम्बन्धी ओस्लो सम्मेलनले घोषणा गरेको विश्वव्यापी शैक्षिक अवसरको वित्तीय व्यवस्थापनसम्बन्धी अन्तर्राष्ट्रिय आयोगले शिक्षामा देशभित्रकै स्रोत परिचालन गर्ने र वित्तीय अभाव पूरा गर्ने विशेष उपायहरूलगायत नयाँ सहमति निर्माण गर्नुपर्ने बताएको छ ।

> "अन्य देशमा गरिएको लगानी भन्दै बहु राष्ट्रिय कम्पनीहरूले कर नतिरेका कारण निम्न आय भएका देशहरूले वार्षिक १०० अरब अमेरिकी डलर घाटा व्यहोर्नु परेको छ"

सन् २०३० सम्मको शिक्षाको कार्य ढाँचाले जिडिपीको ४ देखि ६ प्रतिशत र सार्वजनिक खर्चको १५ देखि २० प्रतिशत हिस्सा शिक्षाका लागि छुट्याउनु पर्ने भनी २ ओटा मापदण्ड बनाएको थियो । थप राष्ट्रिय स्रोत साधन परिचालन गर्ने कार्य निकै महत्त्वपूर्ण हुनेछ । निम्न आय भएका झण्डै ५० प्रतिशत देशमा कर अनुपात जिडिपीभन्दा १५ प्रतिशत कम रहेको छ जुन अनुपात उदाउँदा/विकासशील देशहरूमा १८ प्रतिशत र विकसित देशमा २६ प्रतिशत रहेको छ । गरिब देशमा करको अनुपात वृद्धि गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासको खाँचो देखिन्छ । शिक्षाले करदाताको व्यवहारमा परिवर्तन गर्छ भने आम सम्मतिलाई बढाउँछ । १२३ देशमा सन् १९९६ देखि २०१० सम्मको तथ्याङ्कलाई हेर्दा न्यून साक्षरता दर र करबाट उठ्ने राजश्वको कमीबिच सम्बन्ध रहेको देखिन्छ । प्रायः शिक्षित सम्भ्रान्त वर्गले कर छल्ने गरेको पाइन्छ तर शिक्षाले करसम्बन्धी सकारात्मक सोंचको विकास गर्छ । ल्याटिन अमेरिकाका ९ ओटा देशले शिक्षा मन्त्री तथा कर अधिकारीबिचको संयुक्त प्रयासमार्फत् आफ्नो पाठ्यक्रममा कर शिक्षा समावेश गरेका छन् ।

कर छली गर्ने र कर नतिर्ने समस्याको समाधान गर्ने जिम्मेवारी विश्वकै हो । बहु राष्ट्रिय कम्पनीहरूले अन्य देशमा गरिएको लगानी भन्दै कर नतिरेका कारण निम्न आय भएका देशहरूले वार्षिक १०० अरब अमेरिकी डलर घाटा व्यहोर्नु परेको हालैका अनुमानले देखाएका छन् । ती देशले करमा भएको घाटा पूर्ति गर्न कर प्रोत्साहन, सम्झौता र हानिकारक कर्पोरेट निर्णयबारे राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा समन्वय गरी अगाडि बढ्नु आवश्यक छ । कैयौं देशले शिक्षाको हितमा खर्चको पुनर्वितरण गर्न सक्छन । शिक्षामा हुने खर्चलाई प्राथमिकता दिने २ ओटा उपाय छन् : जैविक इन्धनमा दिइने सहुलियत हटाउने र शिक्षामा रकम विनियोजन गर्ने । इन्धन सहुलियतमा गरिएको सुधारका कारण इन्डोसियामा सन् २००५ देखि २००९ सम्मको अवधिमा शिक्षामा हुने सरकारी खर्चमा ६० प्रतिशतले वृद्धि भएको थियो ।

यदि राष्ट्रिय राजस्व परिचालनमा सुधार आएछ भने पनि वार्षिक ३९ अरब अमेरिकी डलर वित्तीय घाटा कायमै रहन्छ । निम्न आय भएका अधिकांश मुलुकका लागि अन्तर्राष्ट्रिय सहायता जारी राख्नु पर्ने देखिन्छ । तर सन् २०१३ र २०१४ को अवधिमा शैक्षिक सहायतामा झन्डै ६० करोड अमेरिकी डलरले कमी आएको थियो । यस्तो अवस्थामा ३ ओटा विकल्प फलदायी हुन सक्छन् । पहिलो, बहुपक्षीय संयन्त्रमार्फत् शिक्षामा थप रकम विनियोजन गर्न सकिन्छ । दोस्रो, सहायता रकमलाई घरेलु स्रोत साधन बढाउने गरी सरकारको क्षमता अभिवृद्धिमा प्रयोग गर्न सकिन्छ । र, तेस्रो, अत्यावश्यक भएका मुलुक र शैक्षिक तहका लागि सहायता रकम खर्च गर्न सकिन्छ । यसबाहेक, अन्य पक्षमा पनि सुधार गर्न सकिन्छ । शिक्षामा गरिएको लगानीले नतिजा राम्रो ल्याएको छ तर सन् २०१४ मा प्रारम्भिक बाल हेरचाह तथा शिक्षाका लागि जम्मा १०.६ करोड अमेरिकी डलर प्रत्यक्ष सहायतास्वरूप प्राप्त भएको थियो जुन उच्च माध्यमिक तहका लागि छुट्याइएको रकमभन्दा ३ प्रतिशतले कम हुन आउँछ ।


### नीतिगत तालमेल

दिगो विकासका चुनौतीहरूको सामना गर्न क्षेत्र विशेषका विधिहरू मात्र पर्याप्त हुँदैनन् । एसडिजीका बृहत् लक्ष्यहरू हासिल गर्न बहु क्षेत्रगत विधि अपनाउनु पर्छ । बहु क्षेत्रगत शैक्षिक कार्यक्रमहरूमा एकीकृत विद्यालय खाद्य तथा स्वास्थ कार्यक्रमहरू, प्रारम्भिक बाल विकास र सिपमूलक तथा जीवनोपयोगी तालिम समावेश गरिन्छ ।

**चित्र ६ :**

**आधारभूत शिक्षाका लागि दिइएको सहायता रकम आवश्यकताअनुसार छैन**

*प्राथमिक विद्यालय उमेरका प्रत्येक बाल बालिकाको आधारभूत शिक्षाका लागि दिइएको कुल सहायता रकम (सन् २०१४) र प्राथमिक तह पूरा गर्ने दर (सन् २००८-२०१४)*




*स्रोत :* ओइसिडी क्रेडिटर रिपोर्टिङ सिस्टमको तथ्याङ्क (सन् २०१६) र वर्ल्ड इनइक्वालिटी डाटाबेस अन एजुकेसनमा आधारित भई जेम प्रतिवेदन टोलीले गरेको विश्लेषण ।

राष्ट्रिय तहमा बहु क्षेत्रगत योजनामा सुधार गर्न अपनाइएका सफल प्रयासहरूले राजनीतिक इच्छा शक्ति, संस्थागत सहयोग, पर्याप्त क्षमता र तथ्याङ्कको महत्त्व झल्काउँछन् । नाइजेरियामा सहस्राब्दी विकास लक्ष्यलाई टेवा पुग्ने गरी शिक्षा, स्वास्थ्य, खाने पानी तथा सर सफाई जस्ता स्थानीय सेवा प्रवाहमा सहयोग गर्न ऋण मिनाहा कोष प्रयोग गरिएको थियो । कोलम्बियाको राष्ट्रिय विकास योजनाले शिक्षा, शान्ति र समतालाई प्राथमिकताका क्षेत्रमा राखेको छ । कोलम्बियाले सन् २०२५ सम्ममा ल्याटिन अमेरिकाकै सबैभन्दा साक्षर देश हुने लक्ष्य राखि सकेको छ ।

सरकारी निकायले विशेषतः नीति निर्माण र यसको क्षेत्रगत कार्यान्वयनमा जोड दिन्छन्, तर यसले समन्वय र सहकार्यमा बाधा उत्पन्न गर्छ । गुणस्तरीय शिक्षाको वित्तीय योजना, विकेन्द्रीकृत योजना तथा वित्तीय प्रणालीसँग प्रत्यक्ष सम्बन्ध राख्ने र विभिन्न क्षेत्रलाई एकीकृत गर्ने गरी राम्रोसँग तय गरिएका राष्ट्रिय योजनाहरू अति विपन्न देशहरूमा कहीं कहीं मात्रै छन् ।

एसडिजीले माग गर्ने एकीकृत योजनासँग मेल खाने कार्यक्रम सञ्चालन गर्ने क्रममा सहायता एजेन्सीले दुई खालका चुनौतीहरूको सामना गर्छन् । पहिलो, उनीहरूमा विकासप्रति एउटा संयुक्त दृष्टिकोणको अभाव हुन्छ । दोस्रो, बहुक्षेत्रगत कार्यक्रमहरूलाई समन्वय गर्न उनीहरूसामु विभिन्न कठिनाई आइ पर्छन् । मुलुकको आवश्यकताअनुसार उचित रूपमा सहायता वितरण गरिएको छैन । लाइबेरिया र मौरिटानियामा करिब ५० प्रतिशत बाल बालिकाले मात्रै प्राथमिक तह पूरा गर्छन् । तर, लाइबेरियाले विद्यालय जाने उमेरका प्रत्येक बाल बालिकाको आधारभूत शिक्षाका लागि १० गुणा बढी सहायता रकम पाउँछ ।

## साझेदारी

स्थानीय र राष्ट्रिय सरकारी निकाय, नागरिक समाज, प्राज्ञिक वर्ग, वैज्ञानिक, निजी क्षेत्र र बहु सरोकारवाला विश्वव्यापी सङ्घ संस्थाहरू साझेदार हुन् । यिनले एसडिजीजस्ता विश्वव्यापी एजेन्डाहरू कार्यान्वयनमा सहयोग गर्छन् । सरकारले सञ्चालन गर्ने नयाँ कार्यक्रमका लागि वित्तीय व्यवस्था, कार्यान्वयन र सामुहिक जवाफदेहिता सुनिश्चित गर्न नागरिक समाज, निजी क्षेत्र र बहु सरोकारवाला साझेदारहरूले गहन भूमिका खेल्छन् ।

> *"एसडिजीको सफलताका लागि समन्वय गर्ने र वित्तीय व्यवस्थापन गर्ने निकायको भूमिका निकै महत्त्वपूर्ण हुन्छ।"*

सबैका लागि शिक्षाको लक्ष्य हासिल गर्ने क्रममा नागरिक समाजको सक्रियता बढ्नु उक्त अभियानको महत्त्वपूर्ण उपलब्धि मानिएको थियो । तर, नागरिक समाजसँगको साझेदारीलाई उपलब्धिमूलक बनाउन विभिन्न समस्याहरू छन् ।  दाताको सहायतामाथि अत्यधिक निर्भर हुने संस्थाहरूले कसरी आफ्नो स्वतन्त्रता कायम गर्न सक्छन् ? त्यस्तै, नागरिक समाजको छातामुनी सबै क्षेत्रका र विविध खाले मानिसहरू समेटिनु पनि अर्को एउटा समस्या हो ।

निजी क्षेत्रको गतिशीलता तथा सहायता एसडिजीका लागि आश लाग्दो विषय हो । निजी क्षेत्रको वित्तीय सहयोग, प्रवर्तन, सिकाइ उपलब्धिमा ल्याएको सुधार र यसले अपनाउने लचकताको धेरैले प्रशंसा गरेको पाइन्छ । तर, केहीले यस्तो संलग्नताले विद्यालयमा झन् असमानता बढ्ने र शैक्षिक क्षेत्रमा बजारको अनावश्यक प्रभाव पर्ने आशंका गरेका छन् ।

समन्वय गर्ने र वित्तीय व्यवस्थापन गर्ने निकायको भूमिका निकै महत्त्वपूर्ण हुन्छ । विश्वव्यापी शैक्षिक समन्वय संयन्त्रअन्तर्गत एसडिजी-शिक्षा २०३० कार्य समिति, विश्वव्यापी शैक्षिक बैठकहरू, क्षेत्रीय भेला र समग्र एनजिओहरू रहेका छन् । कार्य समिति विभिन्न देशलाई सहयोग उपलब्ध गराउने, प्रगतिको समीक्षा गर्ने र साझेदारहरूबिच समन्वय गर्ने मुख्य संयन्त्र हो । शैक्षिक क्षेत्रको बहु सरोकारवाला साझेदारका रूपमा रहेको शिक्षाका लागि विश्वव्यापी साझेदारीले स्वास्थ्य क्षेत्रको साझेदारी क्षयरोग, एड्स, मलेरिया र जिएभिआईसम्बन्धी विश्व कोषबाट पाठ सिक्न सक्छ । यसले स्वास्थ्यका क्षेत्रमा ठूलो आर्थिक सहयोग उपलब्ध गराउँछ । 'शिक्षाले पर्खेर बस्दैन' (Education Cannot Wait) भन्ने नयाँ कोषले द्वन्द्व, प्राकृतिक विपद् र महामारीबाट प्रभावित मानिसका लागि लक्षित शिक्षाका लागि रकम सङ्कलन गर्ने उद्देश्य राखेको छ ।

# प्रक्षेपण : विस्तार हुँदै गएको शिक्षाले दिगो विकासका उपलब्धिमा कसरी प्रभाव पार्छ ?

## सन् २030 र त्यसभन्दा पछिका विश्वव्यापी शैक्षिक उपलब्धिहरुको प्रक्षेपण


संसारभरका प्रतिनिधिमूलक तथ्याङ्क र आधुनिक विधिको उपयोग गर्दै जेम प्रतिवेदन २०१६ ले सन् २०३० सम्ममा विश्वव्यापी रूपमा सबैले माध्यमिक शिक्षा पूरा गर्ने प्रक्षेपण गरेको छ । यो प्रक्षेपणले दिने सन्देश निकै स्पष्ट छ । अर्थात् संसारले विश्वव्यापी शिक्षाको प्रतिबद्धता पूरा गर्न ५० वर्ष ढिलो हुने छ । अहिलेको गति जारी रहेमा सर्वव्यापी रूपमा प्राथमिक शिक्षा पूरा गर्ने लक्ष्य सन् २०४२ सम्ममा, सर्वव्यापी रूपमा निम्न माध्यमिक शिक्षा पूरा गर्ने लक्ष्य सन् २०५९ सम्ममा, र सर्वव्यापी रूपमा उच्च माध्यमिक शिक्षा पूरा गर्ने लक्ष्य सन् २०८४ सम्ममा मात्र हासिल हुने छ । अति विपन्न देशहरूलाई सर्वव्यापी प्राथमिक शिक्षाको लक्ष्य हासिल गर्न धनी देशहरूलाई भन्दा १०० वर्ष थप समय लाग्ने छ । यसको मुख्य निचोड के हो भने यदि एसडिजीको परिसुचक ४.१ हासिल गर्ने हो भने निम्न र मध्यम आय भएका दुवै थरी देशहरूले विगतको प्रवृत्ति तोड्न सक्नु पर्छ ।

## विकासमा पर्ने प्रभावको पूर्वानुमान

प्रक्षेपणले एसडिजीमा समाविष्ट गरिएको शिक्षाको लक्ष्य हासिल गर्न नसकिने देखाएको छ । यद्यपि, मध्यम स्तरको मात्र प्रगति भए पनि यसले भावी पुस्ताका लागि ठूलो परिवर्तन ल्याउन सक्छ । शैक्षिक विस्तारले एसडिजीका अन्य लक्ष्यहरूलाई पनि सहयोग गर्छ । शिक्षाले शिशु तथा बाल मृत्यु दर कम गरेर र प्रौढको औसत आयु बढाएर जीवन रक्षा गर्न सक्छ । शिक्षाले औसत राष्ट्रिय आर्थिक वृद्धि बढाएर र चरम गरिबी घटाएर राष्ट्र र जनातालाई गरिबीबाट मुक्ति दिलाउन सक्छ । शिक्षाले विपद्जन्य जोखिम न्यूनीकरण गर्न सक्छ । जेम प्रतिवेदनले यिनै तथ्यहरूको विश्लेषण गर्छ ।

सन् २०३० सम्ममा सबैले उच्च माध्यमिक शिक्षा पूरा गरेमा उक्त अवधिभित्र अफ्रिकामा हरेक १,००० जीवित जन्ममा ५ वर्ष मुनिको बाल मृत्यु दर ६८ बाट ५४ मा झर्ने छ । त्यस्तै सन् २०५० सम्ममा यो दर ५१ बाट ३८ मा झर्ने छ । सामुदायिक स्तरमा सञ्चालन हुने कार्यक्रम र स्वस्थ अभ्यास तथा व्यवहारको विस्तारबाट बाल स्वास्थ्यमा सुधार ल्याउन सकिने हुनाले बाल मृत्यु दर अनुमानभन्दा अझै कम हुन सक्छ । शिक्षाले श्रमको उत्पादकत्वमा वृद्धि गरी साथै प्रविधिको विकास र प्रयोगमार्फत् प्रति व्यक्ति आयमा वृद्धि गर्न सक्छ । उच्च माध्यमिक शिक्षालाई विश्वभर अनिवार्य गर्दा निम्न आय भएका देशहरूको प्रति व्यक्ति आय सन् २०५० सम्ममा ७५ प्रतिशतले बढ्ने छ । सन् २०३० सम्ममा एसडिजीको लक्ष्य ४.१ हासिल गर्दैमा चरम गरिबी निवारण गर्न नसकिए पनि यसले यर्दा गरिबी निवारण १० वर्ष छिटो हुन सक्छ ।

**चित्र ७ :**
**विगतको गति कायम हुने हो भने निम्न र मध्यम आय भएका देशहरूमा सन् २०३० सम्ममा सबैले प्राथमिक तह पूरा गर्ने लक्ष्य पनि हासिल हुन सक्दैन**
*शैक्षिक तह र विभिन्न आय भएका देशहरूको समूहका आधारमा १५-१९ वर्ष उमेर समूहका विद्यार्थीले तह पूरा गर्ने अनुमानित दर*




*स्रोत :* बाराकाट (सन् २०१६)

शिक्षाले विपद्बाट हुने मृत्यु कम गर्न सक्छ किनभने शिक्षित मानिसहरू जोखिमबारे बढी सचेत हुन्छन् । उनीहरूले राम्रो पूर्व तयारी गर्छन् र जोखिमविरूद्ध उपयुक्त प्रतिकार्य गर्छन् । यसले गर्दा मानवीय क्षति कम हुन्छ ।

यदि सन् २०३० सम्ममा विश्वव्यापी रूपमा माध्यमिक शिक्षा पूरा गर्ने लक्ष्य हासिल हुने हो भने विपद्को बारम्बारता एकनासको भएमा सन् २०४०-२०५० सम्ममा विपद्जन्य रोगबाट हुने मृत्युको सङ्ख्या हरेक १० वर्षमा १०,००० देखि २०,००० ले कम हुन सक्छ । जब कि २००० देखि २०१० को अवधिमा विपद्का कारण मृत्यु हुनेको सङ्ख्या २,००,००० थियो । विश्वव्यापी माध्यमिक शिक्षाले विशेष गरी एसियामा विपद्बाट हुने मृत्युलाई निकै कम गर्नेछ किनभने एसियामा सबैभन्दा बढी जनसङ्ख्या छ र यहाँको तटीय क्षेत्रमा सबैभन्दा बढी सङ्कटासन्न अवस्थाका अधिकांश मानिसहरू बसेका छन् ।

## *शिक्षा र दीगोपन : हामीलाई के थाहा छ र के थाहा हुनु पर्छ*

यो सारांशले शिक्षा र दिगो विकासबिच विद्यमान कैयौं सम्बन्धलाई देखाएको छ । यस्ता सम्बन्धले प्राथमिक र माध्यमिक शिक्षा पूरा गर्दा व्यक्ति मात्रै होइन, परिवार, समाज र कार्य क्षेत्र सबैलाई फाइदा हुन्छ । शिक्षित पुरूष तथा महिलाहरू वातावरणीय रूपमा थप सचेत हुन, जलवायु परिवर्तनप्रति थप उत्थानशील हुन, उत्पादनमा वृद्धि गर्न र आय बढाउन, स्वस्थ जीवन जीउन, राजनीतिक रूपमा सक्रिय हुन र आफ्नो जीवनमाथि नियन्त्रण कायम गर्न सक्छन् । बालिका र महिलालाई शिक्षित बनाउँदा असङ्ख्य फाइदा हुन्छ र यसको असर पुस्तौं पुस्तासम्म पुग्दछ ।

> *"यथास्थितिको शिक्षाले दिगो विकासको मुद्दा साकार पार्न सक्दैन"*

विकसित विश्व परिस्थितिले शैक्षिक प्रभावलाई पनि परिवर्तन गरि रहेको छ । उदाहरणका लागि, विश्व अर्थतन्त्रलाई लिन सकिन्छ, जसका कारण एकातिर केही मानिसले अत्याधिक सम्पत्ति थुपारेका छन् भने अर्कातिर यसले अधिकांश मानिसको जीवन र दैनिकीमा परिवर्तन गर्दै आर्थिक विचलन र लामो गरिबीको मारमा पारी उनीहरूलाई पछाडि धकेलेको छ । आर्थिक स्थिति खस्किएपछि यसले राजनीतिक असुरक्षा र द्वन्द्व भन् चर्काउँछ र लाखौं मानिसलाई घरबार छोड्न बाध्य पार्छ । प्राकृतिक विपद् र जलवायु परिवर्तनका कारण हुने बसाइँ सराइले हरेक नागरिकले १२ वर्षे शिक्षा पूरा गर्ने स्थिति सुनिश्चित गर्न र जीवन पर्यन्त सिकाइका लागि पर्याप्त अवसर उपलब्ध गराउन राज्यले गरेका प्रयासलाई विफल बनाउँछ ।

यथास्थितिको शिक्षाले नयाँ दिगो विकासको मुद्दालाई साकार पार्न सक्दैन । यसका लागि रूपान्तरण गर्न सक्ने शिक्षाको आवश्यक पर्छ । सिकाइले सम्बन्धनात्मक र एकीकृत रूपले सोच्न सक्ने, समानुभूति राख्न सक्ने, पूर्वानुमान गर्न सक्ने र पारिस्थितिक प्रणाली बुझ्न सक्ने बनाउनु पर्छ । जताततै दिगोपन कायम गरी हरेक विद्यालय नमुना बन्न सक्नु पर्छ । अर्थात् आफूलाई समावेशी, लोकतान्त्रिक, स्वस्थ र कार्बनमुक्त बनाएर हरेक विद्यालय एसडिजीका लागि आधारशीला बन्न सक्नु पर्छ ।

### तलका सुझावहरूले शैक्षिक प्रणालीले दिगो विकासमा के योगदान गर्न सक्छन् देखाउँछन् :

- विभिन्न क्षेत्र र साझेदारहरूबिच सहकार्य गर्न र कार्यगत सिनर्जी निर्माण गर्न सहयोग गर्छ । प्रणालीगत समस्याको समाधानका लागि बहु क्षेत्रगत कार्य समूह र विविध दृष्टिकोण चाहिने हुनाले मन्त्रालय, शिक्षाविद् र नागरिक समाजलगायत सबै साझेदारहरूलाई विभिन्न क्षेत्रमा समावेश गर्नु पर्छ ।
- सरकारहरूले औपचारिक तथा अनौपचारिक शिक्षा र तालिमलाई बहु क्षेत्रगत समस्यासँग जुध्न उनीहरूलाई सहयोग गर्ने साधनका रूपमा लिनु पर्छ । विभिन्न क्षेत्रमा क्षमता अभिवृद्धिका लागि शिक्षा एउटा महत्त्वपूर्ण माध्यम बन्न सक्छ । एसडिजीका धेरैजसो लक्ष्यले शैक्षिक प्रणालीले प्रदान गर्ने विशिष्टीकृत सिप र ज्ञानको माग गर्छन् ।
- शिक्षाले आयमा हुने असमानता कम गर्न सहयोग गर्छ । गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षामा सीमान्तकृत समुहको पहुँच विस्तार गरेमा उनीहरूको आयमा वृद्धि हुन्छ र असमानता कम हुन्छ । श्रम बजारसम्बन्धी नियम र प्रविधिले कामदारहरूलाई दुःख दिनु हुँदैन ।
- शिक्षा प्रणालीहरूलाई यी कुराका लागि थप र निश्चित आर्थिक सहायता चाहिन्छ : (क) विश्वव्यापी रूपमा सबैलाई प्राथमिक र माध्यमिक शिक्षा पूरा गराउन, (ख) दक्ष, ज्ञानले युक्त र उत्प्रेरित शिक्षकको सङ्ख्या वृद्धि गर्न, (ग) सीमान्तकृत समूहलाई गुणस्तरीय शिक्षा प्रदान गर्न, र (घ) जलवायु परिवर्तनको प्रभाव र सम्भावित दीर्घकालीन द्वन्द्वविरूद्ध तयारी अवस्थामा रहन ।

### समतामा सुधार

- महिलाको स्वतन्त्रता र निर्णय क्षमता वृद्धि गर्न सर्वव्यापी प्राथमिक तथा माध्यमिक शिक्षा अझ विशेष गरी छोरीका लागि दिइने शिक्षाको विशेष महत्त्व हुन्छ । यो लक्ष्य हासिल भएसँगै जनसङ्ख्या वृद्धि घट्छ, विभिन्न पुस्तामा व्याप्त सामाजिक मूल्य तथा अभ्यासहरू बदलिन्छन् र पृथ्वीमा पर्ने भार कम हुन्छ ।
- अल्पसङ्ख्यक, शरणार्थी र आन्तरिक रूपले विस्थापितहरूलाई लक्षित गरी बनाइएका नीतिहरूले शिक्षणको उपयुक्त माध्यम भाषालाई प्राथमिकता दिनु पर्छ र भेदभावरहित पाठ्यक्रम र सिकाइ सामग्रीहरूको प्रयोग सुनिश्चित गर्नु पर्छ । जातीय अल्पसङ्ख्यक र आप्रवासीहरूको सङ्ख्या धेरै भएका देशहरूमा शिक्षणको उपयुक्त भाषामा निपूर्ण शिक्षकहरूको सङ्ख्या बढाउनु पर्छ ।
- सहरी योजनामा शैक्षिक योजना समावेश गर्नु पर्छ र ग्रामीण क्षेत्रलाई पनि वेवास्ता गर्नु हुँदैन । अन्य आधारभूत सेवालगायत झुपडपट्टीबासीका लागि शैक्षिक योजना बनाउने कार्य अत्यावश्यक हुन्छ । सार्वजनिक सुविधा र गुणस्तरीय शिक्षकको उचित वितरण गर्नु पर्छ अनि विद्यालयलाई सुरक्षित र हिंसामुक्त बनाउनु पर्छ । जनसङ्ख्या घटि रहेका ग्रामीण क्षेत्र र विद्यालयलाई बलियो बनाउन उचित योजना र सामुदायिक सहभागिताको खाँचो पर्छ ।

### शिक्षाको प्राथमिकतामा परिवर्तन

- सिपसम्बन्धी नीतिहरू बनाउने क्रममा शैक्षिक प्रणालीले मध्यम र दीर्घकालीन आवश्यकता र दिगो विकासको महत्त्वलाई ध्यानमा राख्नु पर्छ । विद्यार्थीलाई हरित सिप सिकाउनु पर्छ । श्रमिकलाई आफ्नो सिप सुधार्ने र पुनः तालिम लिने अवसरहरू प्रदान गर्नु पर्छ । माध्यमिक र उच्च माध्यमिक तहका पाठ्यक्रममा परिवर्तन गर्नु पनि त्यतिकै आवश्यक छ । व्यापार र उद्योगसँग उचित सहकार्य गर्ने हो भने यसले शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार ल्याउँछ ।
- नागरिक शिक्षा, शान्ति शिक्षा र दिगोपनसम्बन्धी शैक्षिक कार्यक्रमहरू एसडिजीतर्फको प्रगतिलाई थप अगाडि बढाउँछन् । यदि प्रभावकारी रूपमा कार्यान्वयन गर्ने हो भने यस्ता कार्यक्रमले समतामूलक न्याय प्रणालीको प्रत्याभुत गराउँछन्, नियम तथा कानुनको पालनाका लागि क्षमता अभिवृद्धि गर्छन्, र शान्तिपूर्ण र रचनात्मक समाज निर्माणका लागि मलजल गर्छन् । साथै, संस्कृति, अर्थतन्त्र र वातावरणबिचको सम्बन्धबारेको बोध गराउने र भावी पुस्ताको जीवनमा सुधार ल्याउने क्रियाकलापलाई पनि यस्ता कार्यक्रमले प्राथमिकतामा राख्छन् ।

## दिगो विकासका लक्ष्यअन्तर्गत गरिने शैक्षिक अनुगमनमा चुनौतीहरू

एसडिजी ४ र यसमा समाविष्ट १० ओटा लक्ष्यहरूले आउँदो १५ वर्षको महत्वकाङ्क्षा प्रस्तुत गर्छन् । यिनीहरू यसभन्दा पहिला गरेका शैक्षिक सहमतिहरूभन्दा निकै महत्त्वाकाङ्क्षी छन् । सन् २०३० सम्मको मुद्दाअन्तर्गत रहेर शैक्षिक प्रगतिको अनुगमन गर्दा आइपर्ने चुनौतीहरू जेम प्रतिवेदनमा उल्लेख गरिन्छ । यसले एसडिजी ४ अन्तर्गतका सबै लक्ष्यहरूको विश्लेषण गर्छ (कुनै कुनै लक्ष्यहरू त्यति गतिला छैनन्) र तिनका सूचकहरूको अनुगमनका क्रममा आइपर्ने प्राविधिक चुनौतीहरूबारे पनि चर्चा गरेको छ । यसले मापनका आधिकारिक, भरपर्दा र तुलनायोग्य विधिहरूको विकासका लागि गरिएका प्रयासहरूको पनि लेखाजोखा गरेको छ ।

जेम प्रतिवेदनले विश्वव्यापी शैक्षिक अनुगमनका प्राथमिकता के के हुन् र राष्ट्र र संस्थाहरूले स्रोत साधनलाई कहाँ कहाँ प्रयोग गर्नु पर्छ भन्ने प्रश्न गर्छ । यो प्रतिवेदनले सूचकहरूको मापन गरिने संस्थागत, राजनीतिक र प्राविधिक परिवेशको पनि विश्लेषण गर्छ ।

### जेम प्रतिवेदनको भूमिका

जेम प्रतिवेदनले विश्वले शिक्षा र जीवन पर्यन्त सिकाइमा के कसरी प्रगति गरि रहेको छ देखाउने जिम्मेवारी पाएको छ । सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदनले आफ्नो दयित्व पूरा गरेको मानिन्छ । तर, सन् २०३० सम्मको मुद्दासँगै परिस्थितिमा व्यापक फेरबदल आइ रहेको छ र नयाँ चुनौतीहरू थपिएका छन् ।

अनुगमनका लागि सूचकहरूको एउटा सेट तयार भइ सकेको छ (कोठा १) । तर, तीमध्ये धेरैजसोको मापन गर्ने विधि भने तयार हुँदै छ । अधिकांश यस्ता सूचकले हरेक लक्ष्यका अवधारणालाई आंशिक रूपमा मात्रै समेटेका छन् । राष्ट्रिय तथा क्षेत्रीय स्तरमा यी लक्ष्यहरू मापन र अनुगमन गर्ने वैकल्पिक माध्यमहरूको खोजी गर्नु पर्छ ।

जेम प्रतिवेदनले विश्वले शिक्षा र जीवन पर्यन्त सिकाइमा के कसरी प्रगति गरि रहेको छ देखाउने जिम्मेवारी पाएको छ

उपलब्ध भएका सूचकहरूको प्रयोग गर्दै जेम प्रतिवेदनले आगामी वर्षमा शिक्षामा भएको विश्वव्यापी प्रगतिको व्यापक अवलोकन गर्ने छ । यस क्रममा त्यस्ता सूचकहरू उपयोगी भए नभएको हेरिने छ । स्रोतको गुणस्तरमा ध्यान दिइने छ । उपलब्ध प्रमाणहरूलाई हेर्न नयाँ तरिका अपनाइने छ र सुधारका लागि पैरवी गरिने छ ।

## कोठा १

**शिक्षासम्बन्धी एसडिजी ४ का लागि लक्ष्य र प्रस्तावित विश्वव्यापी/विषयगत सूचकको ढाँचा**

**लक्ष्य ४.** *सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवन पर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने*

**लक्ष्य ४.१.** *सान्दर्भिक र प्रभावकारी सिकाइ उपलब्धि हासिल हुने गरी सन् २०३० सम्ममा सबै बाल बालिकाले निःशुल्क, समतामूलक तथा गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षा पूरा गर्ने छन् भन्ने सुनिश्चित गर्ने*

१. लिङ्गका आधारमा (क) कक्षा २/३ मा; (ख) प्राथमिक तहको अन्त्यमा; र (ग) निम्न माध्यमिक तहको अन्त्यमा (अ) पढाइ, र (आ) गणितमा कम्तिमा न्यूनतम दक्षताको तह हासिल गरेका बाल बालिकाको प्रतिशत । **(विश्वव्यापी सूचक ४.१.१)**

२. (अ) प्राथमिक शिक्षाको अवधिमा, (आ) प्राथमिक शिक्षाको अन्त्यमा, र (इ) निम्न माध्यमिक शिक्षाको अन्त्यमा राष्ट्रिय स्तरको सिकाइ मूल्याङ्कन गर्ने ।

३. अन्तिम कक्षाको अनुपातमा कुल प्रवेश दर (प्राथमिक, माध्यमिक)

४. शिक्षा पूरा गर्ने दर (प्राथमिक, निम्न माध्यमिक, उच्च माध्यमिक)

५. विद्यालय बाहिर रहेका बाल बालिकाको दर (प्राथमिक, निम्न माध्यमिक, उच्च माध्यमिक)

६. कक्षागत रूपमा बढी उमेरका बाल बालिकाको प्रतिशत (प्राथमिक, निम्न माध्यमिक)

७. कानुनले तोकेको (अ) निःशुल्क, र (आ) अनिवार्य प्राथमिक र माध्यमिक शिक्षाको वर्ष अवधि

**लक्ष्य ४.२.** *प्राथमिक शिक्षाका लागि तयार हुने गरी सन् २०३० सम्ममा हरेक बाल बालिका गुणस्तरीय प्रारम्भिक बाल विकास तथा पूर्व प्राथमिक शिक्षाको पहुँचमा पुगेको सुनिश्चित गर्ने*

८. लिङ्गका आधारमा स्वास्थ्य, सिकाइ र मनोसामाजिक अवस्थाको उचित विकास भएका ५ वर्षमुनिका बाल बालिकाको अनुपात **(विश्वव्यापी सूचक ४.२.१)**

९. घरमा सकारात्मक र प्रेरणादायी सिकाइ वातावरण पाएका ५ वर्षमुनिका बाल बालिकाको प्रतिशत

१०. लिङ्गका आधारमा अर्गानाइज्ड लर्निङमा सहभागिता दर (औपचारिक रूपमा प्राथमिक तहमा प्रवेश गर्नुभन्दा १ वर्ष अगाडि)**(विश्वव्यापी सूचक ४.२.२)**

११. पूर्व प्राथमिक तहको कुल भर्ना दर

१२. कानुनले निर्दिष्ट गरेको (अ) निःशुल्क, र (आ) अनिवार्य पूर्व प्राथमिक शिक्षाको वर्ष अवधि

**लक्ष्य ४.३.** *सन् २०३० सम्ममा सुलभ र गुणस्तरीय प्राविधिक, व्यावसायिक तथा उच्च शिक्षा (विश्व विद्यालयलगायत) मा हरेक महिला तथा पुरुषको समान पहुच सुनिश्चित गर्ने*

१३. उच्च शिक्षाको कूल भर्ना दर

१४. प्राविधिक/व्यावसायिक शैक्षिक कार्यक्रममा सहभागिता दर (१५-२४ वर्ष उमेर समूह)

१५. लिङ्गका आधारमा अगाडिका १२ महिनामा औपचारिक तथा अनौपचारिक शिक्षा र तालिममा युवा र प्रौढको सहभागिता दर **(विश्वव्यापी सूचक ४.३.१)**

**लक्ष्य ४.४.** *सन् २०३० सम्ममा रोजगारी, सभ्य काम र उद्यमशीलताका लागि आवश्यक प्राविधिक तथा व्यावसायिक सिपलगायतका सान्दर्भिक सिपयुक्त युवा र प्रौढको सङ्ख्यामा उल्लेख्य वृद्धि गर्ने*

१६.१. डिजिटल साक्षरता सिपमा कम्तिमा न्यूनतम दक्षता हासिल गरेका युवा र प्रौढको प्रतिशत

१६.२. सिपका प्रकारका आधारमा सूचना र सञ्चार प्रविधि (आइसिटी) सिप हासिल गरेका युवा र प्रौढको प्रतिशत **(विश्वव्यापी सूचक ४.४.१)**

१७. उमेर समूह, आर्थिक क्रियाकलापको स्तर, शैक्षिक तह र कार्यक्रमको ओरियन्टेसनका आधारमा युवा/प्रौढको शैक्षिक उपलब्धि दर

**लक्ष्य ४.५.** *सन् २०३० सम्ममा शिक्षामा लैङ्गिक असमानता अन्त्य गर्ने र सबै तहका शिक्षा र व्यावसायिक तालिममा अपाङ्गता भएका, आदिवासी र सङ्कटासन्न अवस्थाका बाल बालिकालगायत सङ्कटासन्न सबैको पहुँच सुनिश्चित गर्ने*

सबै शैक्षिक सूचकका लागि तथ्याङ्क उपलब्ध भएसम्म यो सूचीमा भएका समता सूचकहरू (महिला/पुरुष, गाउँ/सहर, सम्पत्तिका आधारमा तलदेखि माथिसम्म गरी ५ तह र अन्य जस्तै अपाङ्ग, आदिबासी र द्वन्द्व प्रभावित) । यिनलाई छुट्टा छुट्टै राख्न सकिन्छ **(विश्वव्यापी सूचक ४.५.१)**

१८. प्राथमिक तहमा शिक्षणको भाषा आफ्नो पहिलो भाषा वा मातृभाषा भएका विद्यार्थीको प्रतिशत

## कोठा १

१९. नीतिगत रूपमा नै शैक्षिक स्रोत साधनलाई पिछडिएकाहरूका लागि पुनर्वितरण गर्ने मात्रा
२०. शैक्षिक तह र आर्थिक स्रोतका आधारमा शिक्षामा हुने प्रति विद्यार्थी खर्च
२१. न्यून आय भएका मुलुकको शिक्षाका लागि प्रदान गरिने कुल सहायताको प्रतिशत

**लक्ष्य ४.६.** *सन् २०३० सम्ममा युवा युवती सबै र प्रौढ महिला तथा पुरुष दुवैको एउटा ठूलो हिस्साले साक्षरता र गणितीय सिप हासिल गने सुनिश्चित गर्ने*

२२. लिङ्गका आधारमा कार्यमूलक (अ) साक्षरता, र (आ) गणितीय सिपको दक्षताको कम्तिमा एउटा निश्चित तह हासिल गरेका निश्चित उमेर समूहका जनसङ्ख्याको प्रतिशत (**विश्वव्यापी सूचक ४.६.१**)
२३. युवा/प्रौढ साक्षरता दर
२४. साक्षरता कार्यक्रममा युवा/प्रौढको सहभागिता दर

**लक्ष्य ४.७.** *सन् २०३० सम्ममा दिगो विकासका लागि शिक्षा र दिगो जीवन शैलीमार्फत् सबै विद्यार्थीले अन्य कुराहरूका अतिरिक्त मानव अधिकार, लैङ्गिक समानता, शान्ति र अहिंसाको संस्कृति प्रवर्धन, विश्व नागरिकता, सांस्कृतिक विविधता प्रति सम्मान र दिगो विकासमा संस्कृतिको योगदानको कदरलगायत दिगो विकासको प्रवर्धनका लागि आवश्यक पर्ने ज्ञान र सिपहरू हासिल गर्ने छन् भन्ने सुनिश्चित गर्ने*

२५. (अ) विश्वव्यापी नागरिक शिक्षा, र (आ) लैङ्गिक समानता तथा मानव अधिकार समावेश भएको दिगो विकास शिक्षालाई हरेक तहका (क) राष्ट्रिय शिक्षा नीति, (ख) शिक्षक शिक्षा, (ग) पाठ्यक्रम, र (घ) विद्यार्थी मूल्याङ्कनमा गरिएको मूल प्रवाहीकरणको मात्रा (**विश्वव्यापी सूचक ४.७.१**)
२६. विश्वव्यापी नागरिक र दिगोपनसम्बन्धी मुद्दालाई उमेर (वा शैक्षिक तह) अनुसार बुझ्न सक्ने विद्यार्थीको प्रतिशत
२७. वातावरण विज्ञान र भूगर्भ विज्ञानको ज्ञानको दक्षता प्रदर्शन गर्न सक्ने १५ वर्ष उमेरका विद्यार्थीको प्रतिशत
२८. जीवनोपयोगी सिपमा आधारित एचआईभी तथा यौन शिक्षा प्रदान गर्ने विद्यालयको प्रतिशत
२९. मानव अधिकार शिक्षासम्बन्धी विश्व कार्यक्रमको कार्य ढाँचालाई राष्ट्रिय स्तरमा गरिएको कार्यान्वयनको मात्रा (UNGA रिजोल्युसन नं. ५९/११३ बमोजिम)

**लक्ष्य ४.क.** *बाल मैत्री, अपाङ्ग मैत्री र लैङ्गिक मैत्री शैक्षिक सुविधाहरूको निर्माण तथा स्तरोन्नति गर्ने र सबैलाई सुरक्षित, अहिंसात्मक, समावेशी तथा प्रभावकारी सिकाइ वातावरण प्रदान गर्ने*

३०-३२. (क) विद्युत, (ख) शैक्षणिक उद्देश्यका लागि इन्टरनेट, (ग) शैक्षणिक उद्देश्यका लागि कम्प्युटर, (घ) अपाङ्गता भएका विद्यार्थीका लागि अनुकुलित पूर्वाधार र सामग्रीहरू (ङ) आधारभूत खानेपानी; (च) छुट्टा छुट्टै लिङ्गका लागि छुट्टा छुट्टै आधारभूत सर सफाई सुविधा, र (छ) हात धुने आधारभूत सुविधा (पानी, सर सफाई र स्वास्थ्य (WASH) सूचकले परिभाषित गरेबमोजिम) भएका विद्यालयको प्रतिशत (**विश्वव्यापी सूचक ४.क.१**)
३३. हेपाइ (बुलिङ), शारीरिक सजाँय, शोषण, हिंसा, लैङ्गिक विभेद तथा दुर्व्यवहार खेपि रहेका विद्यार्थीको प्रतिशत
३४. विद्यार्थी, कर्मचारी र शैक्षिक संस्थामाथि हुने आक्रमणको सङ्ख्या

**लक्ष्य ४.ख**. *सन् २०२० सम्ममा विकासशील देशहरू खास गरी अति कम विकसित देश, विकासशील साना टापु राष्ट्र र अफ्रिकी देशहरूका लागि विकसित देश र अन्य विकासशील देशहरूमा व्यावसायिक तालिम र सूचना तथा सञ्चार प्रविधि, प्राविधिक इन्जिनियरिङ र विज्ञानसँग सम्बन्धित कार्यक्रमहरू लगायतका उच्च शिक्षामा भर्नाका लागि विश्वव्यापी रूपमा छात्रवृत्तिको उल्लेख्य विस्तार गर्ने*

३५. लाभान्वित देशअनुसार उच्च शिक्षामा प्रदान गरिने छात्रवृत्तिको सङ्ख्या
३६. क्षेत्र र अध्ययनको प्रकारअनुसार छात्रवृत्तिका लागि प्रवाह गरिने औपचारिक विकास सहयोगको मात्रा (**विश्वव्यापी सूचक ४.ख.१**)

**लक्ष्य ४. ग.** *सन् २०३० सम्ममा विकासशील राष्ट्रहरू खास गरी अतिकम विकसित र विकासशील साना टापु राष्ट्रमा अन्तर्राष्ट्रिय सहयोगमार्फत् शिक्षकलाई तालिम उपलब्ध गराई उल्लेख्य मात्रामा योग्य शिक्षकहरू पूर्ति गर्ने*

३७. शैक्षिक तह तथा संस्थाको प्रकारका आधारमा राष्ट्रिय मापदण्डबमोजिमका योग्य शिक्षकको प्रतिशत
३८. शैक्षिक तहअनुसार विद्यार्थी/योग्य शिक्षकको अनुपात
३९. सम्बन्धित देशका सम्बन्धित तहका लागि चाहिने कम्तीमा न्यूनतम संस्थागत पूर्व सेवाकालीन र सेवाकालीन तालिम (जस्तै शिक्षणसम्बन्धी तालिम) लिएका (क) पूर्व प्राथमिक, (ख) प्राथमिक, (ग) निम्न माध्यमिक र (घ) उच्च माध्यमिक तहका शिक्षकको अनुपात (**विश्वव्यापी सूचक ४.ग.१**)
४०. शैक्षिक तहअनुसार विद्यार्थी/तालिमप्राप्त शिक्षकको अनुपात
४१. समान शैक्षिक योग्यता चाहिने अन्य पेसाका तुलनामा शिक्षकको औसत तलब
४२. शैक्षिक तहअनुसार शिक्षक अवकास दर
४३. तालिमको प्रकारअनुसार गएको १२ महिनामा सेवाकालीन तालिम लिएका शिक्षकको प्रतिशत

*स्रोत* : UNESCO (2016). *Education 2030 Incheon Declaration and Framework for Action: Towards Inclusive and Equitable Quality Education and Lifelong Learning for All.* Paris, UNESCO.

लक्ष्य ४.१

# प्राथमिक र माध्यमिक शिक्षा

लक्ष्य ४.१ ले सर्वव्यापी रूपमा प्राथमिक र माध्यमिक शिक्षा पूरा गर्नुलाई सिकाइको सान्दर्भिक र प्रभावकारी माध्यमका रूपमा लिन्छ । यो लक्ष्यमा हुने प्रगति एसडिजीप्रति सरकार र अन्तर्राष्ट्रिय समुदायले व्यक्त गरेको प्रतिबद्धताको प्रमुख मापक मानिने छ । तर सर्वव्यापी रूपमा उच्च माध्यमिक शिक्षा पूरा गराउने लक्ष्यका कारण सबैलाई कम्तिमा ९ वर्षको आधारभूत शिक्षा दिने भन्ने प्राथमिकताबाट ध्यान अन्यत्र मोडिएको यसका आलोचकहरूको बुझाइ छ ।

## पहुँच, सहभागिता र पूरा गर्ने दर


नयाँ एजेन्डामा पहुँचको नजिकबाट अनुगमन गर्नु पर्छ । यो एजेन्डाले सन् २०३० सम्ममा हालका सबै बाल बालिकालाई १२ वर्षे शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ । तर २ करोड ५० लाख बाल बालिकाले प्राथमिक शिक्षा नै सुरु गर्दैनन् भन्ने तथ्यलाई हामीले भुल्नु हुँदैन । निम्न आय भएका मुलुकका अति विपन्न परिवारमा जन्मेका बाल बालिकामध्ये ३० प्रतिशत बाल बालिकाहरू कहिल्यै विद्यालय गएका छैनन् ।

लक्ष्य ४.१ प्राथमिक, निम्न माध्यमिक र उच्च माध्यमिक (पहिलो पटक समावेश गरिएको) शिक्षामा विद्यार्थी सहभागितासँग सम्बन्धित छ । सन् २०१४ मा प्राथमिक विद्यालय उमेरका ९१ प्रतिशत बाल बालिका, निम्न माध्यमिक विद्यालय उमेरका ८४ प्रतिशत किशोर किशोरी र उच्च माध्यमिक विद्यालय उमेरका ६३ प्रतिशत युवा युवतीहरू विद्यालयमा भर्ना भएका थिए । यो आँकडाले विद्यालय उमेरका २६ करोड ३० लाख बाल बालिकाहरू विद्यालय बाहिर रहेको देखाउँछ । यीमध्ये प्राथमिक विद्यालय उमेरका ६ करोड १० लाख, निम्न माध्यमिक विद्यालय उमेरका ६ करोड र उच्च माध्यमिक विद्यालय उमेरका १४ करोड २० लाख रहेका छन् ।

**चित्र ८ :**

**निम्न र निम्न मध्यम आय भएका ९० देशमध्ये दुई ओटामा मात्र सबैभन्दा विपन्न वर्गका युवा युवतीहरूले कम्तिमा १२ वर्षको शिक्षा पूरा गरेका छन्**

*सम्पन्नताका आधारमा केही देशहरूमा सन् २००८ र २०१४ का बिचमा २० देखि २४ वर्षका व्यक्तिहरूले पूरा गरेको शैक्षिक वर्ष*




*स्रोत : घरधुरी सर्वेका आधारमा जेम प्रतिवेदन टोलीले गरेको विश्लेषण*

नयाँ एजेन्डाले सहभागितामा भन्दा पूरा गर्नेमा जोड दिन्छ । सन् २००८ देखि २०१४ को अवधिमा प्राथमिक शिक्षा पूरा गर्ने दर उच्च मध्यम आय भएका मुलुकमा ९२ प्रतिशत, निम्न मध्यम आय भएका मुलुकमा ८४ प्रतिशत र निम्न आय भएका मुलुकमा ५१ प्रतिशत रहेको थियो । पछिल्लो समूहका देशमा विपन्न छात्राले प्राथमिक शिक्षा पूरा गर्ने दर जम्मा २५ प्रतिशत थियो । त्यस्तै, उच्च माध्यमिक शिक्षा पूरा गर्ने दर उच्च आय भएका मुलुकमा ८४ प्रतिशत, उच्च मध्यम आय भएका मुलुकमा ४३ प्रतिशत, निम्न मध्यम आय भएका देशमा ३८ प्रतिशत र निम्न आए भएका देशमा १४ प्रतिशत रहेको थियो । उच्च आय भएका मुलुकमा बस्ने धनी वर्गका छात्राले पनि विश्वव्यापी रूपमा ९३ प्रतिशतले पूरा गर्ने लक्ष्य हासिल गरेको थिएनन् । निम्न आय भएका मुलुकका सबैभन्दा विपन्न बालिकामध्ये जम्मा १ प्रतिशतले मात्रै उच्च माध्यमिक शिक्षा पूरा गरेका थिए ।

## अनिवार्य र निःशुल्क शिक्षा

> १९० राष्ट्रमध्ये ४४ ओटा (२३ प्रतिशत) मा अनिवार्य शिक्षाको अवधि ९ वर्षभन्दा कम रहेको पाइन्छ

विषयगत सूचकमध्ये एउटा सूचक कानुनमा उल्लेख गरिएको निःशुल्क र अनिवार्य प्राथमिक र माध्यमिक शिक्षाको अवधि पनि हो । अनिवार्य शिक्षाको तथ्याङ्क उपलब्ध गराएका १९० ओटा मुलुकमध्ये ४४ ओटा (२३ प्रतिशत) मा अनिवार्य शिक्षाको अवधि ९ वर्षभन्दा कम रहेको पाइन्छ । अनिवार्य शिक्षाका लागि मध्यक अङ्क ९ वर्ष र निःशुल्क शिक्षाका ११ वर्ष रहेको छ । तर निःशुल्क शिक्षाको प्रगतिको लक्ष्य मापन गर्न जटिल देखिन्छ । अर्थात् शुल्क खारेज भए तापनि शिक्षाका लागि गरिने कैयौं खर्चका कारण परिवारमा आर्थिक भार पर्छ । हरेक घर परिवारले प्रत्येक शैक्षिक तहमा व्यहोर्ने शैक्षिक खर्चको हिस्साले शिक्षा कतिसम्म निःशुल्क छ भन्ने देखाउँछ ।

## गुणस्तर

सिकाइ उपलब्धि र समतासँग जोडिएका सूचकमा बाहेक प्रस्तावित अनुगमनको ढाँचाले गुणस्तरलाई कतै जोड दिएको छैन ।

गुणस्तरबारे छलफललाई सहयोग पुग्ने गरी साङ्केतिक ढाँचालाई प्रयोगमा ल्याउन २ ओटा पक्षहरू छनोट गरिएको छ : कक्षा कोठासँग सम्बन्धित विषय वस्तु र प्रक्रियाहरू । पाठ्य पुस्तकको उपलब्धता र तिनको प्रयोग गुणस्तरका महत्त्वपूर्ण आयाम हुन् तर विद्यालयमा गरिएको भ्रमण र कक्षा कोठामा गरिएको अवलोकनले यसबारेको आधिकारिक तथ्याङ्क त्यति भरपर्दो नभएको देखाउँछन् । चाडमा २ र ६ कक्षामा अध्ययन गर्ने झन्डै ९० प्रतिशत बाल बालिकाले पढाइ र गणितको कक्षामा कम्तिमा पनि अन्य २ जना विद्यार्थीसँग पाठ्य पुस्तक बाँड्नु पर्ने अवस्था थियो ।

कक्षा कोठा अवलोकनद्वारा शैक्षिक प्रणालीहरूको तुलना गर्न सकिन्छ भनेर पैरवी गर्न अलि सकिँदैन । तर, एकरूपता भएका अनुगमनका साधनले शिक्षण अभ्यास र शैक्षणिक क्रियाकलापका महत्त्वपूर्ण मुद्दाप्रति नीति निर्माताहरूको ध्यानाकर्षण गर्छन् । ब्राजिल, कोलम्बिया, होन्डुरस, जमैका र पेरूका १५ हजार कक्षा कोठामा गरिएको सर्वेक्षणले शिक्षकले कक्षा कोठाको ८५ प्रतिशत समय शिक्षणमा खर्च गर्ने भनिए तापनि त्यसभन्दा धेरै कम अर्थात् ६०–६५ प्रतिशत समय मात्रै खर्चेको देखाएको छ । त्यसैले परिस्थितिअनुसार अनुकुलन गर्न सकिने तर विश्वसनीय, प्रमाणित भइ सकेका, कम खर्चिला र पछि पनि सजिलै प्रयोग गर्न सकिने विधिहरू पत्ता लगाउनु पर्छ ।

## सिकाइ उपलब्धि

सिकाइ उपलब्धिमा सुधार ल्याउन कार्यक्रममा प्रगति भएको छ छैन प्रष्ट देखाउने बेन्चमार्क नभई हुँदैन । यद्यपि, 'सान्दर्भिक र प्रभावकारी सिकाइ उपलब्धि' के लाई भन्ने, यस्ता उपलब्धिलाई कसरी मापन गर्ने र निष्कर्षहरूलाई कसरी प्रयोग गर्ने भन्नेबारे अझै स्पस्ट हुन बाँकि छ ।

प्रस्तावित विश्वव्यापी सूचकहरू (पढाइ र गणितीय सिप) को मापन गर्दा मूल्याङ्कन गरिने सिकाइ उपलब्धिका विषय वस्तु, मूल्याङ्कनले पूरा गर्नु पर्ने गुणस्तरका मापदण्ड र प्रयोग गरिने बेन्चमार्कका परिभाषा र रिर्पोटिङबारे पहिले नै स्पष्ट हुनु जरूरी हुन्छ ।

## सिकाइ उपलब्धिको मापन : विषय वस्तु थाहा पाउने

पढाइ र गणितीय सिप जस्ता क्षेत्रमा दक्षताको न्यूनतम् तह तोक्न आधार चाहिन्छ । विभिन्न पाठ्यक्रमहरूबिच साझा आधार खोज्दा के हुन्छ ? विभिन्न पाठ्यक्रमका बिचमा हुने सिकाइको अपेक्षित प्रगति के हो ? विद्यार्थीले दक्षताको निश्चित तह हासिल गरेको के कुराले देखाउँछ ? दक्षताका विभिन्न तहलाई कसरी परिभाषित गरिन्छ ?

दुई ओटा समस्या देखिएका छन् । पहिलो, प्रारम्भिक कक्षामा पढाइ र गणितमा गरिने मूल्याङ्कन राजनीतिक र प्राविधिक दुवै कारणले विवादास्पद छ । तर पनि यसले वास्तविक रूपमा देखिएका प्रमुख चुनौतीहरूतर्फ सबैको ध्यान तानेको छ । सन् २०१२ मा मलावीका कक्षा २ मा अध्ययनरत ९० प्रतिशत विद्यार्थीले चिचेवा भाषाको एउटा शब्द पनि पढ्न सकेका थिएनन् भने ४ कक्षासम्म पुग्दा झन्डै ४० प्रतिशतको हालत यस्तै थियो ।

दोस्रो, पढाइ र गणितीय साक्षरतासम्बन्धी विश्वव्यापी सूचकले विद्यालय बाहिर रहेकालाई समेट्दैन । पाकिस्तानको ग्रामीण भेकमा १० कक्षामा अध्ययन गर्ने ८९ प्रतिशत विद्यार्थीले २ कक्षाका लागि उर्दु, सिन्धी वा पास्टो भाषामा लेखिएको कथा पढ्न सके तर १४ वर्षका सबै बाल बालिकामध्ये जम्मा ६४ प्रतिशतले मात्र यो कथा पढ्न सके ।

## सिकाइ उपलब्धि मापनका साधनहरू : मूल्याङ्कनको गुणस्तर सुनिश्चित गर्ने

एउटा विषयगत सूचकले कुनै देशले प्राथमिक तहको बिचमा र प्राथमिक तह र निम्न माध्यमिक तहको अन्त्यमा राष्ट्रिय स्तरको सिकाइ मूल्याङ्कन सञ्चालन गरेको छ कि छैन परीक्षण गर्छ । मूल्याङ्कनका लागि प्रष्ट मापदण्डको आवश्यकता पर्छ । मूल्याङ्कनले मापदण्डहरू पूरा गरेका छन् छैनन् सुनिश्चित गर्न एउटा बलियो संयन्त्रको पनि उत्तिकै खाँचो पर्छ ।

गुणस्तरीय मूल्याङ्कनका २ ओटा आयामहरू छन् : (क) उपयुक्त संस्थागत परिवेशले शैक्षिक प्रणालीसँग बलियो सम्बन्ध र दिगोपनको सुनिश्चित गर्नु पर्छ, र (ख) राष्ट्रिय मूल्याङ्कन मान्य र विश्वसनीय हुनु पर्छ र यसले नीति निर्माता र जनतालाई आवश्यक जानकारी दिन सक्नु पर्छ । राष्ट्रिय मूल्याङ्कनलाई शिक्षाका लक्ष्य, विद्यार्थीका सिकाइ उद्देश्य र शिक्षकको पेसागत विकासका अवसरहरूसँग मिलाउनु पर्छ ।

अनुगमनको उद्देश्यका लागि मूल्याङ्कन उपयुक्त भएको कसरी सुनिश्चित गर्ने भन्ने प्रश्नले २ ओटा मुद्दालाई अगाडि सारेको छ । पहिलो, प्राविधिक आवश्यकता अति कठोर भएकाले कैयौं राष्ट्रसँग यसका लागि चाहिने क्षमतामा पहुँच नहुन सक्छ । फलस्वरूप: अधिकांश मूल्याङ्कन सेवा प्रदायकको सानो समूहले मात्रै सञ्चालन गर्ने स्थिति हुन सक्छ । यसले विभिन्न देशमा मूल्याङ्कनको सान्दर्भिकता र उपयोगिता नहुन सक्छ । दोस्रो, सिकाइ मूल्याङ्कन सञ्चालन गर्न सक्ने गरी राष्ट्रिय क्षमता विकासका लागि स्रोत साधन थप प्रभावकारी ढङ्गले वितरण गर्नु पर्छ ।

## सिकाइ उपलब्धिको मापन : विभिन्न मूल्याङ्कनबाट प्राप्त नतिजाहरू सम्प्रेषण गर्ने

तह (वा उमेर) र विषयका आधारमा विश्वव्यापी रूपमा सिकाइ उपलब्धिको मापन गर्न यसका बेन्चमार्कलाई कसरी सम्प्रेषण र परिभाषित गर्ने भन्नेमा साझा सहमति निर्माण गर्नु पर्छ । यस्तो कार्यमा विभिन्न मूल्याङ्कनबाट ल्याएर एउटा सेट तयार गरिन्छ । यसका लागि कठिनाइको तह विश्लेषण गर्नु पर्छ । यो प्राविधिक विषय मात्रै होइन । सूचकको अपेक्षित उद्देश्यलाई यसले सम्बोधन गर्न सक्नु पर्छ ।

विश्वस्तरका तुलनात्मक सिकाइ उपलब्धि सूचकले विश्वव्यापी अनुगमनको उद्देश्यलाई मात्रै होइन, मुलुकको आवश्यकतालाई पनि टेवा दिनु आवश्यक हुन्छ । यी दुवै कार्य पूरा गर्न चालिएको कदमलाई हालै गठित ग्लोवल अलाइन्स टु मनिटर लर्निङ ले सहयोग गर्नेछ ।




लक्ष्य ४.२

# प्रारम्भिक बाल्य अवस्था

लक्ष्य ४.२ ले प्रारम्भिक बाल हेरचाह र शिक्षामार्फत् सबै बाल बालिकाका लागि दिगो आधार सुनिश्चित गर्ने कार्यलाई अन्तर्राष्ट्रिय समुदायले केन्द्रमा राख्नुपर्ने कुरालाई पुनः पुष्टि गरेको छ । यो लक्ष्यको अनुगमनमा मुख्य ३ ओटा चुनौतीहरू छन् : (क) न्यूनतम एक वर्षको पूर्व प्राथमिक शिक्षाबाट कति बाल बालिकाहरू लाभान्वित हुन्छन् भन्नेबारे अहिलेसम्म पनि पर्याप्त जानकारी उपलब्ध छैन, (ख) प्रस्तावित सूचकहरूले गुणस्तरको अवधारणा समट्दैनन्, र (ग) यो लक्ष्यले हेरचाह र शिक्षाभन्दा माथि उठेर बाल विकासको लक्ष्य राखेको छ तर प्रारम्भिक बाल विकासको अनुगमन संयन्त्रको कुनै टुङ्गो छैन ।

## पहुँच र सहभागिता

विभिन्न देशको सहभागिता दर तुलना गर्न प्राथमिक र माध्यमिक तहमा भन्दा पूर्व प्राथमिक तहमा बढी कठिन हुन्छ । अन्य तहमा भन्दा पूर्व प्राथमिक तहका लागि उमेर समूह र तह सुरू गर्ने उमेर स्पष्ट छैनन् । केही मुलुकमा मात्रै निःशुल्क र/वा अनिवार्य पूर्व प्राथमिक शिक्षाको व्यवस्था गरिएको छ । पूर्व प्राथमिक शिक्षा ५० देशमा अनिवार्य छ भने ३८ देशमा कम्तीमा एक वर्षका लागि निःशुल्क र अनिवार्य छ ।


> पूर्व प्राथमिक शिक्षा ५० देशमा अनिवार्य छ भने ३८ देशमा कम्तीमा एक वर्षका लागि निःशुल्क र अनिवार्य छ

विश्वमा प्राथमिक तहमा प्रवेश गर्ने उमेरभन्दा एक वर्ष कम उमेरका ६७ प्रतिशत बाल बालिकाहरू पूर्व प्राथमिक वा प्राथमिक तहमा भर्ना हुन्छन् । यो तथ्याङ्क कक्षा एकका विद्यार्थीमा पूर्व प्राथमिक शिक्षाको अनुभवबारे घरधुरी सर्वेक्षणले देखाएको तथ्याङ्कसँग ठ्याक्कै नमिले पनि लगभग मिल्दोजुल्दो छ । यसले पारिवारिक सम्पन्नताका आधारमा विद्यालयमा विद्यार्थीको उपस्थितिलाई पनि देखाउँछ । निम्न र मध्यम आय भएका मुलुकका ३ देखि ४ वर्षका बाल बालिकाहरूमध्ये अति सम्पन्न परिवारका बाल बालिकाले प्रारम्भिक बाल शिक्षा लिने सम्भावना अति विपन्न बाल बालिकाको भन्दा झन्डै ६ गुणा बढी रहेको छ ।

**चित्र ९ :**

**प्रारम्भिक बाल हेरचाह र शिक्षामा सहभागिता, घरधुरी र विद्यालयमा कार्यक्रमहरूको भिन्नता छ**

*गत वर्षको पूर्व प्राथमिक शिक्षामा समायोजन गरिएको पूर्व प्राथमिक शिक्षाको खुद भर्ना दर (सन् २०१४), र गत वर्ष पूर्व प्राथमिक शिक्षामा सहभागी भएका कक्षा एकका विद्यार्थीको प्रतिशत, छनोट गरिएका देशहरू, सन् २०००–२०१५*




## गुणस्तर

यो लक्ष्यले गुणस्तरीय शिक्षाको व्यवस्था गर्नु पर्नेमा जोड दिएको छ । गुणस्तरले विद्यालय, कक्षा कोठाको वातावरण (बनावट र शिक्षण प्रक्रिया) र शिक्षा प्रणालीले खास गरी सामाजिक बहिष्करणको जोखिममा रहेका बाल बालिकाको सर्वाङ्गीण विकासमा कति टेवा पुर्‍याएका छन् भन्ने कुरालाई पनि देखाँउछ । प्रत्येक देशले आफ्ना लक्ष्य र गुणस्तरको मापदण्डलाई आफैं निर्धारण गर्नु पर्छ । तर, प्रारम्भिक बाल व्यवस्थाको गुणस्तरलाई अनुगमन गर्ने विधिहरू भने समान छन् । यसले नीतिगत विवाद पनि उत्पन्न गरेको छ । प्रारम्भिक बाल विकाससम्बन्धी नीतिबारे विश्व बैङ्कले निकालेको प्रतिवेदनअनुसार निम्न र मध्यम आय भएका २१ ओटा देशहरूमध्ये १३ ओटाले विद्यार्थी/शिक्षकको अनुपातसम्बन्धी आधारभूत मापदण्ड तय गरेका तर ८ ओटाले मात्रै त्यस्ता मापदण्ड लागू गरेका छन् ।

## बाल विकास उपलब्धिहरू

लक्ष्य ४.२ ले बाल बालिकाले विकासात्मक हिसाबले उचित समयमा औपचारिक शिक्षा सुरू गर्नु पर्ने र 'प्राथमिक विद्यालयका लागि तयार' हुनु पर्नेमा जोड दिन्छ । सम्पूर्णताको यो अवधारणा स्वास्थ्यसम्बन्धी सूचकमा मात्रै आधारित बाल विकासको अवधारणाबाट पूर्णतया भिन्न छ । राम्रोसँग बाल विकासको मापन गर्ने कार्य जटिल छ । विभिन्न संस्कृतिभित्र बाल विकासका आआफ्ना मापदण्डहरू हुन्छन् । तिनलाई पनि ध्यान दिँदै तिनबाट प्राप्त निष्कर्षका आधारमा मापन विधिहरू विकास गर्नु पर्छ ।

युनिसेफको प्रारम्भिक बाल विकास सूचक (इसिडिआई) मा बाल विकासका अधिकतम् क्षेत्र समेटिएका छन् । यो सूचकअनुसार सन् २०००–२०१५ मा खास गरी निम्न र मध्यम आय भएका ५६ देशमा ३ वर्षका ७० प्रतिशत र ४ वर्षका ८० प्रतिशत बाल बालिकाको विकास सही दिशामा भएको पाइयो । यो सूचकमा ४ ओटा तत्त्व समावेश छन् तर साक्षरता र गणितीय सिपलाई मुख्य आधार बनाइएको छ । यही कारण यसले संज्ञानात्मक क्षमताभन्दा शैक्षिक मूल्यलाई प्रतिबिम्बित गरेको भन्दै यसको आलोचना गर्न सकिन्छ ।

बाल बालिकालाई अन्तरक्रिया र सिकाइ सामग्री उपलब्ध गराउँदै उनीहरूको क्षमता विकास गर्न घरको वातावरणले प्रमुख भूमिका खेलेको हुन्छ । युक्रेनमा ३ देखि ४ वर्षका प्रायः सबै बाल बालिकाहरूलाई परिवारका प्रौढ सदस्यहरूले कम्तिमा चार ओटा क्रियाकलापमा संलग्न गराएका थिए, तर घानामा भने यो सङ्ख्या ४० प्रतिशत मात्रै थियो । सन् २०१० देखि २०१५ को अवधिमा निम्न र मध्यम आय भएका

५४ देशका १९ प्रतिशत घरमा ३ ओटा र ७.५ प्रतिशत घरमा कम्तिमा १० ओटा बाल पुस्तकहरू राखिएको थियो । अति गरिब २० प्रतिशत देशका १ प्रतिशतभन्दा कम घरमा न्यूनतम् १० ओटा बाल पुस्तकहरू थिए ।

दिगो विकासको लक्ष्य ४.३

# प्राविधिक, व्यावसायिक, उच्च र प्रौढ शिक्षा

लक्ष्य ४.३

लक्ष्य ४.३ ले प्राविधिक, व्यावसायिक र उच्च शिक्षालाई विश्वव्यापी विकासको एजेन्डामा राखेको छ । यसअघि यसलाई सबैका लागि शिक्षाको अङ्गका रूपमा हेरिएको थियो । तर, अर्को लक्ष्यलाई सहयोग गर्न मात्रै राखिएको थियो । यो लक्ष्यको विश्वव्यापी सूचक – विगतका १२ महिनामा औपचारिक वा अनौपचारिक शिक्षा वा तालिममा सहभागी भएका युवा र प्रौढको प्रतिशत – ले प्रौढ शिक्षालाई पनि समेटेको छ । त्यसैले, यी शिक्षा तयार गर्दा अपनाइएका पहुँच, सम्भाव्यता र गुणस्तर जस्ता ३ ओटा अवधारणाका आधारमा लक्ष्य ४.३ अन्तर्गत रहेका प्राविधिक, व्यवसायिक, उच्च र प्रौढ शिक्षालाई जेम प्रतिवेदनले समेट्छ ।

## प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम

प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम (टिभिईटी) लाई शैक्षिक संस्थामा, कार्य क्षेत्रमा वा दुवैमा प्रदान गरिन्छ । नीतिगत ढाँचा, संस्थागत प्रावधान र सङ्गठनिक विधिको विविधताका कारण राष्ट्रिय तथ्याङ्क प्रणालीले यसबारे आंशिक तस्वीर मात्रै प्रस्तुत गर्न सक्छ । यही भएर विभिन्न मुलुकका टिभिईटीको तुलना गर्न कठिन छ ।

> "१२ देशको तथ्याङ्कलाई हेर्दा करिब २०% युवाहरू कार्य क्षेत्रमा आधारित कार्यक्रममा सहभागी भएको नयाँ विश्लेषणले देखाएको छ"

विद्यमान अनुगमन संयन्त्रले विशेष गरी शिक्षा मन्त्रालयअन्तर्गतका शैक्षिक संस्थामा हुने भर्नालाई जोड दिन्छन् । यसले लक्ष्यमा आधारित अनुगमनको क्षेत्र साघुँरो पार्छ । कार्य क्षेत्रमा आधारित शिक्षा र तालिमलाई समावेश गर्न श्रम शक्ति, इन्टरप्राइज वा घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क चाहिन्छ । यस्ता सर्वेक्षणमा परिभाषा र प्रश्नावलीलाई नजिकबाट समन्वय गर्न आवश्यक हुन्छ । जेम प्रतिवेदनका लागि १२ ओटा देशको तथ्याङ्क विश्लेषण गर्दा करिब २० प्रतिशत युवाहरू कार्य क्षेत्रमा आधारित कार्यक्रममा सहभागी भएको देखिएको छ ।

सम्भाव्यताले टिभिईटीको पहुँचमा देखिएको असमानतालाई सरकारी नीतिले कति सम्बोधन गरेको छ भन्नेमा जोड दिनु पर्छ । सेवा प्रदायक, खर्च संरचना, सार्वजनिक नीति र राष्ट्रिय परिवेश अति भिन्न भएका कारण एउटै सूचकले सम्भाव्यताको व्याख्या गर्न सक्दैन । यस्तो अवस्थामा विद्यार्थीबाट पूर्ति हुने संस्थागत खर्चलाई सरकारबाट उनीहरूले प्राप्त गर्ने आर्थिक सहयोगसँग तुलना गरेर हेर्ने वैकल्पिक विधि अपनाउँन सकिन्छ ।


राष्ट्रिय योग्यताको ढाँचामा विश्वसनीय मापदण्डहरू उल्लेख छन् कि छैनन् भनेर हेर्ने कार्य टिभिईटीको गुणस्तर मूल्याङ्कनको एउटा विधि हुन सक्छ । यस्तो ढाँचा १४० ओटा देशमा छ । ढाँचाको प्रभावकारिता फरक छ तर तिनले योग्यता हासिल गर्ने तरिकाभन्दा उपलब्धिमाथि बढी जोड दिन विद्यार्थी, सेवा प्रदायक र रोजगारदातालाई मद्दत गर्छन् ।

## उच्च शिक्षा

उच्च शिक्षा छोटो अवधिका कोर्सदेखि स्नातक, स्नातकोत्तर र विद्यावारिधि जस्ता लामो अवधिका कोर्ससम्म विस्तार भएको छ । आकार, खर्च, कोर्स, विधि र गुणस्तरका हिसाबले विभिन्न शैक्षिक संस्थाबिच निकै भिन्नता देखिन्छ । समतामूलक शिक्षाको मुद्दाले शिक्षामा पहुँचदेखि ग्र्याजुएशनसम्म विभिन्न तहमा रहेका अवरोधलाई ध्यान दिनु पर्छ । उच्च शिक्षाको विश्वव्यापी भर्ना दर सन् २००० (१० करोड) देखि २०१४ (२० करोड ७० लाख) सम्मको अवधिमा दोब्बर भएको थियो । तर मुलुकपिच्छे र मुलुकभित्रै पनि यो दरमा निकै असमानता रहेको छ । जस्तै, सन् २०१३ मा फिलिपिन्सका २५ देखि २९ वर्षका अति सम्पन्न मानिसमध्ये ५२ प्रतिशतले कम्तिमा पनि ४ वर्षे उच्च शिक्षा पूरा गरेका थिए तर अति विपन्न मानिसमा यो दर जम्मा १ प्रतिशत मात्रै थियो ।

उच्च शिक्षाको सम्भाव्यता खर्च र आयबिचको सम्बन्धमा निर्भर हुन्छ । घरधुरी सर्वेक्षण गरेर कूल खर्चलाई घरपरिवारको औसत आयस्तरसँग तुलना गर्न सकिन्छ । तर, एउटा उपयोगी गाइड भए तापनि यो विधिले कति युवा युवतीले उच्च शिक्षाका लागि खर्च जुटाउन सक्दैनन् भन्ने

**चित्र १० :**
**धनी र गरिबबिच उच्च शिक्षा पूरा गर्ने दरमा ठूलो अन्तर छ**
*छनोट गरेका देशमा सम्पन्नताका आधारमा सन् २००८–२०१४ मा कम्तिमा उच्च शिक्षाको चार वर्ष पूरा गरेको २५–२९ वर्ष उमेर समूहको प्रतिशत*




स्रोत : घरधुरी सर्वेक्षणको तथ्याङ्कका आधारमा जेम प्रतिवेदन टोलीले गरेको विश्लेषण

तथ्यलाई देखाउन सक्दैन । यस्तो अवस्थामा घरपरिवारले प्राप्त गर्ने सरकारी आर्थिक सहायतालाई उनीहरूको आर्थिक भारसँग तुलना गर्ने विधि एउटा विकल्प हुन सक्छ । आवश्यकता भएका मानिसप्रति लक्षित गर्नेतर्फ भएको प्रगतिको पनि अनुगमन गर्नु पर्छ ।

राष्ट्रिय नीति संरचना, स्रोत साधन र विश्व विद्यालयको मिसनमा भएको व्यापक अन्तरले उच्च शिक्षाको गुणस्तर मापनमा ठूलो अवरोध सिर्जना गर्छ । बुझ्न सहज हुनाले विश्व विद्यालयको श्रेणीकरणले सबैको ध्यान खिचेको हुन्छ, तर श्रेणीकरण शिक्षणको गुणस्तर वा विद्यार्थीको सिकाइमा भन्दा अनुसन्धानमा आधारित हुन्छ ।

## प्रौढ शिक्षा

सन् २०३० सम्मको शिक्षाको कार्य ढाँचा अनुसार प्रौढ सिकाइ, शिक्षा र तालिमका अवसरहरूलाई लक्ष्य ४.३ हासिल गर्ने रणनीतिका रूपमा लिइएको छ । प्रौढ शिक्षा औपचारिक (संस्थागत), अनौपचारिक वा अरीतिक हुन सक्छ ।

प्रौढ शिक्षामा भएको भिन्न व्यवस्थाका कारण अनुगमनमा समस्या खडा हुन्छ । औपचारिक शिक्षामा प्रौढ विद्यार्थीबारे केही विवरण त उपलब्ध छन् यो निकै कम हुन आउँछ । सन् २०११ को एउटा सर्वेक्षणअनुसार युरोपेली युनियनमा आबद्ध २८ मुलुकका करिब ६ प्रतिशत प्रौढहरू औपचारिक शिक्षामा र ३७ प्रतिशत प्रौढहरू अनौपचारिक शिक्षामा सहभागी थिए । यो सर्वेक्षणले विश्वव्यापी रूपमा शिक्षामा प्रौढहरूको सहभागिता मापन विधिको विकासका लागि एउटा पाठ हुन सक्छ । शिक्षामा निजी क्षेत्रले गर्ने व्यापक वित्तीय लगानी एकातिर छ भने सार्वजनिक वित्तको सही जानकारी उपलब्ध नहुनु अर्कोतिर छ । यसले पनि शिक्षामा खर्च गर्न सक्ने सम्भाव्यताको अनुगमनमा समस्या उब्जाएको छ । विश्वमा प्रत्येक ६ देशमध्ये एकभन्दा कमले मात्रै जिडिपीको ०.३ प्रतिशत प्रौढ शिक्षाका लागि छुट्याएका छन् । समग्रमा, अत्यावश्यक समूहका लागि सार्वजनिक खर्चलाई कसरी लक्षित गरिन्छ बुझ्न थप जानकारी आवश्यक पर्छ ।

प्रौढ शिक्षाका लागि गुणस्तरका समग्र आयाम अनुगमन गर्न झन् चुनौतीपूर्ण देखिन्छ । तथ्याङ्कमा विश्वका सबै क्षेत्रमा समस्या रहेको प्रौढ सिकाइ र शिक्षासम्बन्धी तेस्रो विश्वव्यापी प्रतिवेदनको निष्कर्ष छ । यसले अनुगमन र मूल्याङ्कनका लागि तथ्याङ्क सङ्कलनमा आइपर्ने समस्यालाई सम्बोधन गरिनु पर्ने देखाउँछ ।

लक्ष्य ४.४

# कार्यमूलक सिप

लक्ष्य ४.४ ले ३ ओटा महत्त्वपूर्ण प्रश्नहरू उठाएको छ : फरक फरक परिवेशमा विश्वव्यापी अनुगमन गर्न 'रोजगारी, उचित काम र उद्यमशीलता' का लागि कस्ता सिपहरू चाहिन्छन् ? शिक्षा र तालिमबाट मात्रै सिप प्राप्त गर्न सकिन्छ कि अन्यन्त्रबाट पनि सकिन्छ ? के उपलब्ध विधिहरू मान्य छन् र न्यूनतम् खर्चमा सम्भव छन् ?

यी प्रश्नले ल्याउने अन्यौलता प्रस्तावित सूचकहरूमा पनि प्रतिबिम्बित भएको छ । पहिलो, प्रौढहरूले शैक्षिक तह पूरा गर्ने दर हो । तर, यसले सिपको मापन गर्दैन । दोस्रो, आइसिटी र डिजिटल साक्षरता सिपले नयाँ एजेन्डाको क्षेत्र साँघुरो पार्ने खतरा त छ तर यो ठोस र मापनयोग्य सिपमा जोड दिने प्रयास पनि हो ।

## संज्ञानात्मक सिप

आधारभूत संज्ञानात्मक सिपमा साक्षरता र गणितीय सिप पर्छन् । साक्षरता सिप उच्च हुँदा राम्रो काम पाउने सम्भावना दोब्बर हुने जेम प्रतिवेदनको विश्लेषणले देखाउँछ ।

> *सन् २०१४ मा युरोपेली युनियनका ४४% प्रौढले कम्प्युटरको स्प्रेडसिटमा अङ्क गणितका आधारभूत सूत्रहरू प्रयोग गरेका थिए*

दैनिक जीवन र कार्यमा आइसिटी अपरिहार्य बनेको छ । सन् २०१४ मा युरोपेली युनियनका ४४% प्रौढले कम्प्युटरको स्प्रेडसिट (Spreadsheet) मा अङ्क गणितका आधारभूत सूत्रहरू प्रयोग गरेका थिए । यो दर सबैभन्दा कम १६% (रोमानिया) र सबैभन्दा बढी ६३% (फिनल्यान्ड) थियो ।

डिजिटल साक्षरता सिपहरू प्रत्यक्ष मूल्याङ्कन गर्न सकिने हुनाले यिनीहरूलाई उपयुक्त सूचक मानिन्छ । सन् २०१३ मा चेक गणतन्त्रका ८ कक्षामा अध्ययनरत ८८ प्रतिशत विद्यार्थीले कम्प्युटरसम्बन्धी कार्यगत ज्ञान प्रदर्शन गरेका थिए । यो दर थाइल्यान्डमा १३ र टर्कीमा ९ प्रतिशत थियो । विश्वव्यापी अनुगमन विधिले तीव्र रूपमा भइ रहेको प्रविधिको विकासलाई सम्बोधन गर्न सक्नु पर्छ र हालका प्रश्नमा व्याप्त सांस्कृतिक पूर्वाग्रहलाई सम्बोधन गर्नु पर्छ ।

## गैर संज्ञानात्मक सिपहरू

अहिले संज्ञानात्मक प्रक्रिया कम चाहिने सिपप्रति आकर्षण बढि रहेको छ । तर, व्यवहारतः कार्य क्षेत्रमा आवश्यक पर्ने महत्त्वपूर्ण सिपहरू (आधारभूत तर छुटि रहने सिपहरू जस्तै सिर्जनशीलता, समालोचनात्मक सोंच र सहकार्य) लाई सजिलै वर्गीकरण गर्न सकिँदैन ।

लगनशीलता, आत्म संयम वा सामाजिक र सम्वेगात्मक सिप जस्ता गैर संज्ञानात्मक सिपहरूले रोजगारीका सकारात्मक उपलब्धिहरूलाई उत्कृष्ट प्रक्षेपण गर्न सक्ने प्रमाणको अभाव रहेको छ । तहलाई देखाउने प्रमाणको अभाव छ । यसको अधिकतम तह रोजगारीको परिवेशमा आधारित हुन सक्छ । विभिन्न देशमा गैर संज्ञानात्मक सिपहरूको तुलना गर्ने विधिको विकास कार्य चुनौतीपूर्ण छ । जेम प्रतिवेदनले विश्वव्यापी रूपमा तुलना गर्दा बृहत् स्केलमा नगर्न भन्छ । यसका लागि उपलब्धि मापन गर्ने अनुसन्धानमा जोड दिन आव्हान गरेको छ ।

## कामका लागि यी दुवैलाई मिसाउने

कामका लागि संज्ञानात्मक र गैर संज्ञानात्मक सिपको मिश्रणका २ ओटा उदाहरणमा वित्तीय साक्षरता र उद्यमशीलता सिपलाई लिन सकिन्छ । केही समययता वित्तीय साक्षरता मापन गर्ने व्यावहारिक विधिको विकास गर्ने व्यापक प्रयास भइ रहेको छ । एक अध्ययनअनुसार विश्वमा ३३ प्रतिशत प्रौढहरू वित्तीय रूपमा साक्षर छन् । यो दर यमनमा १३ प्रतिशत र नर्वेमा ७१ प्रतिशत रहेको छ । अझै पनि अनुसन्धानको चरणमा रहेको उद्यमशीलता सिपको मूल्याङ्कनले विद्यालय पाठ्यक्रममा के कस्ता शीर्षकहरू राख्ने भन्ने प्रश्न उब्जाएको छ ।




लक्ष्य ४.५

# समता

'कोही पछि नपरून्' भन्ने चाहना दिगो विकासको एजेन्डा २०३० मा यत्रतत्र पाइन्छ । यसले असमानताको विश्वव्यापी अनुगमन र सम्प्रेषण गनुपर्ने कुरालाई प्रोत्साहन गर्ने अपेक्षा राखिएको छ । जेम प्रतिवेदनले तिन ओटा मुद्दा सम्बोधन गर्छ : असमानता र यसको विकासको मापन गर्ने उपयुक्त विधि के हुन् ? सङ्कटासन्न अवस्थामा रहेका समूहका सदस्यको पहिचान गरी तिनीहरूबाट जानकारी कसरी सङ्कलन गर्ने ? समानताभन्दा एक कदम अगाडि बढी शैक्षिक समताका कुन कुन बृहत् पक्षको मापन गर्न सकिन्छ ?

## असमानताको मापन

शिक्षामा रहेको असमानता नाप्न तिन कारणले कठिन छ । पहिलो, जस्तै, पहुँच वा सिकाइसम्बन्धी विविध सूचकका आधारमा असमानतालाई परीक्षण गर्न सकिन्छ भन्ने हो । दोस्रो, फाइदा र बेफाइदा दुवै भएका शिक्षाका हरेक सूचकलाई विभिन्न समुदायमा कसरी वितरण गरिन्छ भनेर हेर्न असमानता मापन गर्ने विधिहरूको प्रयोग गरिन्छ । भिन्न मापन विधिका कारण असमानताको तहसम्बन्धी निष्कर्ष पनि भिन्न हुन्छ र यो समयसँगै परिवर्तन हुन सक्छ । तेस्रो, विशेषताअनुसार (जस्तै, सम्पत्ति) सूचक फरक हुन्छ भनेर नीति निर्माताहरूले जान्नु आवश्यक हुन्छ । तर यस्ता विशेषतालाई विभिन्न देशबिचमा तुलना गर्न भने प्रायः कठिन हुन्छ ।

> *"निम्न आय भएका देशमा प्रत्येक १०० जना अति सम्पन्न युवाले प्राथमिक, निम्न माध्यमिक र उच्च माध्यमिक तह पूरा गर्दा अति विपन्न युवाहरूको यो सङ्ख्या क्रमशः ३६, १९ र ७ रहेको छ"*

एसडिजी सूचकसम्बन्धी अन्तर निकाय तथा विज्ञ समूहले समता सूचकलाई शैक्षिक विश्वव्यापी असमानता मापन गर्ने विधिका रूपमा प्रस्ताव गरेको छ । अधिकतम मानिससम्म सम्प्रेषण गर्न यो विधि सबैभन्दा सजिलो मानिन्छ भने लैङ्गिक असमानताको व्याख्या गर्न विगत दुई दशकदेखि यो निकै प्रभावकारी देखिएको छ । विभिन्न शीर्षकमध्ये सम्पत्तिका आधारमा नापिने असमानतामा यसलाई अत्याधिक प्रयोग गर्न सकिन्छ । आर्थिक समता सूचक अनुसार उच्च मध्यम आय भएका देशमा तह पूरा गर्ने दर प्राथमिक तहमा ०.९०, निम्न माध्यमिक तहमा ०.७१ र उच्च माध्यमिक तहमा ०.४४ रहेको छ । निम्न आय भएका देशमा यो दर प्राथमिक तहमा ०.३६, निम्न माध्यमिक तहमा ०.१९ र उच्च माध्यमिक तहमा ०.०७ रहेको छ ।

शैक्षिक असमानता सूचका लागि अन्तर निकाय समूह गठन सही दिशातर्फ उन्मुख एउटा सकारात्मक कदमका रूपमा हेरिएको छ । किनभने, यसले सर्वेक्षणका तथ्याङ्कको विश्लेषणमा एकरूपता ल्याउन र प्रयोग नभएका तथ्याङ्क जतन गरी एक ठाउँमा राख्न मद्दत गर्छ । विश्व स्तरको समन्वयमा भएको प्रगति राष्ट्रिय स्तरसम्म पनि हुनु पर्छ ।

## लिङ्ग

सन् २०१४ मा राष्ट्रिय स्तरमा प्राथमिक तहमा ६३ प्रतिशत, निम्न माध्यमिक तहमा ४६ प्रतिशत र उच्च माध्यमिक तहमा २३ प्रतिशत लैङ्गिक समता (Parity) हासिल भएको थियो । तर, राष्ट्रिय स्तरको औसत दरले मुलुकभित्रको तथा विभिन्न समूहबिच रहेको असमानता ओझेलमा पर्छ । सब सहारा क्षेत्रमा प्राथमिक तह पूरा गर्ने अति सम्पन्न २० प्रतिशत बाल बालिकाबिच लैङ्गिक समता रहेको प्रतिवेदनले देखाएको छ । तर, प्राथमिक शिक्षा पूरा गर्ने अति विपन्न २० प्रतिशतमा भने यो दर प्रत्येक १०० जना छात्रमा ८३ जना छात्रा रहेका छन् । यो असमानता बढेर निम्न माध्यमिक तहमा ६७ र उच्च माध्यमिक तहमा ४० पुगेको छ ।


लक्ष्य ४.५ का लैङ्गिक पक्षहरू अनुगमन गर्दा समता सूचकलाई भर्ना अनुपातमा मात्रै नभई सिकाइ उपलब्धिलगायतका सबै शैक्षिक सूचकसम्म प्रयोग गर्न सकिन्छ । यो सकारात्मक पाटो भए तापनि यो सूचकले शिक्षाको लैङ्गिक समानतामा भएको एउटा मात्रै पक्षलाई सम्बोधन गर्छ । शिक्षामा लैङ्गिक समानताको अनुगमनमा सुधार गर्न पाठ्यक्रम, पाठ्य पुस्तक, मूल्याङ्कन र शिक्षक शिक्षामा भएका लैङ्गिक पक्षहरूबारे विस्तृत तथ्याङ्क सङ्कलनमा जोड दिनु पर्छ । त्यस्तै, शिक्षामा लैङ्गिक समानताका क्षेत्रमा काम गरि रहेका र अन्य पक्षहरूसँग पनि निकट सम्बन्ध हुनु पर्छ ।

**तालिका २ :**
**क्षेत्र र देशको आय समूहअनुसार लैङ्गिक समता सूचक (सन् २०१४)**

| प्राथमिक तह | | | निम्न माध्यमिक तह | | उच्च माध्यमिक तह | |
|---|---|---|---|---|---|---|
| | लैङ्गिक समता सूचक | समता भएका देशहरू (%) | लैङ्गिक समता सूचक | समता भएका देशहरू (%) | लैङ्गिक समता सूचक | समता भएका देशहरू (%) |
| विश्व | ०.९९ | ६३ | ०.९९ | ४६ | ०.९८ | २३ |
| निम्न आय | ०.९३ | ३१ | ०.८६ | ९ | ०.७४ | ५ |
| निम्न मध्यम आय | १.०२ | ५२ | १.०२ | ३३ | ०.९३ | १७ |
| उच्च मध्यम आय | ०.९७ | ७१ | १.०० | ६० | १.०६ | २२ |
| उच्च आय | १.०० | ८१ | ०.९९ | ५९ | १.०१ | ३७ |
| ककेसस र मध्य एसिया | ०.९९ | १०० | ०.९९ | ८३ | ०.९८ | २९ |
| पूर्वी र दक्षिण पूर्वी एसिया | ०.९९ | ८६ | १.०१ | ५७ | १.०१ | ३७ |
| युरोप र उत्तर अमेरिका | १.०० | ९३ | ०.९९ | ६७ | १.०१ | ३१ |
| ल्याटिन अमेरिका र क्यारिबियन | ०.९८ | ४८ | १.०३ | ३९ | १.१३ | १९ |
| उत्तर अफ्रिका र पश्चिम एसिया | ०.९५ | ५६ | ०.९३ | ४६ | ०.९६ | ३३ |
| प्यासिफिक | ०.९७ | ६४ | ०.९५ | ४४ | ०.९४ | ० |
| दक्षिण एसिया | १.०६ | २९ | १.०४ | २५ | ०.९४ | ३८ |
| सब-सहारा अफ्रिका | ०.९३ | ३८ | ०.८८ | १९ | ०.८२ | ६ |

*नोट* : यहाँ दिइएका सबै अङ्कहरू मध्यक हुन्
*स्रोत* : युआइएस डाटाबेस

**चित्र ११ :**
**लैङ्गिक असमानता गरिबमा धेरै छ**
*छनोट गरिएका शैक्षिक सूचकका लागि क्षेत्रअनुसार सम्पन्नताका आधारमा लैङ्गिक समता (सन् २००८–२०१४)*




*नोट* : पूर्वी तथा दक्षिण पूर्वी एसिया र उत्तर अफ्रिका र पश्चिम एसियाका लागि दिइएका अङ्कहरूले निम्न र मध्यम आय भएका देशहरूलाई मात्र देखाएका छन्
*स्रोत* : घरधुरी सर्वेक्षणका तथ्याङ्कका आधारमा जेम प्रतिवेदन टोलीले गरेको विश्लेषण (सन् २०१६)

## अपाङ्गता

अपाङ्गता विभिन्न किसिम र तहका हुन्छन् । अपाङ्गता भएका व्यक्तिको शिक्षामा समान पहुँचतर्फ भएको प्रगति निर्धारण गर्न अन्तर्राष्ट्रिय स्तरमा अपाङ्गताको समान मापन हुनु पर्छ । एउटा अध्ययनअनुसार सन् २०१० मा युरोपका ३० ओटा शैक्षिक प्रणालीअन्तर्गत अनिवार्य शिक्षा लिइ रहेका ३.७ प्रतिशत विद्यार्थीलाई विशेष शिक्षाको आवश्यकता थियो । युनिसेफ र वासिङ्टन ग्रुप अन

डिसेबिलिटी स्टाटिस्टिक्सले अपाङ्गताको मापन विधि विकासको नेतृत्व गरि रहेका छन् । अध्यापकहरू पूर्ण रूपले तयार छन् छैनन् र विद्यालय पूर्वाधार अपाङ्गतामैत्री बनाइएको छ छैन अनुगमन गर्न उतिकै आवश्यक छ ।

## भाषा

मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई वेवास्ता गर्दा नै शैक्षिक उपलब्धिमा व्यापक असमानता देखिएको हो । शिक्षामा भएका भाषिक नीतिको अनुगमन गर्न थप प्रयास आवश्यक छ । एउटा तथ्याङ्कले विश्वमा करिब ४० प्रतिशत मानिसहरू आफूले बोल्ने र बुझ्ने भाषामा शिक्षा प्राप्त गर्नबाट बञ्चित भएको देखाएको छ । नीतिगत दस्तावेजको अनुगमन गरेर मात्रै मातृभाषामा तयार गरिएका शिक्षण सिकाइ सामग्रीमा विद्यार्थीको पहुँच भए नभएको, शिक्षक पूर्ण रूपमा तयार भए नभएको वा सरकारी नीति यथार्थमा कार्यान्वयन भए नभएको जानकारी प्राप्त गर्न सकिँदैन । सरकारले नीतिगत रूपमा नै उल्लेख गरे तापनि मालीको मोप्टी क्षेत्रमा जम्मा १ प्रतिशत प्राथमिक विद्यालयले उपयुक्त भाषा र तालिमप्राप्त शिक्षकमार्फत् विद्यार्थीलाई द्विभाषिक शिक्षा प्रदान गरेका छन् ।

## बसाइँ सराइ र जबरजस्ती विस्थापन

प्रायः गाउँबाट सरेर सहरका झुपडपट्टी र ससाना बजारमा आउने मानिसहरूको व्यवस्थापन गर्न कठिन हुने भए तापनि सहरतर्फको बसाइँ सराइले सार्वजनिक सेवामा पहुँच बढाउँछ । तर, अन्तर्राष्ट्रिय आप्रवासी समुदायका नीति निर्मातासामु देखिएको चुनौती भनेको आप्रवासी विद्यार्थीहरू पिछडिएका क्षेत्रका विद्यालयमा केन्द्रित हुनु हो ।

> *"विश्वमा प्राथमिक विद्यालय उमेरका ५० प्रतिशत र माध्यमिक विद्यालय उमेर का ७५ प्रतिशत शरणार्थी बाल बालिकाहरू विद्यालयबाहिर छन्"*

जबरजस्ती विस्थापित भएकाहरू मुख्य चुनौती बनेका छन् । आन्तरिक रूपमा विस्थापित मानिसहरू सापेक्षिक रूपमा त्यति देखिँदैनन् । सन् २०१५ को जुनमा नाइजेरियाका ६ राज्यमा विस्थापितहरूका लागि बनाइएका ४२ शिविरमध्ये १९ ओटामा रहेका बाल बालिकाहरू औपचारिक वा अनौपचारिक शिक्षाबाट बञ्चित थिए । शरणार्थीहरू सबैभन्दा बढी सङ्कटासन्न अवस्थामा हुन्छन् किनभने विश्वमा प्राथमिक विद्यालय उमेरका ५० प्रतिशत शरणार्थी बाल बालिका र माध्यमिक विद्यालय उमेरका ७५ प्रतिशत शरणार्थी बाल बालिकाहरू विद्यालयबाहिर छन् । आप्रवासी र बलपूर्वक विस्थापितहरूको शैक्षिक अवस्था अनुगमन गर्न गाह्रो छ । शिक्षामा यिनको असमान पहुँचको कारण बुझ्न समन्वयकारी कदम चाल्नु आवश्यक छ ।

दिगो विकासको लक्ष्य ४.६

लक्ष्य ४.६

# साक्षरता र गणितीय सिप

लक्ष्य ४.६ ले सबैका लागि शिक्षाको चौथो लक्ष्य प्रौढ सारक्षतामा दिइएको अन्तर्राष्ट्रिय जोडलाई कायम राख्दै दुई ओटा नयाँ कुरा अगाडि सारेको छ । पहिलो, साक्षरता र गणितीय सिपसम्बन्धी विश्वव्यापी सूचकलाई सिपको दक्षताका आधारमा तयार पारिन्छ । यो अवधारणा साक्षरता भनेको आधारभूत संज्ञानात्मक सिपहरूको समूह मात्रै नभई समाज, अर्थतन्त्र र व्यक्तिगत रूपान्तरणमा योगदान हुने गरी यसको प्रयोग गर्न सक्ने क्षमता पनि हो भन्ने विचारसँग निकट देखिन्छ । दोस्रो, गणितीय सिपको कुरा गर्दा यसका विशेषताहरूतर्फ पनि ध्यान दिनु पर्छ ।

## प्रौढ साक्षरता कार्यक्रममा सहभागिता

औपचारिक र अनौपचारिक साक्षरता कार्यक्रममा हुने प्रौढ सहभागिता मापन कार्य कठिन साबित भइ सकेको छ । प्रौढ सिकाइ र शिक्षासम्बन्धी विश्वव्यापी प्रतिवेदनले अब सार्वजनिक रूपमा वा कसैको प्रायोजनमा सञ्चालित साक्षरता कार्यक्रममा प्रैढहरूको सहभागिता स्पष्ट देखाउन सक्ने एउटा स्तरीय खाका तयार गर्न आवश्यक देखिन्छ ।

जेम प्रतिवेदनले कुनै बेला जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षणमा नियमित समावेश भएका प्रश्नावलीलाई प्रयोगमा ल्याएको थियो । यसले सन् २००४ देखि २०११ सम्मको अवधिमा निम्न र मध्यम आय भएका २९ देशका १५ देखि ४९ वर्ष उमेरका प्रौढहरू ६ प्रतिशत मात्रै साक्षरता कार्यक्रममा सहभागी भएको देखाएको थियो । तीमध्ये पुरुष र सम्पन्न प्रौढहरूको सहभागिता धेरै थियो । निरक्षरमध्ये अधिकांश महिला र गरिब थिए ।

## साक्षरता दर

एसडिजीले साक्षरता सिपको दक्षता मापनतर्फ ध्यान परिवर्तन गरेको भए तापनि यसका निम्ति आवश्यक मापन विधिहरू सबै ठाउँमा उपलब्ध नभएका कारण परम्परागत साक्षरता दरका आधारमा नै युवा र प्रौढ साक्षरतासम्बन्धी प्रतिवेदन तयार पार्ने कामले निरन्तरता पाएको छ । सन् २००५-२०१४ को अवधिमा विश्वभर झन्डै ७५ करोड ८० लाख अर्थात् १५ प्रतिशत प्रौढमा कार्यमूलक साक्षरता सिप थिएन ।


## साक्षरता र गणितीय सिपको दक्षता

प्रत्यक्ष मूल्याङ्कन गरिने प्रौढ साक्षरता र गणितीय साक्षरताको दक्षताको तहबारे उच्च आय भएका धेरैजसो देशको विवरण उपलब्ध छ । ओइसिडी राष्ट्रमा प्रौढ दक्षताको अन्तर्राष्ट्रिय मूल्याङ्कन कार्यक्रम (पिआइएएसी) का सहभागीहरूमध्ये १५ प्रतिशतले साक्षरताको दक्षताको आधारभूत मापदण्ड पूरा गर्न असफल भएका थिए । यो मापदण्डमा पाठ्य वस्तु पढेर सजिला उत्तर दिनु पर्दथ्यो । यो दर जापानको ५ प्रतिशतभन्दा तलदेखि इटालीको करिब २८ प्रतिशतसम्म थियो । साक्षरता र गणितीय सिपको तुलनात्मक मूल्याङ्कनलाई सहजीकरण गर्न अन्तर्राष्ट्रिय सहकार्यको खाँचो छ ।

**चित्र १२ :**

**साक्षरता सिपलाई निरन्तरताको स्केलमा मापन गर्दा प्रौढ सिपको सही तथ्याङ्क निस्कन्छ**

*साक्षरता दक्षताको तहअनुसार प्रौढ जनसङ्ख्या (सन् २०११-२०१४)*




*नोट :* एस्टेरिक चिन्ह (*) लगाएका देशमा पिआइएएसीका तथ्याङ्कले ती देशका निश्चित क्षेत्र जस्तै संयुक्त अधिराज्यमा इङ्ल्यान्ड र उत्तरी आयरल्यान्ड, र बेल्जियममा फ्ल्यान्डर्सलाई मात्रै जनाउँछन् ।

*स्रोत :* ओइसिडी (सन् २०१३, २०१६) र विश्व बैङ्कको स्टेप तथ्याङ्क प्रयोग गरी जेम प्रतिवेदन टोलीले गरेको विश्लेषण

दिगो विकासको लक्ष्य ४.७

# दिगो विकास र विश्वव्यापी नागरिकता

लक्ष्य ४.७

लक्ष्य ४.७ ले शिक्षाको सामाजिक, मानवीय र नैतिक उद्देश्यतर्फ बढी झुकाव राखेको छ । यसले शिक्षालाई प्रष्ट रूपमा अन्य एसडिजीसँग जोडेको छ र विश्वव्यापी विकासको नयाँ एजेन्डाको परिवर्तनकारी आकाङ्क्षालाई पक्डेको छ ।

जेम प्रतिवेदनले प्रस्तावित विश्वव्यापी सूचकमा जोड दिन्छ । यसले विश्वव्यापी नागरिकता र दिगो विकासलाई प्रणालीव्यापी कार्यक्रममा, राष्ट्रिय पाठ्यक्रम प्रारूप र पाठ्यपुस्तक जस्ता पाठ्यक्रमसम्बद्ध सामग्रीहरू, र शिक्षक शिक्षा कार्यक्रममा कसरी समावेश गरिन्छ भनी हेर्छ ।

दिगो विकास प्रवर्धन गर्न चाहिने ज्ञान, सिप र दृष्टिकोणलाई अनुगमन गर्ने सूचक पहिचान गर्ने कार्य जटिल छ । यो प्रतिवेदनले युवा र प्रौढका ज्ञान, सिप र दृष्टिकोणमा भएको प्रगतिको अनुगमनमा प्रयोग गर्न सकिने प्रयासहरूको पनि लेखा जोखा गर्छ ।

लक्ष्य ४.७ लाई जीवनपर्यन्त सिकाइको कार्य ढाँचासँग मिलाइएको छ । यसले शैक्षिक तह वा उमेर समूहको उल्लेख गर्दैन । प्रस्तावित विश्वव्यापी र विषयगत दुवै सूचकले मुख्य गरी औपचारिक शिक्षामा सहभागी बाल बालिका र प्रौढहरूलाई केन्द्रमा राखेका छन् । यस्ता कुनै पनि सूचकले अनौपचारिक र अरीतिक शिक्षामा संलग्न प्रौढ विद्यार्थीलाई स्पष्टसँग समेटेका छैनन् ।

## पाठ्यक्रम

दिगो विकास र विश्वव्यापी नागरिकताको प्रवर्धनका लागि नभई नहुने ज्ञान र सिप प्रदान गर्ने माध्यम नै पाठ्यक्रम हो । एउटा विषयगत सूचकले मानव अधिकार शिक्षाको प्रारूपसम्बन्धी विश्वव्यापी कार्यक्रमको राष्ट्रिय स्तरमा हुने कार्यान्वियन मापन गर्न प्रस्ताव गर्छ । यो सूचकले अन्य मानव अधिकार, मौलिक स्वतन्त्रता र सहिष्णुतालगायत लक्ष्य ४.७ का अन्य तत्वहरूलाई समेट्छ ।

लक्ष्य ४.७ सम्बन्धी अर्को विषयगत सूचक (अर्थात् एचआइभी/एड्स र यौनबारे जीवनोपयोगी सिपमा आधारित शिक्षा प्रदान गर्ने विद्यालयको प्रतिशत) ले दिगो विकास र दिगो जीवनशैली प्रवर्धन गर्न मानव अधिकार, लैङ्गिक समानता, शान्तिपूर्ण संस्कृति, अहिंसा, र ज्ञान र सिप गरी ५ ओटा तत्वहरूमा जोड दिएको छ । नमुना कार्यक्रमस्वरूप यो सूचकलाई केही मुलुकका शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा समावेश गरिएको छ । यसले भविष्यमा सही अनुगमन गर्न मद्दत गर्नेछ ।

> "सन् २००५ देखि २०१५ सम्मको अवधिमा ७८ देशमध्ये तिन चौथाईले मात्र पाठ्यक्रममा दिगो विकासको मुद्दामा जोड दिएका थिए"

विषयगत पाठ्यक्रमबारे गरिने थप अनुसन्धानले लक्ष्य ४.७ मा भएको प्रगति थाहा पाउन सहयोग गर्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप र तत्सम्बन्धी सामग्रीको व्यवस्थित सूचीको जरूरत पर्छ । जेम प्रतिवेदनले गरेको ७८ देशका प्राथमिक र माध्यमिक तहका ११० भन्दा बढी राष्ट्रिय पाठ्यक्रम प्रारूपको विश्लेषणअनुसार सन् २००५ देखि २०१५ सम्मको अवधिमा तिन चौथाई मुलुकहरूले दिगो विकासको मुद्दामा जोड दिएका थिए भने धेरै कम मुलुकले मात्रै विश्वव्यापी नागरिकतासम्बन्धी शब्दहरू प्रयोग गरेका थिए । लैङ्गिक समानता पनि त्यति चलन चल्तिमा थिएन । अर्थात् १५ प्रतिशत मुलुकले मात्रै प्रमुख शब्दहरू जस्तै लैङ्गिक सशक्तीकरण, लैङ्गिक समता वा लैङ्गिक रूपमा संवेदनशील भन्ने शब्दहरू समावेश गरेका थिए भने ५० प्रतिशतले लैङ्गिक समानताको उल्लेख गरेका थिए ।


## पाठ्य पुस्तक

पाठ्य पुस्तकका विषय वस्तुको विश्लेषणमा हालै देखिएका प्रगतिले पाठ्यक्रमसम्बद्ध विषय वस्तुको मूल्याङ्कन परिणाममुखी हुने सङकेत देखाएका छन् । जेम प्रतिवेदनका लागि माध्यमिक तहका इतिहास, नागरिक शिक्षा, सामाजिक शिक्षा र भूगोलका पाठ्य पुस्तकका गरी ३ ओटा समूहमा तथ्याङ्क सङ्कलन गरिएको थियो । विश्लेषण अनुसार सन् २०००-२०१३ को अवधिमा झन्डै ५० प्रतिशत पाठ्य

**चित्र १३ :**

**मानव अधिकारको अवधारणा राष्ट्रिय पाठ्यक्रममा सबैभन्दा बढि प्रयोग भएको छ**

*आफ्ना राष्ट्रिय पाठ्यक्रम प्रारूपमा विभिन्न मुख्य शब्दहरू प्रयोग गरेका देशहरूको प्रतिशत (सन् २००५–२०१५)*




*नोट :* यो विश्लेषण ७८ देशका नमुना तथ्याङ्कका आधारमा गरिएको हो ।
*स्रोत :* आइबिई (सन् २०१६)

पुस्तकमा मानव अधिकारबारे उल्लेख गरिएको थियो जुन दर सन् १८९०–१९१३ को अवधिमा करिब ५ प्रतिशत मात्र थियो । गएको दशकमा उत्तर अफ्रिका र पश्चिम एसियाका पाठ्य पुस्तकमा महिला अधिकारका विषय वस्तु समावेश थिए । यसले पाठ्यक्रममार्फत् आधिकारिक र विश्वसनीय विधिहरू विकास गर्न सम्भव छ भन्ने देखाउँछ । पाठ्य पुस्तकका विषय वस्तुबारे विश्वव्यापी रूपमा तुलनात्मक तथ्याङ्क प्राप्त गर्न एउटा नियमित अनुगमन संयन्त्र स्थापना गर्नु पर्छ ।

## शिक्षक शिक्षा

दिगो विकास र विश्वव्यापी नागरिकताका विषय वस्तु पढाउन सक्ने गरी शिक्षक तयार पार्नु पर्छ । सन् २०१३ मा सर्वेक्षण भएका ६६ मुलुकका शिक्षक शिक्षामा दिगो विकास समावेश गर्ने दर सन् २००५ को २ प्रतिशतबाट बढेर ८ प्रतिशत भएको थियो । शिक्षक तालिम कार्यक्रमका विषय वस्तुसम्बन्धी विवरणहरू तत्काल कहिल्यै उपलब्ध नहुने भए तापनि क्षेत्रीय स्तरमा केही विवरण सङ्कलन गरिएको छ । शिक्षक शिक्षा र तालिमका लक्ष्य ४.७ मा भएका अवधारणाहरू मूल्याङ्कन गर्न तत्कालै केही सशक्त कदम चाल्न जरूरी देखिन्छ । भिन्न परिवेशका विद्यार्थीलाई सम्बोधन गर्न सक्ने गरी शिक्षकको तयारी गर्ने क्रममा शिक्षक तालिम संस्थानहरूका पाठ्यक्रमभित्र एउटा मापदण्ड लागू गर्ने हो भने पेसागत विकासको प्रभावकारिता विश्लेषण गर्न सकिन्छ ।

## कक्षा कोठाबाहिरका क्रियाकलापहरू

विद्यालयमा मात्रै होइन प्राज्ञिक क्लब, विद्यार्थी सङ्गठन, खेलकुद, वाद विवाद क्लब, नाटक, साङ्गीतिक समूह, स्वयम् सेवा र अन्य क्रियाकलापबाट पनि दिगो विकास र विश्वव्यापी नागरिकताबारे विद्यार्थीलाई परिचित गराइन्छ । जेम प्रतिवेदनका लागि गरिएको एक विश्लेषणले सबैको पहुँचमा हुने गरी राम्रोसँग डिजाइन गरिएका समावेशी क्रियाकलापले द्वन्द्व समाधान र सामाजिक सद्भाव कायम गरेको, मानव अधिकारसम्बन्धी अवधारणा र कानुनप्रति सचेतना वृद्धि गरेको, र विश्वव्यापी नागरिकताको भावना अभिवृद्धि गरेको पत्ता लगाएको छ । तथ्याङ्क सङ्कलनका विद्यमान विधिहरूले यस्ता क्रियाकलापसम्बन्धी अनुभव र ती तयार गर्ने प्रक्रियाको गुणस्तरप्रति पर्याप्त ध्यान दिँदैनन् । साझा मापदण्ड नहुनाले विश्वव्यापी रूपमा तुलनात्मक र विश्वसनीय तथ्याङ्क कम मात्र पाइएको छ ।

## उपलब्धिहरू

लक्ष्य ४.७ को प्रमुख अवधाणा (अर्थात् दिगो विकासका निम्ति चाहिने ज्ञान र सिप प्राप्ति) को अनुगमन त्यति सजिलो छैन । इतिहास, भूगोल, अन्तर्राष्ट्रिय सङ्घ संस्था र विश्व प्रक्रियासम्बन्धी एउटा आधारभूत र एक अर्काबिच अन्तरनिर्भर बुझाइ यसको प्रस्थान विन्दु बन्न सक्छ । तर, यो क्षेत्रमा संज्ञानात्मक मूल्याङ्कन अति न्यून रहेको छ । धेरैजसो मुलुकमा दुई तिहाई विद्यार्थी मात्रै मानव अधिकारको विश्वव्यापी घोषणासँग परिचित छन् ।

स्थानीय स्तरका मूल्य मान्यता र विश्वमा बढ्दै गइ रहेको विश्वव्यापी प्रतिबद्धताबिचको अन्तर एउटा मुख्य चुनौती हो । खास गरी माध्यमिक तहका किशोर किशोरीका सन्दर्भमा लक्ष्य ४.७ का लागि अनुगमन संयन्त्र सुधार्न अहिले केही प्रयासहरू भएका छन् । यही सन् २०१६ मा युनेस्को र शैक्षिक उपलब्धि मूल्याङ्कनसम्बन्धी अन्तर्राष्ट्रिय सङ्गठनले औपचारिक रूपमा विश्वव्यापी नागरिकता र दिगो विकासको ज्ञान अनुगमन गर्ने सहकार्य थालेका छन् । साउथइस्ट एसिया प्राइमरी लर्निङ मेट्रिक्स ले कक्षा ५ मा विश्वव्यापी नगरिकतामा जोड दिँदै स्थानीय परिस्थितिसँग बढी नजिक हुने गरी तुलनात्मक मूल्याङ्कनको विकास गर्ने लक्ष्य लिएको छ ।

दिगो विकासको लक्ष्य ४.क

# शैक्षिक सुविधा र सिकाइ वातावरण

लक्ष्य ४.क

लक्ष्य ४.क ले विद्यार्थी केन्द्रित सिकाइ, लोकतान्त्रिक सहभागिता र समावेशितालाई बाल मैत्री विद्यालयका सिद्धान्त मानेको छ । विश्वव्यापी अनुगमनका लागि यी सबै विषय सहज छैनन् । यद्यपि, तिन ओटा पक्षहरू – विद्यालय पूर्वाधार, आईसिटीको प्रयोग र विद्यालयमा हुने हिंसा तथा आक्रमण – भने सजिलै अनुगमन गर्न सकिन्छ

> ‘‘सन् २०१३ मा अति कम विकसित देशमध्ये जम्मा ५२% ले मात्र प्राथमिक विद्यालयमा पर्याप्त खाने पानी आपूर्ति गरेका थिए’’

## विद्यालय पूर्वाधार

शैक्षिक संस्थामा उपलब्ध हुने स्वस्थ पानी, सर सफाइ र स्वास्थ्य सुविधाहरूले विद्यार्थीको स्वास्थ्य र शैक्षिक उपलब्धिमा सकारात्मक प्रभाव पार्छन् । तर सन् २०१३ मा ७१ प्रतिशत प्राथमिक विद्यालयमा मात्रै पर्याप्त खाने पानी आपूर्ति गरिएको थियो । यो सङ्ख्या अति कम विकसित ४९ मुलुकमा जम्मा ५२ प्रतिशत थियो ।

विद्यालय असुरक्षित हुँदा प्राकृतिक प्रकोपको असर पनि उच्च हुन्छ । केही मुलुकले विद्यालय सुरक्षित छन् छैनन् गहन निरीक्षण गर्छन् । तर, सबै मुलुकले यसो गर्न सक्दैनन् । विद्यालयको अवस्थाको विवरण दिने कार्यमा विद्यार्थी र समुदायलाई सहयोग गर्न सहभागितामूलक विधिहरू विकास गरिएका छन् ।

अपाङ्गता भएका मानिस विद्यालयसम्म पुग्न धेरै खाले अवरोधहरू पार गर्नु पर्छ । पहुँचयोग्य विद्यालय कस्तोलाई भन्ने ? यसको उचित परिभाषा नभएको र यसको अनुगमन क्षमता कमजोर भएका कारण सुविधाहरू अपाङ्ग मैत्री छन् छैनन् थाहा पाउन कठिन छ ।

## विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

शिक्षामा आईसिटी प्रयोगबारे अनुगमनको आधार दिने भनेको सूचना समाजसम्बन्धी विश्व सम्मेलनको जेनेभा कार्य योजना सन् २००३ ले हो । यो कार्य योजनामा शिक्षाका दुई ओटा लक्ष्य समावेश गरिएको थियो ।

विद्यालयमा आइसिटी प्रयोग गर्न सहज र नियमित रूपमा विद्युत उपलब्ध हुनु पर्छ । अफ्रिकाका प्रायःजसो मुलुकमा विद्युत अभावले आइसिटीको प्रयोगमा बाधा पर्छ । मध्य अफ्रिकी गणतन्त्रमा व्यवहारतः कुनै पनि प्राथमिक र माध्यमिक विद्यालयमा विद्युत जडान गरिएको छैन । त्यस्तै गिनी र मादगास्करमा ५ सय विद्यार्थी बराबर एउटा कम्प्युटरको व्यवस्था छ ।

## विद्यालयमा हुने हिंसा र आक्रमण

हिंसात्मक गतिविधि वा खतरा विद्यालय परिसरभित्र हुने गर्छन् । कहिले काहीं बाटो घाटो, घर र साइवर स्पेसमा पनि हुने गर्छन् । गोली हान्ने जस्ता अतिवादी घटनामा मात्रै प्रायः ध्यान केन्द्रित हुन्छ । सामान्य प्रकृतिका हिंसाले पनि बाल बालिका र किशोर किशोरीको शिक्षामा नराम्रो असर पार्छन् । समाजमा बर्जित भएका कारण यस्ता घटनाहरू प्रायः बाहिर आउँदैनन् ।

> सन् २००९-२०१२ को अवधिमा ३७ देशमा १३ देखि १५ वर्षसम्मका ४० प्रतिशत विद्यार्थीहरू एक आपसमा लडाइँ झगडा गरेका थिए


विद्यालयमा हुने हिंसामध्ये सबैभन्दा बढी पाइएको डर धम्की/हेपाईं (बुलिङ) हो । सन् २०११ को ट्रेन्ड्स इन इन्टरनेसनल म्याथम्याटिक्स एन्ड साइन्स स्टडी ले कक्षा ८ मा अध्ययनरत करिब ४१ प्रतिशत विद्यार्थीहरू अघिल्लो महिनामा कम्तिमा एक पटक डर धम्की वा हेपाईमा परेको देखाएको थियो । शारीरिक हिंसा सामान्य बनेको छ । सन् २००९-२०१२ को अवधिमा ३७ देशमा १३ देखि १५ वर्षसम्मका ४० प्रतिशत विद्यार्थीहरू एक आपसमा लडाइ झगडा गरेका थिए । विद्यालयभित्र हुने यौन हिंसा सबैभन्दा हानिकारक मानिन्छ । यसलाई प्रायः लुकाइन्छ । समग्रमा भन्नुपर्दा, विश्वव्यापी रूपमा विद्यालयमा हुने हिंसात्मक गतिविधिको निरन्तर मापन सुनिश्चित गर्न सोधिने प्रश्नावलीको सबै अन्तर्राष्ट्रिय सर्वेक्षणले पनि उचित समन्वय गर्नु पर्छ ।

हिंसा नियन्त्रण गर्न र दोषीलाई कारबाही गर्न अनुगमनको उतिकै महत्त्व हुन्छ । सन् २००५ देखि २०१५ सम्ममा २६ देशमा विद्यालयलाई सैन्य प्रयोजनका लागि प्रयोग गरिएको थियो । सन् २००९ देखि २०१२ सम्ममा ६ देशमा प्रति देश १,००० वा सोभन्दा बढी शिक्षासँग सम्बन्धित आक्रमण भएका थिए ।

**चित्र १४ :**

**अति गरिब केही देशमा अधिकांश विद्यालयमा विद्युतको व्यवस्था छैन**

*विद्युत जडान गरिएका प्राथमिक र माध्यमिक विद्यालयको अनुपात (सन् २००९-२०१४)*




*स्रोत :* युआइएस डाटाबेस

दिगो विकासको लक्ष्य ४.ख

लक्ष्य ४.ख


# छात्रवृत्ति

निश्चित देश अनुसारका मुद्दामाथि जोड दिने हुनाले लक्ष्य ४.ख विश्वव्यापी एजेन्डाबमोजिम छैन । यसले पनि सबै लक्ष्य झैं विभिन्न मुलुकबिचको असमानता कम गर्ने लक्ष्य राखेको छ । तर, यसले मुलुकभित्र असमानता झन बढाउने देखिन्छ किन कि छात्रवृत्तिबाट लाभान्वित हुनेहरू सुविधासम्पन्न पृष्ठभूमिका हुने प्रवृत्ति छ । यसबाहेक, छात्रवृत्ति प्राप्त गर्नेमध्ये धेरै जसो आफ्नो देश फर्कँदैनन् । यसले छात्रवृत्तिले गरिब मुलुकका भन्दा धनी मुलुकका उच्च शिक्षा संस्थालाई सहयोग गर्न सक्ने देखाउँछ ।

> "यो प्रतिवेदनका लागि ५४ ओटा सरकारी छात्रवृत्ति कार्यक्रमको तथ्याङ्क सङ्कलन गर्दा २२५०० छात्रवृत्ति त सन् २०१५ मा मात्रै दिइएको पाइयो"

लक्ष्य ४.ख कैयौं पक्षमा चुकेको छ । केवल विदेशमा अध्ययनका लागि दिइने र कम्तिमा केही मात्रामा सरकारी कोषबाट सहायता गरेकोलाई मात्र छात्रवृत्ति भनिनुपर्ने सुझाव दिन सकिन्छ ।


निम्न र निम्न मध्यम आय भएका देशमा विदेश जाने विद्यार्थीको अनुपात अर्थात् कुनै देशको उच्च शिक्षामा हुने कुल भर्ना दरमध्ये विदेश अध्ययन गर्न जाने विद्यार्थीको प्रतिशत १.८ रहेको छ । तर केही देशहरू विशेष गरी विकासशील साना टापु राष्ट्रहरूमा यो अनुपात निकै उच्च रहेको छ । जस्तै सेन्ट लुसियामा स्वदेशमा अध्ययन गर्ने हरेक १० जनामा ५ जना विदेशमा अध्ययन गर्न जान्छन् । अचम्मको कुरा, छात्रवृत्ति पाउने विद्यार्थीको राष्ट्रियता वा अध्ययन क्षेत्रको त कुरै छोडौं, छात्रवृत्ति




**चित्र १५ :**

**छात्रवृत्ति र विद्यार्थी खर्च कटौतीका (imputed student costs) लागि दिइएको कुल सहायतामध्ये आधा त मध्यम आय भएका १३ देशमा थोपरिएको छ**

*प्राप्त गर्ने देशअनुसार छात्रवृत्ति र विद्यार्थी खर्च कटौतीको वितरण (सन् २०१४)*




*स्रोत :* ओइसिडी डिएसीका तथ्याङ्क प्रयोग गरी जेम प्रतिवेदन टोलीले गरेको विश्लेषण (सन् २०१६)

सङ्ख्याबारे पनि विश्वभर बलिया प्रमाणहरू छैनन् । जेम प्रतिवेदनका लागि ५४ ओटा सरकारी छात्रवृत्ति कार्यक्रमको तथ्याङ्क सङ्कलन गर्दा २२,५०० छात्रवृत्ति त सन् २०१५ मा मात्रै दिइएको थियो । जुन निम्न र निम्न मध्यम आय भएका देशबाट बाहिरिने विद्यार्थी सङ्ख्याको १ प्रतिशत मात्रै हुन आउँछ ।

छात्रवृत्तिको सङ्ख्या, छात्रवृत्तिको अवधि, अध्ययन पूरा गर्ने विद्यार्थीको सङ्ख्या र अध्ययन पूरा गरी स्वदेश फर्किने विद्यार्थीको सङ्ख्या जस्ता सूचकबारे अनुगमन गर्न विश्वव्यापी छात्रवृत्ति अनुगमन संयन्त्रको आवश्यकता पर्छ ।

सहायताको तथ्याङ्कबाट पनि छात्रवृत्ति कार्यक्रमबारे आंशिक जानकारी त पाइन्छ । सन् २०१४ मा छात्रवृत्ति र विद्यार्थी खर्च कटौतीका लागि २ अरब ८० करोड अमेरिकी डलर सहायता रकम छुट्याइएको थियो । त्यसमध्ये ३८ करोड ६० लाख अमेरिकी डलर अति कम विकसित र विकासशील साना टापु राष्ट्रलाई प्रदान गरिएको थियो ।




## शिक्षक

लक्ष्य ४.ग

एसडिजीले शिक्षकलाई 'कार्यान्वयनको माध्यम' का रूपमा मात्रै हेरेको भन्दै केही असन्तुष्टि देखिएको छ । किनभने यसले गुणस्तरीय शिक्षा प्रदान गर्न र उपयुक्त सिकाइ वातावरण सिर्जना गर्नमा शिक्षण पेसाको योगदानको अवमूल्यन गर्छ । शिक्षकका मुख्य मुद्दामा त्यति धेरै नबोलेकाले यो लक्ष्य निर्माणमा कमजोरी भएको देखिन्छ ।


जेम प्रतिवेदनले 'शिक्षक र अध्यापकहरू सशक्तीकरण गरिएको, पर्याप्त मात्रामा भर्ति गरिएको, तालिमप्राप्त, पेसागत रूपले सक्षम, उत्प्रेरित र सहयोग गरिएको सुनिश्चित गर्ने' भनी सन् २०३० सम्मको शिक्षाको कार्य ढाँचा मा उल्लेख गरेबमोजिम यसको अनुगमन गर्छ ।

### योग्य शिक्षकको पर्याप्त आपूर्ति

धेरै जसो अति विपन्न मुलुकमा कक्षा कोठाको क्षमताभन्दा विद्यार्थी धेरै छन् । यसले शिक्षक पर्याप्त छैनन् भन्ने देखाउँछ । शिक्षकको अभाव परिभाषित गर्न दुई ओटा समस्या देखिन्छन् । पहिलो, शिक्षक उपलब्धताको औसत तथ्याङ्कले मुलुकभित्र रहेको चरम असमानता देखाउँदैन । दोस्रो, शिक्षकको सङ्ख्यालाई गुणस्तरबाट पृथक राख्न सकिँदैन । नीति निर्माताहरूले विद्यार्थी भर्ना बढाउनु पर्ने र कक्षामा विद्यार्थी सङ्ख्या बढाउनु पर्नेमा भने निकै काम गरेका छन् ।

'योग्य' शिक्षक आपूर्ति गर्ने भनेको के हो स्पष्ट छैन । योग्य भन्नाले शिक्षकको शैक्षिक योग्यता बुझ्ने गरिन्छ । सन् २०१४ मा औसत ८२ प्रतिशत शिक्षकसँग पूर्व प्राथमिक तहमा, ९३ प्रतिशतसँग प्राथमिक तहमा र ९१ प्रतिशतसँग माध्यमिक तहमा पढाउने न्यूनतम योग्यता थियो । लक्ष्य ४.ग. को विश्वव्यापी सूचक (अर्थात् न्यूनतम तालिमप्राप्त शिक्षकको प्रतिशत) ले बृहत् विषयलाई समेटेको छ तर यसमा राष्ट्रिय मापदण्ड तुलना गर्ने बेन्चमार्कको अभाव देखिन्छ । यद्यपि, धेरै शिक्षकहरूले न्यूनतम तालिम लिएका छैनन् भन्ने स्पष्ट प्रमाणहरू छन् । क्यारिबियन क्षेत्रमा प्राथमिक तहका ८५ प्रतिशत शिक्षकहरू तालिमप्राप्त छन् । उत्तर अफ्रिका र पश्चिम एसियामा पूर्व प्राथमिक तहका ७३ प्रतिशत शिक्षकहरू तालिमप्राप्त छन् । त्यस्तै सब-सहारा अफ्रिकामा पूर्व प्राथमिक तहका आधाभन्दा कम र उच्च माध्यमिक तहका तिन चौथाई शिक्षकहरू तालिमप्राप्त रहेका छन् ।

**चित्र १६ :**
**सब-सहारा अफ्रिकामा पूर्व प्राथमिक तहमा आधाभन्दा बढी र माध्यमिक तहमा एक चौथाई शिक्षकले तालिम लिएका छैनन्**
*शैक्षिक तह र क्षेत्रअनुसार तालिमप्राप्त शिक्षकको प्रतिशत (सन् २०१४)*




*स्रोत :* युआइएस डाटाबेस

सन् २००२ देखि २०१४ सम्मको अवधिमा शिक्षक तालिमका लागि दिइने सहायतामा तेब्बर वृद्धि भई २५ करोड १० लाख अमेरिकी डलर पुगेको थियो जुन शिक्षाका लागि प्रदान गरिने कुल सहायताको २ प्रतिशत थियो । यसमध्ये अति कम विकसित मुलुकहरूलाई ४१ प्रतिशत र साना टापू विकासशील राष्ट्रलाई ७ प्रतिशत प्रदान गरिएको थियो ।

## शिक्षकलाई उत्प्रेरणा र सहयोग

सन् २०३० सम्मको शिक्षाको कार्य ढाँचामा देखिने मुख्य नीतिगत चासो भनेको शिक्षकलाई कसरी उत्प्रेरित र सहयोग गर्न सकिन्छ भन्ने हो । उत्प्रेरणा र पेसागत सन्तुष्टि जस्ता तत्त्वबारे शिक्षकबाट नै प्रत्यक्ष रूपमा विवरण सङ्कलन गर्ने कार्यमा गहन चुनौतीहरू छन् ।

यो प्रतिवेदनले मुख्यतः सरकारी नीतिसँग जोडिएका नियुक्ति र मेन्टरिङ; निरन्तर पेसागत विकास, कामको अवस्था र तलब जस्ता वाह्य तत्त्वको अवलोकन गरेको थियो । अन्तर्राष्ट्रिय शिक्षण सिकाइ सर्वेक्षणले ५ वर्षभन्दा कम अनुभव भएका निम्न माध्यमिक तहका शिक्षकहरूमध्ये झन्डै २५ प्रतिशतले आफूहरूलाई मेन्टरका रूपको खटाइएको बताए । यो दर चिलीमा ६ प्रतिशत र इटलीमा ९ प्रतिशत थियो ।

उत्कृष्ट व्यक्तिहरूलाई शिक्षण पेसामा ल्याउन र टिकाइ राख्न प्रतिस्पर्धात्मक पारिश्रमिक तथा सुविधा नभई हुँदैन । डोमिनिकन रिपब्लिकमा औसतमा शिक्षकले अन्य पेसाकर्मीका तुलनामा ७० प्रतिशत कमाउँथे तर उरूग्वेका शिक्षकको सुविधा कम थियो ।

यसरी हेर्दा, तलब सुविधा, कामको अवस्था र शिक्षक अवकास दरबारे विश्वसनीय तथ्याङ्क प्राप्त गर्न अझै केही समय लाग्ने देखिन्छ ।

# वित्त

लक्ष्य ४.५

सन् २०३० को एजेन्डाले कार्यान्वयनका माध्यमबारे ३ ओटा लक्ष्य उल्लेख गरेको छ । तर, सन् २०१५ मा समतामूलक र पर्याप्त बजेट अभावका कारण सबैका लागि शिक्षाका लक्ष्य प्राप्त नभएको वास्तविकता हुँदा हुँदै पनि यी कुनै पनि लक्ष्यले शिक्षाको वित्तबारे कुरा गरेका छैनन् ।

शैक्षिक वित्तका बारेमा यसले केही नभने तापनि प्रभावकारी शैक्षिक योजना तयार गर्न र विश्वव्यापी शैक्षिक मुद्दाप्रति सबै साझेदारको प्रतिबद्धताको कार्यान्वयन अनुगमन गर्न शिक्षाको वित्तसम्बन्धी विस्तृत र नियमित तथ्याङ्क नभई हुँदैन ।

## राष्ट्रिय शिक्षा लेखा

शिक्षामा हुने खर्चका स्रोतहरू (सरकारी खर्च, विदेशी सहायता र घरपरिवारको खर्च) लाई कसरी संयोजन गरिन्छ र यी स्रोतले एक अर्कालाई कसरी प्रभावित गर्छन् भन्ने पक्षलाई शैक्षिक बजेटसम्बन्धी बहसमा बिरलै ध्यान दिएको पाइन्छ । यस्तै चुनौती सामना गर्नु परेका कारण खर्चसम्बन्धी तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न स्वास्थ्य क्षेत्रमा राष्ट्रिय स्वास्थ्य लेखा स्थापना गरिएको थियो ।

हालैको एक परियोजनाले ८ ओटा मुलुकमा एउटा राष्ट्रिय शिक्षा लेखा (एनइए) विधि लागू गर्न खोजेको छ । उदाहरणका लागि नेपाल सरकारले जिडिपीको ३.५ प्रतिशत हिस्सा शिक्षामा खर्च गर्छ जुन भियतनामको भन्दा २.६ प्रतिशतले कम छ । तर घरपरिवार र अन्य स्रोतलाई जोड्ने हो भने यो दर ठिक उल्टो हुन्छ अर्थात् नेपालको शिक्षा खर्च भियतनामको भन्दा १.५ प्रतिशत बढी हुन आउँछ ।

## वित्तीय तथ्याङ्कमा सुधार

प्रभावशाली रष्ट्रिय शिक्षा लेखा स्थापना गर्न सरकार, सहयोगी साझेदारहरू र घरपरिवारको खर्च विवरणमा सुधार ल्याउनु पर्छ ।

## सार्वजनिक खर्च

सन् २०३० सम्मको शिक्षाको कार्य ढाँचाले कम्तिमा पनि जिडिपीको ४ देखि ६ प्रतिशत र/वा सार्वजनिक खर्चको १५ देखि २० प्रतिशत शिक्षाका लागि छुट्याउनु पर्ने भनी दुई ओटा बेन्चमार्क प्रस्ताव गरेको छ । विश्वमा जिडिपीको ४.६ प्रतिशत शिक्षामा खर्च हुन्छ र सार्वजनिक खर्चको १४.२ प्रतिशत शिक्षाका लागि छुट्याइन्छ । त्यस्तै, कम्तिमा ३५ देशले जिडिपीको ४ प्रतिशतभन्दा कम शिक्षामा खर्च गर्छन् र सार्वजनिक खर्चको १५ प्रतिशतभन्दा कम शिक्षाका लागि छुट्याउँछन् । सार्वजनिक शिक्षाको वित्तीय व्यवस्थासम्बन्धी सूचकहरूको विश्लेषणले एउटा अनियमित जानकारी

**तालिका ३ :**
**क्षेत्र र देशको आय समूहअनुसार सार्वजनिक शिक्षाको खर्च (सन् २०१४)**


| सार्वजनिक शिक्षा खर्चमा जिडिपीको % | | जिडिपीको <४% खर्च गर्ने देशहरू | सार्वजनिक खर्चमध्ये सार्वजनिक शिक्षाको खर्च % | सार्वजनिक खर्चको <१५% खर्च गर्ने देशहरूको सङ्ख्या | जिडिपीको <४% र सार्वजनिक खर्चको <१५% खर्च गर्ने देशहरूको सङ्ख्या |
|---|---|---|---|---|---|
| विश्व | ४.६ | ५१ | १४.२ | ७० | ३५ |
| निम्न आय | ३.९ | १३ | १६.७ | ९ | ९ |
| निम्न मध्यम आय | ४.१ | १३ | १५.६ | १३ | १० |
| उच्च मध्यम आय | ४.६ | ९ | १५.७ | ११ | ७ |
| उच्च आय | ४.९ | १६ | ११.९ | ३७ | ९ |
| ककेसस र मध्य एसिया | २.८ | ४ | १२.९ | ३ | ३ |
| पूर्वी तथा दक्षिण पूर्वी एसिया | ३.९ | ७ | १५.४ | ६ | ४ |
| युरोप र उत्तर अमेरिका | ५.० | ७ | १२.१ | ३१ | ५ |
| ल्याटिन अमेरिका र क्यारिबियन | ४.९ | ७ | १६.१ | ६ | ३ |
| उत्तर अफ्रिका र पश्चिम एसिया | – | ३ | – | ५ | ३ |
| प्यासिफिक | – | २ | – | २ | १ |
| दक्षिण एसिया | ३.८ | ५ | १५.३ | ४ | ४ |
| सब-सहारा अफ्रिका | ४.३ | १६ | १६.६ | १३ | १२ |

*नोट :* दिइएका सबै अङ्कहरू मध्यक हुन्
*स्रोत :* युआइएस डाटाबेस

**चित्र १७ :**

**शिक्षामा गरिने सहायता सन् २०१० को जति पुग्न अझ बाँकी छ**

*शिक्षामा वितरण गरिएको कुल सहायता (सन् २००२-२०१४)*




*स्रोत :* ओइसिडीको सिआरएस डाटाबेसमा आधारित भएर जेम प्रतिवेदन टोलीले गरेको विश्लेषण

दिन्छ । सन् २००० देखि हरेक वर्षमा जिडिपीको निश्चित हिस्सा समग्र शैक्षिक खर्चका रूपमा राखेको तथ्याङ्क ६० प्रतिशत देशहरूसँग मात्रै छ । शैक्षिक खर्चसम्बन्धी उपयुक्त तथ्याङ्क उपलब्ध गराउन राष्ट्रिय स्तरमा राम्रोसँग सार्वजनिक खर्च व्यवस्थापन गर्न अत्यावश्यक हुन्छ ।

सार्वजनिक खर्च समीक्षा गर्दा समतालाई जोड दिने गरी र पिछडिएका वर्गको शिक्षामा कति खर्च गरिएको छ थाहा पाउने गरी यसलाई विस्तार गर्नु पर्छ । विभिन्न देशबिच तुलना गर्न सकिन्छ । तर, यसका लागि निश्चित प्रक्रिया लागू गर्न, एउटा प्रारूपमाथि सहमत हुन र यथार्थ मूल्याङ्कन गर्न पर्याप्त कदम चाल्नु पर्ने देखिन्छ । सबै मुलुकको समर्थन प्राप्त गर्न उनीहरूले एक अर्काबाट सिक्ने गरी एउटा समीक्षा संयन्त्र स्थापना गर्ने कुरामा जोड दिनु पर्छ ।

## सहायता खर्च

सहायता रकमले ३९ अरब डलरको वार्षिक वित्तीय अन्तर पूर्ति गर्न कम्तिमा पनि सहायतालाई छ गुणाले वृद्धि गर्नु पर्छ । सन् २०१० को सहायता दर सबैभन्दा उच्च थियो । तर, सन् २०१४ को सहायता दर त्योभन्दा ८ प्रतिशत कम थियो । यदि दातृ राष्ट्रले कुल राष्ट्रिय आय (जिएनआई) को ०.७ प्रतिशत हिस्सा सहायताका लागि अर्पण गरेर समग्र सहायताको १० प्रतिशत आधारभूत र माध्यमिक शिक्षाका लागि छुट्याए भने यो अन्तरलाई पूर्ति गर्न सकिन्छ । सन् २००५ देखि दातृ राष्ट्रको सहायता प्रवाह राष्ट्रिय आयको ०.३ प्रतिशतवरपर तलमाथि हुँदै आएको छ ।

सहायता प्रदान गर्दा गरिब देशहरूलाई मापन गर्नु पर्छ । तर, सन् २०१४ मा निम्न आय भएका मुलुकले कुल सहायताको २८ प्रतिशत रकम मात्रै आधारभूत शिक्षाका लागि प्राप्त गरेका थिए जब कि विद्यालयबाहिर रहेका बाल बालिकाका लागि उपलब्ध सहायताको दर ३६ प्रतिशत थियो ।

त्यस्तै मानवीय सहायताको मात्रा पनि मापन गर्नु पर्छ । सन् २०१५ मा शिक्षा क्षेत्रले कुल मानवीय सहायताभन्दा १.९ प्रतिशत कम अर्थात् १९ करोड ८० लाख अमेरिकी डलर रकम मात्रै प्राप्त गरेको थियो ।

## घरको खर्च

कुल शैक्षिक खर्चमध्ये घर परिवारले व्यहोर्ने खर्चको हिस्सा धनी देशमा भन्दा गरिब देशमा बढी हुने गर्छ । नयाँ शैक्षिक लक्ष्यहरूले जोड दिएको समता हासिलका लागि यो खर्च कम गर्नु पर्छ । धेरै देशका घरपरिवारले गर्ने खर्चको विवरण उपलब्ध छ । जेम प्रतिवेदनको विश्लेषणले निम्न आय र मध्यम आय भएका करिब ९९ देशहरूले सन् २००८ देखि २०१४ सम्मका राष्ट्रिय खर्च सर्वेक्षणमा यससँग सान्दर्भिक प्रश्नहरू समावेश गरेका थिए भने ६७ देशले विषयगत खर्च शीर्षकसम्बन्धी प्रश्न समावेश गरेका थिए । तथापि, यस्ता तथ्याङ्कलाई प्रयोग गरेको त्यति देखिँदैन । नीति निर्मातालाई यस्ता तथ्याङ्कको अस्तित्व र महत्त्वबारे थाहा नभएर वा यस्ता तथ्याङ्कलाई विश्लेषण गर्ने र सान्दर्भिक निष्कर्ष निकाल्ने उनीहरूको क्षमता नभएर यस्तो भएको हुन सक्छ ।

# शैक्षिक प्रणाली

> शिक्षा प्रणाली र नीतिहरूको समीक्षा गर्न एउटा विश्वव्यापी प्रारूपको अपेक्षा गरे तापनि क्षेत्रीय स्तरमा काम गर्नु बढी व्यावहारिक देखिन्छ

सन् २०३० सम्मको शिक्षाको अनुगमनलाई टेवा पुर्‍याउन शैक्षिक प्रणाली र नीतिसम्बन्धी वैधानिक र गुणात्मक सूचकहरू धेरै चाहिन्छन् । एउटा विश्वव्यापी प्रारूपको अपेक्षा गरे तापनि क्षेत्रीय स्तरमा काम गर्नु बढी व्यावहारिक देखिन्छ ।

## शैक्षिक प्रणाली अनुगमनका विश्वव्यापी विधिहरू

सन् १९९६ मा युनेस्कोको अन्तर्राष्ट्रिय शिक्षा ब्युरोले शिक्षाबारे विश्वव्यापी तथ्याङ्कको श्रेणीबद्ध प्रकाशन सुरू गरेको थियो । शैक्षिक प्रणालीबारे विश्वव्यापी रूपमा विवरण प्राप्त गर्न यो एउटा अमूल्य स्रोत बनेको छ, तर सीमित स्रोत साधनका कारण यसको थप विकासमा अवरोध आएको छ । पछिल्लो पटक यसलाई सन् २०११ मा प्रकाशित गरिएको थियो र अहिले यसलाई अद्‌यावधि गर्ने कुनै योजना छैन । अनिवार्य र निःशुल्क शिक्षा वा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसँग सम्बन्धित शैक्षिक प्रणालीबारे विश्वव्यापी तथ्याङ्क भने युनेस्कोले उपलब्ध गराउँछ ।

सन् २०११ मा सुरू गरिएको विश्व बैंकको *उत्तम शैक्षिक नतिजाका लागि प्रणालीगत विधिले* नीतिबारे एउटा विस्तृत जानकारी प्रदान गर्छ । यसले राष्ट्रिय शैक्षिक प्रणालीका १३ ओटा पक्षलाई हेर्ने गर्छ । विश्वव्यापी अनुगमनको साधन बन्नका लागि कम्तिमा २ ओटा विषयलाई यसले सम्बोधन गर्न सक्नु पर्छ : पुनरावलोकनको क्षेत्र, विस्तार र नियमितताबारे सहमति, र थप राष्ट्रिय अपनत्व ।

## शैक्षिक प्रणाली अनुगमनका क्षेत्रीय विधि

अनुगमनको कार्य विश्व स्तरमा भन्दा क्षेत्रीय स्तरमा अझ प्रभावकारी रूपमा गर्न सकिन्छ । एउटा क्षेत्रीय अङ्गका सदस्यहरूले स्वेच्छिक रूपमा आफ्नो शैक्षिक प्रणालीसम्बन्धी जानकारी आदान प्रदान गर्ने सम्भावना बढी हुन्छ । यस सन्दर्भमा तिन ओटा उदाहरणहरू छन् । सन् १९८० मा स्थापित युरोपका शैक्षिक प्रणाली र नीतिबारे युरिडाइस नेटवर्क अहिले ३६ देशमा ४० ओटा राष्ट्रिय एकाइसहित एउटा बृहत् सञ्जालका रूपमा विकसित भइ सकेको छ । ओइसिडीको कार्यक्रम शैक्षिक प्रणालीका सूचक (आइएनइएस) लाई सन् १९९२ मा सुरू गरिएको थियो । यसका ३ ओटा सञ्जालमध्ये एउटा सञ्जाललाई सन् २००९ मा प्रणाली स्तरीय सूचकका लागि आइएनइएस नेटवर्क (एनइएसएलआई) मा विकसित गरिएको थियो । त्यस्तै सूचकहरूमा भएको प्रगति समीक्षा गर्न आइबेरो अमेरिकी राज्य सङ्गठनअन्तर्गत एउटा शैक्षिक रणनीति र एउटा विशिष्टिकृत अङ्ग रहेको छ ।

जेम प्रतिवेदनले संवादलाई सहजीकरण गर्न र क्षेत्रीय स्तरमा एक अर्काबाट पाठ सिक्नका लागि सरकारलाई प्रोत्साहित गर्न अनुगमन गरिने शैक्षिक प्रणालीको सूचकका पक्षमा वकालत गर्छ ।

# दिगो विकासका अन्य लक्ष्यमा शिक्षा

> "एसडिजी ४ बाहेक अन्यत्र ५ ओटा विश्वव्यापी सूचकहरूमा शिक्षालाई प्रत्यक्ष उल्लेख गरिएको छ"

दिगो विकासका लागि एजेन्डा २०३० ले शैक्षिक लक्ष्यको महत्त्वलाई पृथक रूपमा मात्रै नहेरी शिक्षामार्फत् अन्य लक्ष्य हासिल गर्नुपर्ने आवश्यकतालाई समेत स्वीकारेको छ । एसडिजी ४ बाहेक अन्य लक्ष्यमा पनि शिक्षालाई प्रत्यक्ष र अप्रत्यक्ष उल्लेख गरिएको छ ।

## शिक्षाको प्रत्यक्ष उल्लेख

एसडिजी ४ बाहेक अन्यत्र ५ ओटा विश्वव्यापी सूचकहरूमा शिक्षालाई प्रत्यक्ष उल्लेख गरिएको छ । ती हुन् : शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा सरकारले गर्ने खर्च; शिक्षा लैङ्गिक समानता हासिल गर्ने माध्यम; शिक्षा, रोजगार र तालिम नपाएका युवा; र विश्वव्यापी नागरिकता शिक्षा र दिगो विकासका लागि शिक्षा ।

## शिक्षाको अप्रत्यक्ष उल्लेख

शिक्षालाई प्रत्यक्ष उल्लेख गर्ने सूचकहरूलाई अनुगमन गर्ने बाहेक अबका जेम प्रतिवेदनले अन्य एसडिजीमा शिक्षालाई अप्रत्यक्ष उल्लेख गरेकोतर्फ पनि ध्यान दिने छन् । यसमा तिन ओटा उदाहरणलाई स्पष्ट पारिन्छ : विकासका अन्य उपलब्धिहरूसँग जोडिएको तत्त्वका रूपमा शिक्षा; पेसागत र उच्च शिक्षासँग सम्बन्धित मानवीय स्रोतको क्षमतालाई उल्लेख गर्ने सूचकहरू; र प्रौढ शिक्षाको भूमिका ।

शैक्षिक तहका आधारमा विश्व सूचकहरूलाई पृथक गर्ने हो भने यसले एसडिजीका लक्ष्यहरू हासिल गर्ने कार्यमा अवरोध गर्ने असमानतालाई थप प्रकाश पार्न सक्छ । यसरी अनुगमन गर्न सकिने विश्वव्यापी सूचकहरूमा गरिबी, कुपोषण, बाल विवाह, सर सफाइ, विद्युतमा पहुँच, बेरोजगारी, झुपडपट्टीवासी, प्रसोधन, विपद्जन्य मृत्यु, हिंसा र जन्म दर्तासम्बन्धी सूचक पर्छन् । उदाहरणका लागि, निम्न र मध्यम आय भएका ५४ मुलुकमा सन् २००८ देखि २०१५ सम्म औसतमा हरेक १,००० हजार महिलामध्ये निरक्षर महिलाले १७६, प्राथमिक शिक्षाप्राप्त महिलाले १४२, माध्यमिक शिक्षाप्राप्त महिलाले ६१ र उच्च शिक्षाप्राप्त महिलाले १३ बच्चा जन्माएका थिए ।

**चित्र १८ :**
**विकासका अपेक्षित उपलब्धिहरूसँग शिक्षा सकारात्मक रूपले सम्बन्धित छ**
*सन् १९९७–२०१४ को अवधिमा १५ देखि १९ वर्ष उमेरका किशोर किशोरीहरूले बच्चा जन्माउने दर (प्रति १००० महिलामा)*




*स्रोत :* जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण स्टाट कम्पाइलर (सन् २०१६)

# दिगो विकासका लक्ष्यमा समाविष्ट शैक्षिक अनुगमनका प्राथमिकताहरू

एसडिजी ४ का प्रत्येक लक्ष्यको अनुगमनमा देखिने चुनौतीबारे गरिने समीक्षाले राष्ट्रिय, क्षेत्रीय र विश्वस्तरीय कामका प्राथमिकताहरूलाई औंल्याउँछ । एसडिजी ४ मा भएको प्रगतिमाथि विश्वव्यापी सम्वादलाई सहयोग गर्नका लागि तुलनात्मक विवरण पर्याप्त मात्रामा उपलब्ध भएको सुनिश्चित गर्न यी प्राथमिकताहरू निर्धारण गरिन्छ । यसो गर्दा राष्ट्रिय परिवेश र विशेष आवश्यकतामा जोड दिने शिक्षामा हुने प्रगति अनुगमन गर्ने मुलुकको काम कमजोर बन्दैन ।

प्रस्तावित अनुगमनको ढाँचाले राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायलाई प्रगति र मापनका क्रममा देखिने चुनौतीबारे जानकारी आदान-प्रदान गर्न एउटा मञ्च उपलब्ध गराउँछ । विभिन्न मुलुकहरूको प्रतिनिधित्व रहेको हालै गठित प्राविधिक सहकार्य समूहले यो ढाँचालाई अझै विकसित गर्दै कार्यान्वयनमा सहयोग गर्ने छ । जसले गर्दा शैक्षिक अनुगमनसम्बन्धी अन्तर्राष्ट्रिय सम्वाद अझ अगाडि बढ्ने छ ।

## राष्ट्रिय स्तरमा : ६ ओटा प्रमुख क्षेत्रमा क्षमता अभिवृद्धि गर्ने

राष्ट्रिय अनुगमनलाई दह्रो बनाउने गरी र विश्वव्यापी शैक्षिक अनुगमनलाई योगदान पुग्ने गरी आउँदो ३ देखि ५ वर्षको अवधिमा व्यापक प्रगति गर्न विभिन्न देशले छ ओटा क्षेत्रमा काम गर्नुपर्ने छ :

**समता** : आधारभूत असमानतामाथि प्रकाश पार्न र तथ्याङ्कका व्यापक स्रोतहरू उपयोग गर्न शिक्षा मन्त्रालय र राष्ट्रिय तथ्याङ्क विभागबिच सम्वाद हुनु आवश्यक छ ।

**सिकाइ उपलब्धिहरू** : सिकाइको अनुगमनका लागि प्रयोग गर्न सकिने गरी नमुना छनोटमा आधारित एउटा सिकाइको राष्ट्रिय मूल्याङ्कन प्रणालीको स्थापना सुनिश्चित गर्नु आवश्यक छ ।

**गुणस्तर** : लक्ष्य ४.७ का उद्देश्यहरूप्रतिको प्रतिबद्धता सुनिश्चित गर्न हरेक मुलुकले पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक शिक्षा कार्यक्रमहरूको गहन अनुगमन गर्नु पर्छ ।

**जीवनपर्यन्त सिकाइ** : दिगो विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले आफ्नो देशका प्रौढहरूका आवश्यकता, अवसर र उपलब्धिहरू हरेक मुलुकले अनुगमन गर्नु पर्छ ।

**प्रणाली** : क्षेत्रीय सङ्गठनहरूले विभिन्न देशलाई आआफ्ना शैक्षिक प्रणालीका विशेषताबारे जानकारी प्रदान गर्न र एक अर्काबाट सिक्न उचित मञ्च उपलब्ध गराउँछन् ।

**वित्त** : सरकार, दातृ निकाय र घरपरिवारबिच शैक्षिक खर्च कसरी बाँडफाँड हुन्छ भनेर राम्ररी बुझ्नका लागि एनइए विधि लागू गर्न हरेक मुलुकलाई उत्प्रेरित गर्नु पर्छ ।

## क्षेत्रीय स्तरमा : परस्परमा हुने सिकाइलाई सहयोग गर्ने

परस्पर सिकाइ संयन्त्रका रूपमा क्षेत्रीय सञ्जाललाई प्रयोग गर्दै विश्वभरका देशहरूले शिक्षामा भएका चुनौतीहरू सामना गर्न लागू भएका नीतिहरूबारे र दिगो विकास शिक्षा र विश्वव्यापी नागरिकता शिक्षालाई कुन हदसम्म पछ्याइएको छ भन्नेबारे विभिन्न जानकारी आदान प्रदान गर्छन् ।

## विश्व स्तरमा : सहमति र समन्वय अभिवृद्धि गर्ने

विश्वव्यापी मुद्दाहरूसम्बन्धी अध्ययन अनुसन्धान गर्न मापन विधिहरूको समन्वय गर्न तिन ओटा कुरा प्रस्ताव गरिन्छ : विभिन्न समस्याको समाधान गर्न शिक्षाप्रति समर्पित एउटा अन्तर्राष्ट्रिय घरधुरी सर्वेक्षण कार्यक्रम चाहिन्छ । ओभरल्याप हटाउन दातृ निकायका लागि एउटा आचार संहितासहित सिकाइ उपलब्धि अनुगमन गर्ने एकरूपता भएको विधि पनि आवश्यक देखिन्छ । प्रमुख शैक्षिक उपलब्धिबारे सहमति निर्माणमा सहयोग गर्ने पक्षलाई विशेष जोड दिंदै विश्वव्यापी शैक्षिक मापनसम्बन्धी विषय अध्ययन गर्न एउटा अनुसन्धान केन्द्रको स्थापना गर्नु पर्ने टड्कारो आवश्यकता छ ।

शिक्षासम्बन्धी तथ्याङ्कमा परिवर्तन ल्याई आधारभूत अवधारणामा विश्वव्यापी सहमति, राम्रो प्रणाली बनाउन लगानी र तथ्याङ्कमा पहुँच, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न समन्वय गर्नु पर्छ ।



बङ्गलादेशको चितागोङको एउटा विद्यालयमा विद्यार्थीका जुत्ता राख्ने र्‍याक । जुत्ताको सङ्ख्याले उक्त दिन कति विद्यार्थी उपस्थित छन् भन्ने थाहा हुन्छ ।

फोटो : रिपोन बारुवा/युनेस्को

## अनुवादकको भनाइ

यो प्रतिवेदन युनेस्को पेरिसबाट प्रकाशित Global Education Monitoring Report – 2016 को नेपाली अनुवाद हो । कतिपय अङ्ग्रेजी शब्दहरूको नेपाली रूपान्तरण बोधगम्य नहुने हुँदा तिनीहरूलाई अङ्ग्रेजीमा नै राखिएको छ । अनुवाद बुझिने हुनुपर्छ भन्ने मान्यताका आधारमा यसको अनुवाद गरिएको छ । पाठकलाई बुझ्न सजिलो होस् भनेर वाक्यहरू सकेसम्म छोटा बनाउने प्रयास गरिएको छ । अनुवादको सबैभन्दा सानो एकाइ शब्दलाई नभएर वाक्यलाई बनाइएको छ । त्यसैले शब्द शब्दको नेपाली रूपान्तरण खोज्दा फेला नपर्न सक्छ । तर, वाक्यको मूल भाव जिउँका तिउँ छ । यस अर्थमा यो भावानुवाद हो । यद्‌यपि तथ्यगत कुराहरू र शिक्षा क्षेत्रका प्राविधिक शब्दहरूको भने शब्दानुवाद नै गरिएको छ ।

शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न प्राविधिक शब्दलगायत अन्य जानकारीहरू प्रदान गरी अमूल्य सहयोग गर्नु हुने नेपाल सरकारका सचिव खगराज बराल र अनौपचारिक शिक्षा केन्द्रका प्रमुख दिवाकर ढुङ्गेलप्रति कृतज्ञ छु । यस प्रतिवेदनको नेपालीमा अनुवाद गर्ने जिम्मेवारी दिनु भएकामा युनेस्को काठमाडौंका शिक्षा एकाइ प्रमुख तपराज पन्त लगायत ध्रुव क्षेत्रीप्रति आभार व्यक्त गर्दछु ।

चिरञ्जीवी बराल



# मानिस र पृथ्वीका लागि शिक्षा :

## सबैका लागि दिगो भविष्य निर्माण

*मानिस र पृथ्वीका लागि शिक्षा : सबैका लागि दिगो भविष्य निर्माण* भन्ने नाराले छ ओटा प्रमुख आधारशीलाहरू पृथ्वी, समृद्धि, मानिस, शान्ति, स्थान र साझेदारीलाई समेट्दै शिक्षा र दिगो विकासका लागि सन् २०३० सम्मको मुददाबिचको जटिल सम्बन्धलाई हेर्छ । यो प्रतिवेदनले नाटकीय रूपमा सहभागिता दर वृद्धि नभएसम्म र शैक्षिक प्रणालीमा गरिने सुधारलाई दिगो विकासले निर्देशित नगरेसम्म शिक्षाले आफ्नो पूर्ण सामर्थ्य प्रदर्शन गर्न सक्दैन भन्ने वास्तविकतालाई प्रस्तुत गर्छ । यसले जलवायु परिवर्तन, द्वन्द्व, अदिगो उपभोग र धनी र गरिबबिच बढि रहेको असमानताले शिक्षामा पार्ने असरबारे पनि सचेत गराउँछ । यदि सबैका लागि दिगो भविष्य निर्माण गर्ने हो भने आमूल रूपान्तरण आवश्यक छ ।

विश्वव्यापी शैक्षिक अनुगमन प्रतिवेदनको यो सारांश दिगो विकासका लक्ष्यअन्तर्गत शिक्षामा हुने प्रगति मूल्याङ्कन गर्ने विभिन्न संस्करणहरूमध्येको पहिलो संस्करण हो । जेम प्रतिवेदनले महत्त्वाकाङ्क्षी उद्देश्य सन् २०३० सम्मको शिक्षा हासिल गर्न आवश्यक नीति, रणनीति र कार्यक्रमबारे प्रमाणका आधारमा सुझाव पेश गर्छ । यसले पहुँच, सहभागिता, पूरा गर्ने दर, सिकाइमा सुधार र असमानता न्यूनीकरण सुनिश्चित गर्न नयाँ विश्वव्यापी शैक्षिक लक्ष्य र लक्ष्यमा हुने प्रगति अनुगमनका चुनौतीबारे पनि छलफल गर्छ । त्यस्तै, निर्णय प्रक्रियाका हरेक तहमा शिक्षाको मूल्य र महत्त्वबारे पाठकले बहस गर्न सकून् भनेर उनीहरूलाई एउटा आधिकारिक स्रोत पनि उपलब्ध गराउँछ ।

जेम प्रतिवेदन सम्पादकीय रूपमा स्वतन्त्र र प्रमाणमा आधारित प्रकाशन हो । यो प्रतिवेदन सुसूचित छलफल प्रवर्धन गर्न र शिक्षामा हुने प्रगति र चुनौतीहरूबारे सचेतना अभिवृद्धि गर्न नभइ नहुने एउटा विधिका रूपमा रहेको छ । प्रतिवेदनसम्बन्धी यो सिरिजले सन् २००२ देखि नै २०० ओटा देश र स्थानमा शिक्षामा भएको प्रगति मूल्याङ्कन गरेको छ । आफ्ना अनुभवका आधारमा र एसडिजीमा समाविष्ट शिक्षामा हुने प्रगति मापनको नयाँ दायित्वसहित जेम प्रतिवेदन आगामी १५ वर्षसम्म अनुगमन र पुनरावलोकनका लागि विश्वव्यापी स्रोतका रूपमा रहने छ ।



विश्वव्यापी
शैक्षिक
अनुगमन
प्रतिवेदन

UNESCO
संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

दिगो विकास लक्ष्यहरू

4 गुणस्तरीय शिक्षा

दिगो
विकास
लक्ष्यहरू

www.unesco.org/publishing • www.unesco.org/gemreport